
## बालविकास सहजकर्ता पेसागत विकास तालिम

# तालिम सहजीकरण पुस्तिका

## (बालबालिकाको सिकाइ तथा विकास मापदण्डमा आधारित)



unicef

Seto Gurans National Child Development Services

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सर्वाधिकार ©

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

## प्राविधिक सहयोग

unicef
संयुक्त राष्ट्र संघीय बालकोष (युनिसेफ), नेपाल
पो.ब. ११८७, संयुक्त राष्ट्र भवन, पुल्चोक, काठमाडौं
सम्पर्क नं. : +९७७-१-५५२३२००
इमेल : Kathmandu@unicef.org

सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा
Seto Gurans National Child Development Services
झम्सीखेल-०३, ललितपुर म.न.पा., बागमती प्रदेश, नेपाल
सम्पर्क नं. +९७७-१-५५५२९७५, ५५५४०१९
इमेल : setogurans@gmail.com
वेभसाइट : www.setoguransncds.org.np
@NcdsSeto Seto Gurans Ncds

## प्रकाशन

प्रथम संस्करण : वि.सं. २०७७ (सन् २०२०)

## मुद्रण प्रति

१,००० प्रति

## सल्लाहकार

डा. तुलसी प्रसाद थपलिया

श्री इम नारायण श्रेष्ठ

श्री अणप्रसाद न्यौपाने

## लेखन समूह

श्री हरि खनाल

डा. मीनाक्षी दाहाल

श्री उमा घिमिरे

श्री भीमा राई

श्री शशी वि.सी.

श्री सचिता सुवाल

## सम्पादन

श्री अनिल मिश्र

श्री रमा अर्याल

डा. दिपु शाक्य

श्री कुन्ती राना

श्री प्रकाश कुमार खरेल

# भूमिका

प्रारम्भिक बाल्यावस्था मानव विकासको आधारशिला हुनुका साथै गुणस्तरीय शिक्षाको सोपान पनि हो । यो बालबालिकाको वृद्धि, विकास तथा सिकाइको जग बसाल्ने दृष्टिकोणले महत्त्वपूर्ण समय हो । प्रारम्भिक बालविकासको दृष्टिकोणले बालबालिकाको उपयुक्त हेरचाह एवम् वृद्धि र विकासका लागि स्वास्थ्य, पोषण, सरसफाइ, सुरक्षा, संरक्षण, उत्प्रेरणा तथा बालसिकाइलाई छुट्टयाउन सकिँदैन किनभने विकास तथा सिकाइका प्रक्रियाहरू समन्वयात्मक ढङ्गबाट सँगसँगै अगाडि बढ्ने क्रममा रहेका हुन्छन् ।

प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम, २०६२) मा निर्दिष्ट गरिए बमोजिम प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाका ४८ देखि ६० महिनाका बालबालिकालाई उनीहरूका सर्वाङ्गीण विकास र औपचारिक शिक्षाका लागि तयारी गराउनु आवश्यक हुन्छ । यस अवधिका लागि निर्धारित एक वर्षे प्रारम्भिक बालविकास तथा सिकाइमा बालबालिकाको सर्वाङ्गीण विकाससँग औपचारिक शिक्षाको पहिलो वर्षको क्रियाकलाप बीच तादाम्य मिलाएर सिकाइ क्रियाकलापहरू समावेश गर्नुपर्ने हुन्छ । "प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड २०६९" ले प्रारम्भिक बालविकासको विद्यालय शिक्षासँग सम्बन्ध सुदृढ गराउने उद्देश्य राखेको छ । यसका लागि ४ वर्ष पुगेका बालबालिकालाई १ वर्षभित्र प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम, २०६२) मा आधारित ५ ओटा मुख्य क्षेत्रहरूलाई समेटेर शारीरिक विकास, सामाजिक विकास तथा संवेगात्मक विकास, बौद्धिक विकास, भाषिक विकास, सांस्कृतिक विकासका सिद्धान्त तथा मूल्य मान्यता बमोजिम क्षेत्र, उपक्षेत्र र विशिष्ट पक्ष केन्द्रित मापदण्ड/स्तर र सूचकमा आधारित क्रियाकलापहरू गराइने उल्लेख गरिएको छ ।

शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत "शिक्षक पेसागत विकासको प्रारूप २०७२" अनुरूप प्रारम्भिक बालविकास सहजकर्ताहरूको पेसागत विकासका लागि **प्रारम्भिक बालविकास सहजकर्ताहरूको पेसागत विकास तालिम पाठ्यक्रम, २०७३** विकास भएको र सोही पाठ्यक्रम अनुरूप **"प्रारम्भिक बालविकास शिक्षा तालिम तथा शिक्षक स्रोत सामग्री, २०७४"** समेत विकास भएको छ र यिनै तालिम सामग्रीका आधारमा प्रारम्भिक बालविकास सहजकर्ताको १५ दिने पेसागत विकास तालिम सञ्चालन हुँदै आएको छ । यसरी **शिक्षक पेसागत विकास प्रारूप, २०७२** को तालिम ढाँचामा पहिलो चरणको १५ दिने तालिम लिइसकेका प्रारम्भिक बालविकास सहजकर्ताहरूलाई सोही प्रारूपअनुरूप दोस्रो चरणको १५ दिने तालिम प्रदान गर्न **"बालविकास सहजकर्ताहरूको शिक्षक पेसागत विकास तालिम पाठ्यक्रम, २०७७"** विकास भएको छ । यो पाठ्यक्रम मूलतः प्रारम्भिक बालसिकाइ तथा विकासमा आधारित छ । सोही पाठ्यक्रममा आधारित भई यो **तालिम सहजीकरण पुस्तिका, २०७७** तयार गरिएको हो । यस पुस्तिकामा ४८ देखि ६० महिनाका बालबालिकाको विकासात्मक तथा शैक्षणिक पक्षको अनुगमन, मूल्याङ्कन तथा अभिलेखीकरणका लागि आवश्यक पर्ने फारामहरूसमेत समावेश गरिएको छ । प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा अध्ययनरत बालबालिकाको गुणस्तरीय तथा प्रभावकारी सिकाइ अभिवृद्धि गर्न प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाका सहजकर्ता, प्रशिक्षक तथा सरोकारवालाहरूका लागि यो पुस्तिका उपयोगी हुने विश्वास लिइएको छ ।

यो तालिम सहजीकरण पुस्तिका शिक्षा तथा मानव स्रोत विकास केन्द्र र युनिसेफ नेपाल तथा सेतो गुराँस राष्ट्रिय बाल विकास सेवाको सहकार्यमा विकास भएको हो । यस तालिम सहजीकरण पुस्तिकाको लेखन, विषयवस्तु सम्पादन र भाषा सम्पादन कार्यमा योगदान गर्नुहुने सबै महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ । बालविकास सहजकर्ताहरूको पेसागत विकास तालिम सञ्चालनलाई बढी प्रभावकारी बनाउन यस तालिम सहजीकरण पुस्तिकालाई अझ बढी व्यावहारिक र उपयोगी बनाउनका लागि यसको उपयोगकर्ता, विज्ञहरूबाट रचनात्मक सुझावको अपेक्षा लिइएको छ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# विषय सूची

| विषयवस्तु | पृष्ठ नं. |
|---|---|
| **१. तालिम सहजीकरण पुस्तिकाको परिचय** | **१** |
| १.१ तालिमको परिचय | १ |
| १.२ तालिमको आवश्यकता | १ |
| १.३ उद्देश्य | २ |
| १.४ तालिमको संरचना | २ |
| १.५ सत्र सञ्चालन प्रक्रिया | २ |
| १.६ आमनेसामने विधिबाट सञ्चालन हुने तालिमको समय तालिका | ३ |
| **२. तालिम सहजीकरण क्रियाकलाप** | **५** |
| **पहिलो दिन** | |
| पहिलो सत्र: तालिमको उद्घाटन र परिचय | ७ |
| दोस्रो सत्र: पूर्वमूल्याङ्कन/कार्य विभाजन/सहभागी मूल्याङ्कनका आधारहरू र प्रारम्भिक बालविकासको अवधारणा र महत्त्व | ९ |
| तेस्रो सत्र: पाठ्यक्रम र राष्ट्रिय न्यूनतम मापदण्ड, २०७७ परिचय तथा महत्त्व | १४ |
| **दोस्रो दिन** | |
| पहिलो सत्र: सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड परिचय, उद्देश्य, औचित्य तथा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको परिचय | २० |
| दोस्रो सत्र: शारीरिक विकासअन्तर्गत स्थूल अङ्ग र सूक्ष्म अङ्गको विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | २३ |
| तेस्रो सत्र: शारीरिक विकासअन्तर्गत इन्द्रिय अङ्गको विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | २९ |
| **तेस्रो दिन** | |
| पहिलो सत्र: सामाजिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | ३३ |
| दोस्रो सत्र: संवेगात्मक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | ३६ |
| तेस्रो सत्र: बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | ४१ |
| **चौथो दिन** | |
| पहिलो सत्र: बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | ४५ |
| दोस्रो सत्र: भाषिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | ५० |
| तेस्रो सत्र: सांस्कृतिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | ५३ |

| विषयवस्तु | पृष्ठ नं. |
|---|---|
| **पाँचौं दिन** | |
| पहिलो सत्र: सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको सूचकसहितको पुनरावलोकन | ५९ |
| दोस्रो सत्र: न्यूनतम मापदण्डअनुसार सिकाइ वातावरण व्यवस्थापन | ६१ |
| तेस्रो सत्र: दैनिक कार्यतालिकाबारे जानकारी तथा प्रयोग | ६४ |
| **छैटौं दिन** | |
| पहिलो सत्र: बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कन | ६७ |
| दोस्रो सत्र: बालबालिकाको व्यक्तिगत विवरणको आवश्यकता र तयारी अभ्यास | ७० |
| तेस्रो सत्र: प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण अभ्यास | ७२ |
| **सातौं दिन** | |
| पहिलो सत्र: प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण अभ्यास | ७७ |
| दोस्रो र तेस्रो सत्र: दैनिक कार्यतालिकाअनुसार प्रशिक्षकबाट कक्षा सञ्चालन र पुनरावलोकन | ७९ |
| **आठौं दिन** | |
| पहिलो सत्र: विषयवस्तु छनौट तथा योजना (कार्ययोजना वितरण) | ८९ |
| दोस्रो र तेस्रो सत्र: प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तयारी | ९१ |
| **नवौं दिन** | |
| पहिलो/दोस्रो र तेस्रो सत्र: प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तथा छलफल | ९५ |
| **दसौं दिन** | |
| पहिलो सत्र: विशेष क्षमता भएका बालबालिका, अपाङ्गता र विशेष परिस्थितिमा भएका बालबालिकाको सिकाइमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको उपयोग | ९९ |
| दोस्रो सत्र: परियोजना कार्यको अभिमुखीकरण तथा कार्ययोजना निर्माण | १०१ |
| तेस्रो सत्र: सहभागी/तालिमको मूल्याङ्कन | १०४ |
| **अध्ययन सामग्री** | **१०६** |
| **सन्दर्भ साभग्री** | **१५४** |

# १ तालिम सहजीकरण पुस्तिकाको परिचय

## १.१ तालिमको परिचय

गुणस्तरीय बालविकास कार्यक्रम सुनिश्चित गर्नका लागि ४८ देखि ६० महिनासम्मका बालबालिकाको सिकाइ तथा विकास मापदण्ड तयार गरिएको हो । यस मापदण्डले बालबालिकाको सिकाइ तथा विकासको स्तर निर्धारण गर्ने साधनको रूपमा कार्य गर्दछ । यस मापदण्डमा बालबालिकाले जान्नै पर्ने वा सिक्नै पर्ने आधारभूत क्षमताका विषयवस्तुहरू समेटिएका छन् । बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक र भाषिक विकासको अवस्था पहिचान गरी उनीहरूका उमेरअनुसारको सिकाइ र विकासका लागि वातावरण तयार गर्न यस मापदण्डले मद्दत गर्दछ । यसले राष्ट्रियदेखि स्थानीय तहसम्मका सरोकारवालाहरूलाई प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको गुणस्तर प्रवर्द्धन तथा सिकाइ व्यवस्थापनका लागि आवश्यक नीति निर्माण र व्यवस्थापन कार्यमा समेत दिशाबोध गराएको देखिन्छ ।

प्रारम्भिक सिकाइ तथा विकास मापदण्डले नेपालमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाहरूको गुणस्तर अभिवृद्धिका लागि निश्चित उमेर समूहका बालबालिकाको सिकाइ तथा विकासको स्तर निर्धारण गर्न र उनीहरूका सर्वाङ्गीण विकास तथा गुणस्तरीय सिकाइमा एकरूपता ल्याउन सहयोग गर्छ । यसका लागि प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाका सहजकर्ताहरूको क्षमता विकास अपरिहार्य सर्त हो । प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड र यसको पाठ्यक्रमसँगको अन्तरसम्बन्धलाई केन्द्रित गरेर तालिम दिने अवधारणाले विकास गरिएको यो तालिम सहजीकरण पुस्तिका नवीनतम प्रयत्न हो । यस तालिम सहजीकरण पुस्तिका अनुरूप प्रभावकारी प्रशिक्षण गर्दा आगामी दिनमा प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाका सहजकर्ताहरूको क्षमता विकासमा अझै प्रभावकारी भई प्रारम्भिक बालविकासको लक्ष्य तथा उद्देश्य पूरा गर्न सहयोग गर्नेछ ।

## १.२ तालिमको आवश्यकता

शिक्षक पेसागत प्रारूप २०७२ ले निर्दिष्ट गरेअनुरूप प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाका सहजकर्ता सबैलाई टिपिडि खाकामा १०+५ दिनको तालिम प्रदान गर्ने लक्ष्यका साथ पहिलो चरणको पेसागत विकास तालिम पाठ्यक्रम २०७३ लागु भइसकेको छ । सोही अनुरूप दोस्रो चरणको पाठ्यक्रम बमोजिम ४८ देखि ६० महिनासम्मका बालबालिकाहरूको सिकाइ तथा विकास मापदण्डमा आधारित प्रभावकारी कक्षा सञ्चालनका लागि यो तालिम सहजीकरण पुस्तिका तयार गरिएको छ । यस पुस्तिकाले बालबालिकाको विकासात्मक तथा शैक्षणिक अवस्था अनुरूप बालविकास केन्द्र सञ्चालन गरी गुणस्तर अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ ।

## १.३ उद्देश्य

यस तालिम सहजीकरण पुस्तिकाको मुख्य उद्देश्य गुणस्तरीय प्रारम्भिक बालविकास सिकाइका लागि सहजकर्ताहरूलाई दिइने तालिमलाई प्रभावकारी तथा व्यवस्थित ढङ्गले सञ्चालन गर्न सहयोग पुऱ्याउनु हो । यस पुस्तिकाको प्रयोगबाट तालिम प्राप्त गर्ने सहजकर्ताहरू देहायका कार्यहरूमा सक्षम हुनेछन् ।

(क) बालबालिकाको सिकाइ तथा विकासको स्तर पहिचान गरी सोअनुसार सहयोग गर्ने वातावरण तयार गर्न,

(ख) बालविकासका लागि आवश्यक क्रियाकलाप निर्धारण तथा प्रयोग गर्ने क्षमता अभिवृद्धि गर्न,

(ग) प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित रही प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको कक्षा सञ्चालन गर्न,

(घ) बालबालिकाको सिकाइ तथा विकासको स्तर मूल्याङ्कन गरी गुणस्तर अभिवृद्धि गर्न,

(ङ) बालबालिकासँग उनीहरूको मनोविज्ञान अनुरूप व्यवहार गर्न ।

## १.४ तालिमको संरचना

(क) यो तालिम १५ दिनको अवधिको हुनेछ। यसको प्रथम खण्ड १० दिनको तालिम कार्यशाला (Training workshop) ढाँचामा आमनेसामने पद्धतिबाट सञ्चालन हुनेछ । यसको दोस्रो खण्ड ५ दिनको स्वाध्याय अभ्यास ढाँचामा आधारित हुनेछ ।

(ख) दोस्रो खण्डको ५ दिने स्वाध्याय अभ्यास (Self study exercise) ढाँचाअन्तर्गत प्रशिक्षार्थीहरूले आफू कार्यरत बालविकास केन्द्रमा आधारित भई ४ ओटा परियोजना कार्य ४५ दिन भित्र सम्पन्न गरिसक्नु पर्नेछ । परियोजना कार्यको सबै प्रतिवेदन पहिलो खण्डको तालिम सम्पन्न भएको ५२ दिन भित्र सम्बन्धित शिक्षा तालिम केन्द्रमा अनिवार्य रूपमा पेश गर्नुपर्नेछ । यसमा मूलतः १० दिने तालिम कार्यशाला खण्डमा सिकाइएका सैद्धान्तिक ज्ञान तथा सीपको व्यवहारिक प्रयोग एवम् प्रशिक्षार्थीको सिर्जनात्मक र प्रवर्धनात्मक क्षमता प्रदर्शन गर्न परियोजना कार्य (Self study exercise) तोकिएको छ ।

## १.५ सत्र सञ्चालन प्रक्रिया

यो तालिम सहभागी केन्द्रित पद्धतिअनुसार सञ्चालन गर्नुपर्नेछ। सोका लागि प्रशिक्षकले निम्नानुसारको तयारी गर्नुपर्नेछ ।

(क) योजना बनाई आवश्यक सामग्री पहिले नै तयार बनाउने,

(ख) क्रियाकलापहरू गराउँदा सहभागीहरूका अनुभवलाई पहिलो प्राथमिकता दिने,

(ग) सहभागीहरूलाई छलफलका क्रममा अनुमान गर्न र तर्क गर्ने अवसर दिने,

(घ) छलफललाई सहभागितामूलक बनाउँदै उचित निष्कर्षमा पुऱ्याएर छोड्ने,

(ङ) तालिम सत्रलाई सहभागीमैत्री बनाउन सान्दर्भिक गीत, कविता, कथाजस्ता क्रियाकलापहरूसँग जोड्ने ।

## १.६ आमनेसामने विधिबाट सञ्चालन हुने तालिमको समय तालिका

| दिन | पहिलो सत्र (समय : १ घण्टा ३० मिनेट) | दोस्रो सत्र (समय : १ घण्टा ३० मिनेट) | तेस्रो सत्र (समय : १ घण्टा ३० मिनेट) |
|---|---|---|---|
| पहिलो दिन | • सहभागी परिचय/उद्घाटन/अपेक्षा सङ्कलन<br>• उद्देश्य | • पूर्वमूल्याङ्कन<br>• कार्य जिम्मेवारी बाँडफाँट /तालिम सञ्चालनका नियमहरू<br>• १० दिने तालिम कार्यशालामा सहभागीहरूको मूल्याङ्कनका आधारहरू<br>• प्रारम्भिक बालविकासको अवधारणा | • पाठ्यक्रम र राष्ट्रिय न्यूनतम मापदण्ड, २०७७ परिचय तथा महत्त्व |
| दोस्रो दिन | • सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड परिचय, उद्देश्य तथा औचित्य तथा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको परिचय | • शारीरिक विकासअन्तर्गत स्थूल अङ्ग र सूक्ष्म अङ्गको विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | • शारीरिक विकासअन्तर्गत इन्द्रिय अङ्गको विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध |
| तेस्रो दिन | • सामाजिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | • संवेगात्मक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | • बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध |
| चौथो दिन | • बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | • भाषिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध | • सांस्कृतिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध |
| पाँचौं दिन | • सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको सूचक सहितको पुनरावलोकन | • न्यूनतम मापदण्डअनुसार सिकाइ वातावरण व्यवस्थापन | • दैनिक कार्यतालिकाबारे जानकारी तथा प्रयोग |
| छैटौं दिन | • बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कन | • बालबालिकाको व्यक्तिगत विवरणको आवश्यकता र तयारी अभ्यास | • प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण अभ्यास |
| सातौं दिन | • प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण अभ्यास | • दैनिक कार्यतालिकाअनुसार प्रशिक्षकबाट कक्षा सञ्चालन र पुनरावलोकन | • दैनिक कार्यतालिकाअनुसार प्रशिक्षकबाट कक्षा सञ्चालन र पुनरावलोकन |

| दिन | पहिलो सत्र (समय : १ घण्टा ३० मिनेट) | दोस्रो सत्र (समय : १ घण्टा ३० मिनेट) | तेस्रो सत्र (समय : १ घण्टा ३० मिनेट) |
|---|---|---|---|
| **आठौँ दिन** | • विषयवस्तु छनौट तथा योजना (कार्ययोजना वितरण) | • प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तयारी | • प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तयारी |
| **नवौँ दिन** | • प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तथा छलफल | • प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तथा छलफल | • प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तथा छलफल |
| **दसौँ दिन** | • विशेष क्षमता भएका बालबालिका, अपाङ्गता र विशेष परिस्थितिमा भएका बालबालिकालाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको उपयोग | • परियोजना कार्यको अभिमुखीकरण तथा कार्ययोजना निर्माण | • सहभागी/तालिमको मूल्याङ्कन |

# २ तालिम सहजीकरण क्रियाकलाप

यस खण्डमा पाठ्क्रममा समावेश भएका विषयवस्तुहरूको आधारमा दस दिने तालिम कार्यशाला सञ्चालनका लागि आवश्यक सहजीकरण क्रियाकलापहरू प्रस्तुत गरिएको छ ।



# पहिलो दिन

**पहिलो सत्र**

- तालिमको उद्घाटन र परिचय

**दोस्रो सत्र**

- पूर्वमूल्याङ्कन/कार्य विभाजन/सहभागी मूल्याङ्कनका आधारहरू र प्रारम्भिक बालविकासको अवधारणा र महत्त्व

**तेस्रो सत्र**

- पाठ्यक्रम र राष्ट्रिय न्यूनतम मापदण्ड, २०७७ परिचय तथा महत्त्व

# तालिमको उद्घाटन र परिचय

**दिन :** पहिलो **सत्र :** पहिलो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा बालबालिका सिकाइ सहजीकरण गर्ने सहजकर्ताहरू बीच एक आपसमा परिचय साटासाट गरी प्रारम्भिक बालविकास सहजकर्ताको पेसागत विकास तालिम कार्यक्रम १० दिनको समग्र उद्देश्य माथि स्पष्ट गराउने जस्ता कार्यहरू यस सत्रमा सञ्चालन गरिने छन् ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न पक्षहरूमा सक्षम हुनेछन्:

१. एक आपसमा परिचय साटासाट गर्न,
२. तालिम कार्यक्रमबाट गरिएको अपेक्षा प्रस्तुत गर्न,
३. तालिम कार्यक्रमको उद्देश्यप्रति परिचित हुन ।

## आवश्यक सामाग्री

| | | | |
|---|---|---|---|
| १. मेटाकार्ड | २. मार्कर | ३. न्युजप्रिन्ट | ४. कार्डबोर्ड पेपर |
| ५. साइन पेन | ६. डालो वा नाङ्लो | ७. मास्किङ टेप | ८. नोटकापी |
| ९. प्रोजेक्टर | | | |

## मुख्य विषयवस्तु

क) तालिमको उद्घाटन
ख) सहभागी परिचय
ग) सहभागी अपेक्षा सङ्कलन, प्रस्तुतीकरण
घ) तालिमको समग्र उद्देश्य माथि प्रकाश पार्ने

## सहजीकरण विधि

- छलफल
- अन्तरक्रिया
- प्रस्तुतीकरण

### सहजकर्ताको पूर्वतयारी

- मनपर्ने र मन नपर्ने क्रियाकलापहरू खोजी गरी नमुनाको रूपमा टिपोट गर्नुहोस् ।
- तालिमको उद्देश्य चार्टपेपरमा मार्करले लेखेर तयार गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप नं. १ (सहभागी परिचय)

- प्रत्येक सहभागीलाई एउटा कागजको टुक्रामा आ-आफ्नो नाम लेख्न लगाउने र ४ पटक पट्याएर डालो वा नाङ्लोमा राख्न लगाउनुहोस् ।
- सहभागीलाई गोलो घेरामा उभिन लगाउनुहोस् ।
- पट्याएका कागजका टुक्राहरूलाई छ्यासमिस् पारेर मिसाउनुहोस् ।
- सहभागीलाई अगाडि बोलाउनुहोस् र नाङलोमा भएका टुक्रामध्येबाट एउटा टिप्न लगाउनुहोस् ।
- जसको नामको टुक्रा आफूसँग परेको छ सोही साथीलाई खोजी साथीका बारेमा तल दिइएका विवरण सोधेर कागजमा लेख्न लगाउनुहोस् र प्रस्तुत गर्न भन्नुहोस् ।
    - नाम
    - ठेगाना
    - आफूले काम गर्ने प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको नाम
    - अनुभव वर्ष/महिना
    - रुचि
    - अत्यन्तै मनपर्ने क्रियाकलाप
    - एकदम मन नपर्ने वा कठिन लाग्ने क्रियाकलाप
- प्रशिक्षकले पालैपालो आफ्नो हातमा नाम परेको साथीलाई चिनाउन समय दिनुहोस् ।
- यसरी चिनिने साथीलाई अरू साथीहरूबाट उठेर अभिवादन गर्न लगाउनुहोस् ।

### क्रियाकलाप नं. २ (अपेक्षा सङ्कलन र उद्देश्य)

यस कार्यका लागि देहायअनुसारका क्रियाकलापहरू गराउनुहोस् ।

- प्रत्येक सहभागीलाई २/२ ओटा मेटाकार्ड दिनुहोस् ।
- आफूले तालिमबाट राखेको अपेक्षाहरूलाई कम्तीमा २ ओटा मेटाकार्डमा लेख्न लगाउनुहोस् ।
- सबैले लेखिसकेपछि भन्न लगाउनुहोस् र प्रशिक्षकले सङ्कलन गर्नुहोस् ।
- विषयअनुसारका अपेक्षा लेखिएका मेटाकार्डहरूलाई एकैतिर राखी समूह बनाएर भित्तामा सबैले देखिने गरी टाँस्नुहोस् ।
- एलसिडी प्रोजेक्टरको माध्यमबाट पूर्व लिखित उद्देश्यहरू स्पष्ट गर्नुहोस् । सहभागीहरूका अपेक्षासँग मिल्यो कि मिलेन सोध्नुहोस् ।

## प्रतिविम्बन

क) तालिमको उद्देश्यको बारेमा भन्नुहोस् ।

ख) पाँच जना साथीहरूको नाम र उनीहरूका रुचि बताउनुहोस् ।

# पूर्वमूल्याङ्कन/कार्य विभाजन/सहभागी मूल्याङ्कनका आधारहरु र प्रारम्भिक बालविकासको अवधरणा र महत्त्व

**दिन :** पहिलो **सत्र :** दोस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

१० दिने पेसागत तालिम कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न आवश्यक तालिम सञ्चालन नियम, सामूहिक प्रयासबाट तय गर्ने र समग्र १० दिने तालिम कार्यक्रमको स्वरूप र के कस्ता क्रियाकलाप गर्नुपर्ने हुन्छ भन्ने बारे प्रस्ट्याउँदै प्रारम्भिक बालविकासको अवधारणा र सोको बारेमा प्रशिक्षार्थीहरूलाई जानकारी गराउने कार्य यस सत्रमा हुनेछ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न पक्षहरूमा सक्षम हुनेछन्:

१. प्रारम्भिक सिकाइ तथा विकास सम्बन्धमा आफ्नो बुझाइ तथा धारणा व्यक्त गर्न,

२. सहभागीमूलक विधिबाट तालिमको नियम तयार गर्न र सोको अवलम्बन गर्न,

३. प्रशिक्षण सञ्चालन विधि र समय तालिका बारे स्पष्ट हुन,

४. प्रारम्भिक बालविकासको परिचय बताउन,

५. प्रारम्भिक बालविकासको महत्त्व भन्न ।

## आवश्यक सामग्री

१. प्रश्नपत्र २. साधा कापी/पाना ३. न्युजप्रिन्ट ४. मार्कर ५. मास्किङ टेप

## मुख्य विषयवस्तु

क) पूर्वमूल्याङ्कन

ख) समूह कार्यविभाजन

ग) सहभागी मूल्याङ्कनका आधारहरू

घ) प्रारम्भिक बालविकासको अवधारणा र महत्त्व

## सहजीकरण विधि

- छलफल विधि
- मस्तिष्क मन्थन
- खेल

## सहजकर्ताको पूर्वतयारी

- पूर्वमूल्याङ्कनका लागि तयार गरिएको निम्न लिखित प्रश्नहरू चार्टपेपरमा लेख्नुहोस् ।

**पूर्वमूल्याङ्कनका लागि प्रश्नहरू**

१. प्रारम्भिक बालविकास भनेको के हो ? सर्वाङ्गीण विकासका पक्षहरू के के हुन् ?

२. प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा कक्षा सञ्चालन गर्दा कस्ता कस्ता कुरामा विशेष ध्यान पुऱ्याउनु पर्दछ ?

३. प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको दैनिक कार्यतालिकामा के के क्रियाकलापहरू पर्दछन् ?

४. विषयवस्तुमा आधारित शिक्षण भनेको के हो ? प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा के कस्ता विषयवस्तुहरूको प्रयोग गरिन्छ ?

५. बालबालिकाको सिकाइ तथा विकास मापदण्ड भनेको के हो ? यस मापदण्डले बालबालिकाको कुन कुन पक्षको मूल्याङ्कन गर्दछ ?

६. प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा बालबालिकाले सिके नसिकेको कुराको कसरी मूल्याङ्कन गर्नुपर्दछ ?

- समूह विभाजनका लागि आवश्यक पर्ने सामग्री तालिम सञ्चालन हुनु अगावै तयार गर्नुपर्दछ ।
- शिक्षक पेसागत विकासको प्रारूप २०७२ अध्ययन गर्नुहोस् ।
- न्युजप्रिन्टमा मूल्याङ्कनका आधारहरू लेखेर ल्याउनुहोस् ।
- सम्भव भएसम्म प्रारम्भिक बालविकासको अवधारणा झल्कने चित्र, पोष्टर सङ्कलन गर्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची १ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप नं. १ (पूर्वमूल्याङ्कन)

- सहभागीहरूलाई पूर्वतयारीका साथ ल्याइएका प्रश्नपत्रहरू दिनुहोस् ।
- यस परीक्षाले उनीहरूलाई जान्ने र नजान्ने भनेर भेदभाव हुने छैन भन्ने कुरामा विश्वस्त बनाउनुहोस् ।
- सहभागीहरूलाई परीक्षाको निश्चित समय तोकी दिनुहोस् ।
- सहभागीलाई सबै प्रश्नको उत्तर नडराई र नआत्तिई दिइएको उत्तरपुस्तिकामा लेख्न अनुरोध गर्नुहोस् ।

- यो सत्रमा सहभागीहरूलाई प्रारम्भिक सिकाइ तथा विकासका सम्बन्धमा उनीहरूलाई जानकारी भएका कुरा निर्धक्क लेख्न लगाउनुहोस् ।
- निर्धारित समय सकिएपछि सबै उत्तरपुस्तिका जम्मा गर्नुहोस् ।

### क्रियाकलाप नं. २ (समूह कार्य विभाजन)

यस कार्यका लागि देहायअनुसारका क्रियाकलापहरू गराउनुहोस् ।

- कक्षा व्यवस्थापनको लागि चार समूह बनाउन लगाउनुहोस् ।
- सहभागीहरूलाई १, २, ३, ४ भन्न लगाई १ भन्ने, २ भन्ने, ३ भन्ने र ४ भन्नेको ४ ओटा समूहमा विभाजन गर्नुहोस् । सबै समूहलाई एक एकजना संयोजक तोक्न लगाउनुहोस् ।
- मेटाकार्डमा प्रतिवेदन, मूल्याङ्कन, मनोरञ्जन र व्यवस्थापन लेखी पट्याएर राख्नुहोस् ।
- प्रत्येक समूहबाट संयोजकलाई अगाडि बोलाउनुहोस् र एकएक ओटा मेटाकार्ड टिप्न लगाउनुहोस् । दिएको जिम्मेवारीअनुसार समूहलाई पहिलो दिनको कार्य गर्न अनुरोध गर्नुहोस् । दोस्रो दिनदेखि जिम्मेवारी क्रमशः अर्को समूहमा जाने र जिम्मेवारी परिवर्तन सत्र सुरु हुनु अगाडि गरिने जानकारी दिनुहोस् ।
- व्यवस्थापनको संयोजकलाई अगाडि बोलाउनुहोस् ।
- तालिमलाई व्यवस्थित, सहज र सहभागीहरूका सक्रियताका लागि सहभागीहरूबाट के गर्ने, के नगर्ने भनेर नियम बनाउन लगाउनुहोस् ।
- सहभागीहरूलाई नियमहरू एक एक गर्दै भन्न लगाउनुहोस् ।
- सहभागीले भनेका कुरालाई एक एक गर्दै न्युजप्रिन्टमा टिप्नुहोस् ।
- कक्षा सञ्चालन समय, सत्रको सुरु, सत्रको बीचमा छोटो विश्राम, खाना तथा खाजाको लागि समय र सत्र अन्त्य गर्ने समय निर्धारण गर्नुहोस् ।
- समयको छुट्टै तालिका बनाई सबैले देख्ने गरी टाँस्नुहोस् ।

### क्रियाकलाप नं. ३ (सहभागी मूल्याङ्कनका आधारहरू)

सहभागीहरूलाई गोलो घेरामा बसाएर तल उल्लेखित बुँदाहरूका विषयमा एक एक गरेर छलफल गर्नुहोस् ।

### तालिममा सहभागी सहजकर्ताको मूल्याङ्कन

तालिममा सहभागी सहजकर्ताको मूल्याङ्कन शिक्षक पेसागत विकासको प्रारूप, २०७२ अनुरूप देहाय बमोजिम हुनेछ ।

१) एक सहभागी बालशिक्षकले पाउने दुई चरणको तालिमका लागि ५०, ५० अङ्क पाउने गरी जम्मा १०० अङ्कका आधारमा मूल्याङ्कन गरिने छ ।

२) एउटा चरणको ५० अङ्कमा तालिम केन्द्रबाट सञ्चालन हुने तालिमका गतिविधि र लिखित जाँचका लागि ४० अङ्क र प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा हुने स्वअभ्यास तथा परियोजना कार्य र प्रतिवेदनका लागि १० अङ्क छुट्याइने छ ।

## तालिममा सहभागी मूल्याङ्कनका आधारहरू

### क) तालिम केन्द्रमा आधारित १० दिने आमनेसामने तालिममा सहभागी मूल्याङ्कनका आधारहरू

१) तालिम केन्द्रबाट सञ्चालन गरिने तालिममा ४० अङ्कको मूल्याङ्कनका आधार निम्नानुसार हुनेछः

- उपस्थिति : ३ अङ्क
- अनुशासन र तालिम कक्षको नियम (हाउस रुल) पालना : २ अङ्क
- तालिम कक्षमा समूह कार्य, व्यक्तिगत कार्य र गृहकार्य आदिमा रुचि र दक्षता : १० अङ्क
- दसौँ दिनमा सञ्चालन हुने लिखित परीक्षा : २५ अङ्क

२) पच्चीस अङ्कको लिखित परीक्षाका लागि दस ओटा बहुवैकल्पिक प्रश्नमा ५ अङ्क, पाँच ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्नमा १५ अङ्क र एउटा लामो उत्तरात्मक प्रश्नमा ५ अङ्क छुट्याइने छ ।

### ख) प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा आधारित ५ दिने कार्यभारको स्वअभ्यास तथा परियोजना कार्यमा सहभागी मूल्याङ्कनका आधारहरू

प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा आधारित ५ दिने कार्यभारको स्वअभ्यास तथा परियोजना कार्यमा सहभागी मूल्याङ्कनका लागि १० अङ्क छुट्याइने छ । अभ्यास तथा परियोजना कार्यको मूल्याङ्कनका आधारहरू निम्नानुसार हुनेछन् ।

- प्रतिवेदनको समग्र स्वरूप र स्तरीयता
- कक्षा अवलोकन र प्राप्त पृष्ठपोषणको कार्यान्वयन गरिएको पुष्टि
- १५ ओटा दैनिक सिकाइ क्रियाकलाप योजनाको खाका
- परियोजना कार्य सम्पादन
- प्रधानाध्यापकबाट प्रतिवेदन प्रमाणित

## क्रियाकलाप नं. ४ (प्रारम्भिक बालविकासको अवधारणा र महत्त्व)

क) प्रारम्भिक बालविकासको धारणा र महत्त्व बोध गराउन देहायअनुसारका क्रियाकलापहरू गराउनुहोस् ।

- सहभागीहरूलाई प्रारम्भिक बालविकास भनेको के हो ? भन्ने विषयमा उनीहरूका अनुभव र बुझाइलाई एक एक वाक्यमा मेटाकार्डमा लेखी टाँस गर्न लगाउनुहोस् ।
- मेटाकार्डमा टाँस भएका प्रारम्भिक बालविकाससम्बन्धी अवधारणालाई छलफल गराउँदै निष्कर्षमा पुऱ्याउनुहोस् ।

- गर्भवती महिलाको चित्र प्रदर्शन गर्दै त्यस अवस्थामा गर्भवती महिलाले पाउने स्याहार सुसार र उचित खानासँग आमा र गर्भस्थ शिशुको के सम्बन्ध हुन्छ होला भन्ने विषयमा छलफल गराउनुहोस् । स्वास्थ र कुपोषित बालबालिकाको चित्र प्रस्तुत गर्दै ती दुई बालबालिकाको विकास र भावी जीवनमा के कस्ता अन्तर हुन्छन् होला ? यस्तो नहुनका लागि ध्यान पुऱ्याउनु पर्ने पक्षहरू के के होलान् भनेर सहभागीसँग प्रश्नोत्तर गर्नुहोस् ।

ख) प्रशिक्षकले मस्तिष्क विकास हुने निम्नानुसारका क्रियाकलाप गराउनुहोस् ।

- मस्तिष्क विकासका चित्र प्रस्तुत गर्दै त्यसमा प्रभाव पार्ने पक्षहरू वा तत्त्वहरूको पहिचान गराउनुहोस् । प्रस्तुत गर्भवती महिला, स्वास्थ र कुपोषित बालबालिका र मस्तिष्क विकासका पक्षहरूसँग बालविकासका कार्यक्रमहरू कसरी सम्बद्ध छन् भन्ने छलफल गराउँदै बालविकास कार्यक्रमको महत्त्वको विषयमा प्रकाश पार्न लगाउनुहोस् ।
- विशेषगरी प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा गरिने क्रियाकलापले बालबालिकाको सर्वाङ्गीण विकासमा कसरी योगदान पुग्न सक्छ भन्ने विषयमा छलफल केन्द्रित गर्नुहोस् । (यो विषयको विस्तृत जानकारीको लागि टिपिडी मोडल १ को अध्ययन सामग्री अध्ययन गर्नुहोस्)

ग) प्रारम्भिक बालविकासको क्षेत्रमा गरिने लगानीले पुऱ्याउने फाइदाहरूका सम्बन्धमा सहभागीहरूबाट प्राप्त बुँदागत टिपोटका आधारमा छलफल गर्ने गराउनुहोस् ।

## प्रतिविम्बन

क) छलफलबाट नयाँ कुरा के सिकियो ?

ख) कार्यशालामा सहभागीको मूल्याङ्कनका आधारहरू के के हुन् ?

ग) प्रारम्भिक बालविकास भनेको के हो ? र यो किन महत्त्वपूर्ण छ ?

घ) के यो छलफलले अभिभावक र अन्य सरोकारवालालाई प्रारम्भिक बालविकासको महत्त्व बताउन सघाउँछ कसरी ?

ङ) यो सत्रमा छलफल गर्न कुनै पक्ष वा विषय छुटेको छ ? छ भने त्यो के होला ?

# पाठ्यक्रम र राष्ट्रिय न्यूनतम मापदण्ड, २०७७ परिचय तथा महत्त्व

**दिन :** पहिलो　　**सत्र :** तेस्रो　　**समय :** १ घण्टा ३० मिनेट

## परिचय

प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाका बालबालिकाको सिकाइ सहजीकरण गर्ने प्रयोजनका लागि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्रले बालविकास पाठ्यक्रम र राष्ट्रिय न्यूनतम मापदण्ड, २०७७ कार्यान्वयनमा ल्याएको छ । यसै सन्दर्भमा रही यस सत्रमा सोको बारेमा प्रशिक्षार्थीलाई जानकारी गराइने छ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न पक्षहरूमा सक्षम हुनेछन्:

१. पाठ्यक्रमको विषयमा परिचित हुन,
२. पाठ्यक्रम र विषयवस्तुको सम्बन्ध तथा महत्त्व बताउन,
३. न्यूनतम मापदण्डको विषयमा परिचित हुन,
४. न्यूनतम मापदण्डअनुसारको कक्षा व्यवस्थापन गर्न तत्पर हुन ।

## आवश्यक सामग्री

१. पाठ्यक्रम र विषयवस्तु लेखिएको लिखित सामग्री
२ प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको राष्ट्रिय न्यूनतम मापदण्ड पुस्तक

## मुख्य विषयवस्तु

क) पाठ्यक्रम तथा विषयवस्तुको परिचय तथा महत्त्व
ख) प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको राष्ट्रिय न्यूनतम मापदण्डको परिचय र कक्षाकोठा व्यवस्थापन

## सहजीकरण विधि

- छलफल
- मस्तिष्क मन्थन
- खेल
- समूहकार्य

## सहजकर्ताको पूर्वतयारी

- प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको पाठ्यक्रम र राष्ट्रिय न्यूनतम मापदण्ड २०७७ अध्ययन गरेर आउनुहोस् ।
- उक्त मापदण्डमा रहेको बुँदाहरू न्युजप्रिन्टमा लेखेर वा स्लाइड बनाएर ल्याउनुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची २ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप नं. १

**देहायअनुसारका क्रियाकलापहरू गराउनुहोस् ।**

- पाठ्यक्रम नै सिकाइ क्रियाकलापको प्रमुख मेरुदण्ड हो । बालबालिकालाई सन्तुलित विकास र निरन्तर सिकाइको लागि योजनवद्ध तरिकाले अघि बढाउन र अपेक्षित उपलब्धि हासिल गर्न पाठ्यक्रम एक महत्त्वपूर्ण दस्ताबेज हो भनेर बताइदिनु पर्दछ ।
- पाठ्यक्रमको अंश विषय Theme हो, विषय भन्नु नै वातावरणसँग प्रत्यक्षीकरण गराउने माध्यम हो । वातावरणसँग प्रत्यक्षीकरण गराउनु बालबालिकाले सिक्नु हो । सिकाइबाट अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ भनी जानकारी गराउनुहोस् ।
- प्रत्येक बालक वा बालिका फरक हुन् तथापि एक निश्चित तहका बालबालिकाबाट पाठ्यक्रमले निर्धारण गरेको अपेक्षित उपलब्धि पूरा गरेको हुनुपर्दछ । त्यो निर्दिष्ट सिकाइ उपलब्धि नै पाठ्यक्रमको लक्ष्य र सिकाइ तथा विकास मापदण्ड हो भनि बुझ्नु पर्दछ भन्ने जानकारी दिनुहोस् ।
- विषय शृङ्खला भनेको Thematic Approach भनेर अङ्ग्रेजीमा बुझिन्छ जसमा बालबालिकाले जानेको विषयवस्तुबाट सुरु गरेर उनीहरूको सिकाइलाई क्रमशः सरलबाट जटिलतर्फ लैजाने एकपछि अर्को विषयहरूको सँगालो हो । बालबालिकालाई एउटै विषयको पनि व्याख्या गर्ने, बुझाउने फरक फरक तरिका हुन्छन् । विषयवस्तुलाई क्रियाकलापमार्फत एक आपसमा सम्बन्धित गराइन्छ । जस्तै : एउटै विषय यातायातको बारेमा कथा, गीत, कविता भनेर, खेल वा अन्य क्रियाकलापबाट बालबालिकाले अन्य विषयहरूको सिकाइ गर्दै लैजानु विषय शृङ्खला हो भनी जानकारी दिनुहोस् ।
- सहभागीहरूले व्याख्या गरेपश्चात् आफूले तयार पारेको स्लाइड वा न्युजप्रिन्टमा लेखिएको व्याख्या गर्नुहोस् ।

क) सहभागीहरूलाई ३ समूहमा विभाजन गर्नुहोस् । विभाजित समूहलाई पाठ्यक्रम, विषयवस्तु र दैनिक कार्ययोजना लेखिएको एउटा एउटा कार्ड टिप्न लगाउनुहोस् ।

ख) ३ ओटा समूहलाई कागजका टुक्राहरूमा लेखिएका वाक्यहरू पढेर ती कुनसँग सम्बन्धित छन् ? छुट्याउन लगाउनुहोस् जस्तैः

- पूर्वप्राथमिक तहमा प्राप्त गरिने शैक्षिक लक्ष्यहरू

- प्रत्येक दिन सहजकर्ताले के गर्ने भनेर बनाइएको योजना
- व्यक्तिगत दैनिक डायरी
- आषाढ महिना धान  रोप्ने मौसम भएकाले "बोट बिरुवा"
- राष्ट्रले निर्धारण गरेको उमेरगत र तहगत  रूपमा हासिल गर्नुपर्ने अपेक्षित शैक्षिक उपलब्धिहरू
- एक हप्ताभरि छलफल गरिने सिकाइका लागि छनौट गरिएका शीर्षक
- हाजिरी, प्रार्थना, खाजा, सरसफाइ
- विषयवस्तुसँग प्रयोग गरिने शैक्षिक सामग्री तयारी
- बालबालिकाको बौद्धिक, शारीरिक, सामाजिक र संवेगात्मक विकास गर्न तयार पारिएको
- सुरक्षित सफा पानीको उचित व्यवस्था गर्नु
- गीत, कथा, कविता, चित्र, नाटक, अवलोकन, खेलजस्ता फरक फरक विधि अपनाउनु

ग) माथिका वाक्यहरूलाई ३ ओटा समूह (पाठ्यक्रम, विषयवस्तु र दैनिक कार्ययोजना) मा वर्गीकरण गरी आ-आफ्नो समूहले पढेर सुनाउनुहोस् ।

घ) यदि कुनै वाक्य उक्त समूहसँग अमिल्दो भएमा कुन समूहसँग मेल खान्छ बताइदिनुहोस् ।

## क्रियाकलाप नं. २

देहायअनुसारका क्रियाकलापहरू गराउनुहोस् ।

- अबको छलफल दैनिक पाठयोजना सम्बन्धमा हुनेछ भनेर सहभागीहरूलाई बताउनुहोस् ।
- पाठ्यक्रमको विषयमा छलफल गरेर स्पष्ट धारणा बनाइसकेपछि कक्षा सञ्चालनको लागि उमेर र तहअनुसार पाठयोजना निर्माण गर्नुपर्ने कुराको जानकारी गराउनुहोस् ।
- किसानले मकै बालीको उत्पादन गर्न बनाएको वृहद योजनालाई पाठ्यक्रमको रूपमा उदाहरण बनाउनुहोस् । मकै फलाउनु किसानको लक्ष्य हो । अब यसका लागि कुन महिनामा खेतबारी जोत्ने, ककसको सहायता लिने, मल बिउ कहिले ठीक पार्ने ? कस्तो बिउ रोप्ने ? कहिले बिउ रोप्ने ? यसका लागि के के साधनहरू चाहिन्छन् ती साधनको कसरी प्रयोग गर्ने भन्ने सम्मका कुराहरू किसानको योजना हो भनेर प्रस्ट पार्नुहोस् ।
- योजनाअनुसार फागुनमा रोप्ने, चैत्र बैशाखमा गोड्ने, छाँट्ने, पानी लगाउने आदि निर्धारित समयमा गरिने काम भनेको हामीले बालविकास/पूर्वप्राथमिक शिक्षा केन्द्रहरूमा बालबालिकालाई गराउने सिकाइ क्रियाकलापहरू जस्तै हुन् । निर्धारित योजनाअनुसार काम गर्नु भनेको पाठ्यक्रम कार्यान्वयन गर्नु हो ।
- किसानले आफ्नो इच्छाअनुसार अगाडि वा पछाडि नगरेर उपयुक्त समयानुसार नै मिलाएर खेतीपातीको काम गर्नुपर्छ वा गर्छ । त्यसरी नै शिक्षक/सहजकर्ताले कुन महिनामा ? कुन विषयवस्तु ?, कति दिनमा ? कसरी सिकाउने ? भनेर गरिने तयारी मासिक कार्ययोजना हो भनी स्पष्ट बताउनुहोस् ।

- यसै गरी मासिक कार्ययोजनाका आधारमा साप्ताहिक, साप्ताहिक योजनाका आधारमा दैनिक कार्ययोजना बनाउनुपर्दछ । जस्तै : यातायात विषयलाई कक्षामा कसरी लैजाने त्यसको योजना बनाउन पर्ने हुन्छ । जस्तो : यातायात विषय बुझाउन कस्तो कथा बनाउने ? कस्ता कविता सुनाउने ? के के सामग्री प्रयोग गर्ने ? कस्ता कस्ता ज्ञान दिने ? यस्ता सिकाइका लागि एकै दिन क्रियाकलाप गराउन सम्भव नहुन सक्छ । कति दिनमा सक्न उपयुक्त हुन्छ सोहीअनुसार योजना बनाउनु पर्नेहुन्छ ।

**दैनिक कार्ययोजनाको खाका**

विषयवस्तु : ..................महिना................

| हप्ता | दिन | क्रियाकलाप | उद्देश्य | विधि | सामग्री | समय | मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|
| प्रथम | पहिलो दिन | कविता | बालबालिकाले कम्तीमा २ ओटा शब्द सिक्ने । | चुट्की बजाएर | कविता लेखिएको चार्ट | २० मिनेट | बालबालिकाले २ ओटा शब्द सिके । |
| | दोस्रो दिन | कथा | बालबालिकाले कम्तीमा ४ ओटा शब्द भण्डारण गर्न सक्ने । | पपेटको प्रयोग गरेर कथा भन्ने | पपेट | ३० मिनेट | बालबालिकाले ४ ओटा शब्द भण्डारण गर्न सके । |
| | | ....... | | ........... | ......... | ......... | |

- दैनिक क्रियाकलापमा गीत, कथा, कविता, अवलोकन भ्रमण, प्रारम्भिक साक्षरता, गणितीय सीप सबै क्रियाकलापहरू र समयावधि पाठ्यक्रममा उल्लेख गरेको छ । जसअनुसार विषयवस्तुको क्षेत्र, गहिराइ हेरेर हप्ता दिन वा बढी पनि लगाउन सकिन्छ भन्ने कुरामा छलफल गर्नुहोस् ।
- प्रत्येक दिन कसरी कक्षा सञ्चालन गर्ने भनी पूर्वरूपमै तयारी गरिएको योजनालाई दैनिक पाठयोजना भनिन्छ भनेर बताउँदै सबै सहभागीहरूलाई दैनिक पाठयोजना बनाउन लगाउनुहोस् । यसको लागि एक दिनको लागि पाठयोजना बनाउनको लागि विषय दिनुहोस् ।

## क्रियाकलाप नं. ३

- सहभागीहरूलाई ६ समूहमा विभाजन गर्नुहोस् ।
- पहिलो समूहलाई न्यूनतम मापदण्डको पृष्ठभूमि, उद्देश्य र कार्यान्वयनका लागि विभिन्न निकायहरूको भूमिका अध्ययन गर्न दिनुहोस् ।
- दोस्रो समूहलाई भौतिक वातावरण भित्रको भित्री र बाहिरी दुवै अध्ययन गर्न दिनुहोस् ।
- तेस्रो समूहलाई बालसिकाइ तथा बालविकास क्रियाकलाप अध्ययन गर्न दिनुहोस् ।
- चौथो समूहलाई जनशक्ति व्यवस्थापन, अनुगमन तथा निरिक्षण, सुपरिवेक्षण, स्थलगत सहायता तथा कक्षा मूल्याङ्कन सबै अध्ययन गर्न दिनुहोस् ।
- पाँचौं समूहलाई बालस्वास्थ्य र पोषण, सरसफाइ तथा सुरक्षा अध्ययन गर्न दिनुहोस् ।

- छैटौं समूहलाई व्यवस्थापन तथा सुशासन अध्ययन गर्न दिने र सबै समूहलाई परेको बुँदाहरू अर्को समूहलाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- विभाजित सहभागीहरूलाई आ-आफ्नो प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा न्यूनतम मापदण्ड भित्रका के के वातावरण छन् र के के छैनन् टिपोट गर्न लगाउनुहोस् ।

## प्रतिविम्बन

१. पाठ्यक्रमसँग सम्बन्धित :

क) पाठ्यक्रम किन आवश्यक पर्छ ?

ख) पाठ्यक्रम र विषयवस्तु बीच के कस्तो सम्बन्ध छ ? बालबालिकाको सिकाइ र विकासका लागि कस्तो पाठ्यक्रम आवश्यक हुन्छ ?

ग) दैनिक कार्यतालिकाअनुसार कसरी पाठयोजना तयार गर्नुपर्दछ ?

२. न्यूनतम मापदण्डसँग सम्बन्धित:

क) न्यूनतम मापदण्ड भनेको के हो ?

ख) यस भित्र कतिओटा क्षेत्रहरू पर्दछन् ?

ग) आ-आफ्नो प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा न्यूनतम मापदण्ड भित्रका के के वातावरण छन् र के के छैनन् भन्नुहोस् ।

# दोस्रो दिन

**पहिलो सत्र**

- सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड परिचय, उद्देश्य, औचित्य तथा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको परिचय

**दोस्रो सत्र**

- शारीरिक विकासअन्तर्गत स्थूल अङ्ग र सूक्ष्म अङ्गको विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

**तेस्रो सत्र**

- शारीरिक विकासअन्तर्गत इन्द्रिय अङ्गको विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

# सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड परिचय, उद्देश्य, औचित्य तथा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको परिचय

**दिन :** दोस्रो **सत्र :** पहिलो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

यस सत्रको तालिमले सहजकर्ताहरूलाई प्रारम्भिक सिकाइ तथा विकास मापदण्डसँग परिचित बनाउने र यसको पाठ्यक्रमसँगको सम्बन्ध बोध गराउने र प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणमा रहेका बीस ओटा सूचकहरू प्रारम्भिक बालविकास तथा सिकाइ मापन गर्ने मूल आधार भएकाले ती सूचकहरूसँग परिचित गराउन र त्यसको व्यवहारिक प्रयोगका उपायहरू पहिचान गराउने भएकाले सोहीअनुसारका क्रियाकलापहरू गराउने गरी सत्र निर्धारण गरिएको छ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरूमा सक्षम हुनेछन्:

१. प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको उद्देश्य तथा औचित्य बताउन,

२. प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणसँग परिचित हुन ।

## आवश्यक सामग्री

१. प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड पुस्तिका

२. प्रारम्भिक बालविकास पाठ्यक्रम

३. प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण फाराम

४. मेटाकार्ड

५. न्युजप्रिन्ट

६. मार्कर

## मुख्य विषयवस्तु

क) सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड परिचय, उद्देश्य तथा औचित्य

ख) प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको परिचय

## सहजीकरण विधि

- छलफल
- समूह कार्य
- प्रदर्शन
- प्रश्नोत्तर

### सहजकर्ताको पूर्वतयारी

- ४८ देखि ६० महिनाका बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड पुस्तिका तालिम अगावै साथमा लिएर आउनुहोस् ।
- प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण सहभागी सङ्ख्याअनुसार जम्मा गर्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची १ मा रहेको छ, अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप नं. १

**सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड परिचय, उद्देश्य तथा औचित्य सम्बन्धित क्रियाकलापः**

यस कार्यका लागि देहायअनुसारका क्रियाकलापहरू गराउनुहोस् ।

- सहभागी केन्द्रित विधिबाट सत्र सञ्चालन गर्नुहोस् ।
- सहभागीहरूले भन्ने कुरा छलफल तथा प्रस्तुतीकरणमा अपनाउनुहोस् ।
- सहभागीलाई सात समूहमा विभाजन गर्नुहोस् ।
- हरेक समूहलाई एक एक ओटा प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड पुस्तिका वितरण गर्नुहोस् ।
- एक समूहलाई मापदण्डको पहिलो र दोस्रो पृष्ठ अध्ययन गर्न लगाउनुहोस् । बाँकी ६ समूहलाई प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा उल्लेखित ६ ओटा क्षेत्र र ती अन्तर्गत रहेका उपक्षेत्र, मापदण्ड, स्तर र मुख्य सूचकहरू हेर्न लगाउनुहोस् ।
- हरेक समूहलाई आफूहरूले गरेको अध्ययनबाट देखेका कुरा समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । प्रशिक्षकले छलफललाई निष्कर्षमा पुऱ्याउँदा ती क्षेत्रहरूको उपयोगिता र उपयोग सिकाइमा कसरी गरिन्छन् ? हरेक क्षेत्रहरूको आपसी सम्बन्ध कस्तो हुन्छ भनेर कुनै क्रियाकलापको उदाहरण दिएर बुझाउनुहोस् ।

## क्रियाकलाप नं. २

**प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको परिचय सम्बन्धित क्रियाकलापः**

सहभागीहरूलाई देहायअनुसार क्रियाकलापहरू गराउनुहोस् ।

- सहभागीहरूलाई समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण फाराम वितरण गर्नुहोस् ।
- सबै सहभागी समूहलाई प्रगति विवरण फाराममा दिइएका २० सूचकहरूको अध्ययन गर्न दिनुहोस् ।
- प्रगति विवरण फाराममा भएका वोध गर्न कठिन लाग्ने कुनै सूचक वा पक्ष भए सोध्नुहोस् र एकआपसमा छलफल गरी प्रस्ट पार्नुहोस् ।
- यस प्रगति विवरण फारामको प्रयोग गर्न कतिको सहज हुन्छ ? असहज हुने कुनै सूचक तथा पक्ष छ कि ? छलफल गरी समस्या भए समाधानका उपाय निकाल्न मद्दत गर्नुहोस् ।

## प्रतिविम्बन

क) यस सत्रमा सिकिएका मुख्य मुख्य कुराहरू के के हुन् ?

ख) प्रारम्भिक बालविकास तथा सिकाइ मापदण्ड किन बनाइएको रहेछ ?

ग) यो सत्रबाट तपाइँले कुन नयाँ कुरा सिक्नुभयो जुन तपाइँको कार्यक्षेत्रमा उपयोगी हुन्छ ?

घ) यो सत्रलाई थप उपयोगी गराउन के गरिएको भए हुन्थ्यो होला ? कुनै सुझाव छ कि ?

ङ) यस्ता क्रियाकलापहरू गराउन आइपर्ने कठिनाइहरू के के हुन सक्छन् ?

# शारीरिक विकासअन्तर्गत स्थूल अङ्ग र सूक्ष्म अङ्गको विकास र अन्य विकासात्मक क्षेत्रहरुसँगको सम्बन्ध

**दिन :** दोस्रो | **सत्र :** दोस्रो | **समय :** १ घण्टा ३० मिनेट

## परिचय

बालबालिकाको उमेर र अवस्थाअनुसार शरीरको तौल तथा उचाइ बढ्नुलाई शारीरिक वृद्धि भनिन्छ भने शारीरिक सक्रियताको साथै शरीरको अङ्गले गर्नुपर्ने क्रियाकलापलाई शारीरिक विकास भनिन्छ। बालबालिकाको शारीरिक विकास गर्न आवश्यक पर्ने स्थूल अङ्गको विकास र सूक्ष्म अङ्गको विकास गर्ने क्रियाकलापको प्रयोग यस सत्रमा गरिन्छ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

१. बालबालिकाहरूको शरीरका स्थूल अङ्गहरूको तन्दुरुस्ती तथा समन्वय गराउने सीप सिक्न,
२. शारीरिक विकासका उपक्षेत्रहरूलाई पहिचान गर्न,
३. शारीरिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको अन्तरसम्बन्ध बताउन,
४. बालबालिकाको सूक्ष्म मांसपेशीय अङ्गहरूको समन्वय र सञ्चालन गराई आँखा र हातको समन्वय गराउने खालका क्षमता विकास गराउने सीप सिक्न,
५. शारीरिक विकासका उपक्षेत्रहरूलाई पहिचान गर्न,
६. शारीरिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको अन्तरसम्बन्ध बताउन ।

## आवश्यक सामग्री

१. न्युजप्रिन्ट    २. मार्कर    ३. खेल फित्ता वा डोरी वा फल्याक
४. मेटाकार्ड    ५. रङ भर्नका लागि हाँस, कुखुरा, परेवा र सुगाको A4 साइजको चित्र
६. साइनपेन    ७. न्युजप्रिन्ट    ८. मास्किङ टेप
९. च्यात्न र मिलाउनका लागि रङ्गीचङ्गी कागजहरू
१०. गम वा माड    ११. कैँची
१२. पट्याउने, छुट्याउने र राख्नका लागि स-साना रुमालका टुक्राहरू
१३. विभिन्न आकारका पातहरू राख्नका लागि सानो नाङ्लो
१४. उन्न, बुन्न र गन्नका लागि ऊन    १५. काठका लट्ठी
१६. दुई ओटा सिन्का    १७. पात र लप्सी वा स-साना ढुङ्गा ।

## मुख्य विषयवस्तु

क) स्थूल अङ्गको विकास

ख) सूक्ष्म अङ्गको विकास

## सहजीकरण विधि

- मस्तिष्क मन्थन
- खेल
- समूह छलफल

### सहजकर्ताको पूर्वतयारी

- यो सत्र सञ्चालन गर्नु भन्दा पहिला राम्रोसँग स्थूल अङ्ग र सूक्ष्म अङ्गको विकास गर्न आवश्यक पर्ने क्रियाकलापका बारेमा अध्ययन गर्नुहोस् ।
- सत्र सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरू नाङ्लो र कचौरामा तयार गरेर राख्नुहोस् ।
- खेल फित्ता एउटा नाङ्लोमा सहभागीअनुसार तयार गरेर राख्नुहोस् ।
- यदि पर्याप्त खेल फित्ता नभएमा डोरी वा फल्याकको व्यवस्था गर्नुहोस् ।
- सुगा, हाँस, कुखुरा र परेवाको A4 साइजमा रङ भर्न मिल्ने गरी बनाइएका चित्र सहभागी सङ्ख्याअनुसार तयार पार्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची ३ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप नं. १ (शारीरिक विकासको परिचय)

- यो सत्र सञ्चालन गर्नु भन्दा पहिला सहभागीले राम्रोसँग स्थूल अङ्गको विकास गर्न आवश्यक पर्ने क्रियाकलापको बारेमा छलफल गराउनुहोस् ।
- प्रत्येक विषयमा स्थूल अङ्ग सञ्चालन हुने गरि क्रियाकलाप गर्न लगाउनुहोस् । जस्तै : बोटविरुवा विषयमा सिकाइ क्रियाकलाप गराउँदा उफारेर पात छुन लगाउनुहोस् । म र मेरो शरीर विषयमा क्रियाकलाप गराउँदा शरीरका अङ्गहरू छुन लगाउनुहोस् । मेरो ठाउँ विषयमा सिकाइ सञ्चालन गर्दा छिमेकीको घर घुमाउन लैजानुहोस र हाम्रो वातावरण विषयमा क्रियाकलाप गराउँदा किराफट्याङ्ग्रा, चराचुरुङ्गी, जनावरहरूको अभिनय गर्दै हिँड्न, उफ्रन लगाउनुहोस् ।
- सहभागीहरूलाई गोलाकारमा राख्नुहोस् । सर्वाङ्गीण बालविकास भन्नाले के बुझ्नुहुन्छ ? भनेर सोध्नुहोस् । उनीहरूले दिएको जवाफमा थप्दै बताउनुहोस् । गर्भावस्थादेखि आठ वर्षसम्मका बालबालिकाको उमेरअनुसार शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक र सांस्कृतिक विकासमा आउने सकारात्मक परिवर्तन र परिपक्वता नै सर्वाङ्गीण विकास हो । यी ६ ओटा विकास एक अर्कासँग अन्तरसम्बन्धित हुन्छन् र सबै विकास उमेरअनुसार हुनु अति आवश्यक छ भन्दै आफूले

पनि थप्दै जानुहोस् र जोडनुहोस् कि अब हामी यसै सर्वाङ्गीण विकासमध्ये शारीरिक विकासको बारेमा छलफल गर्नेछौं ।

- शारीरिक विकास भनेको के हो ? शारीरिक विकासअन्तर्गत के के उपक्षेत्रहरू समेटिएका छन् भनी छलफल गराउनुहोस् ।
- बालबालिकालाई शारीरिक विकास गराउने क्रियाकलापहरू के के हुन सक्छन् र निम्नानुसार उल्लेखित क्रियाकलाप (क्रियाकलाप नं. २) गराउँदा अन्य पक्षको विकास पनि सँगसँगै हुन्छ भनेर छलफल गर्नेछौं भन्नुहोस् र सत्र सुरु गर्नुहोस् ।

## क्रियाकलाप नं. २

- सहभागीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् (रातो, नीलो, हरियो र पहेँलो समूह) । प्रत्येक विभाजित समूहलाई स्थूल अङ्गको विकास गर्ने क्रियाकलापहरू न्युजप्रिन्टमा लेख्न दिई टाँस गर्न लगाउनुहोस् ।
  - सहभागीहरूले लेखेको बुँदामा छलफल गर्ने र प्रशिक्षकले थप पृष्ठपोषणमा स्थूल अङ्गको विकास भन्नाले बालबालिकाको ठूला मांसपेशी, हात, गोडा तथा पाखुराको समन्वय र सन्तुलन गर्ने क्षमताको विकास हो भन्नुहोस् ।
  - वस्तु एवम् खेलौना समात्ने र फाल्ने, उफ्रने, कुद्ने, दौडने, हिँड्ने जस्ता क्रियाकलाप गर्नाले उनीहरूको स्थूल अङ्गको विकास हुन्छ भनी प्रष्ट पार्नुहोस् । यस्ता अरू के के क्रियाकलाप हुन सक्छन् ? सहभागीहरूसँग नै सोध्नुहोस् ।
  - चार रङको खेल फित्तालाई भुईंमा बाङ्गोटिङ्गो गरेर गोलाकारमा (ठूलो गोलो रातोको, दोस्रो गोलो हरियोको, तेस्रो गोलो पहेँलोको र चौथो गोलो नीलो रङको) खेल फित्ताको बनाउनुहोस् र भुईंमा बिछ्याउनुहोस् ।
  - बाजाको तालमा टाउकोमा क्रमशः कापी, रिङ, बल आदि राखेर हिँड्न लगाउनुहोस् । यसैगरी समूह बदल्दै लैजानुहोस् ।
  - खेल फित्तालाई १/१ फिटको दूरीमा (फरक फरक रङको) सिधा गरेर राख्नुहोस् र सहभागीहरूलाई उफ्रेर खेल फित्तामा टेक्न लगाउनुहोस्, हिँड्न लगाउनुहोस्, उल्टो हिँड्न लगाउने जस्ता क्रियाकलापहरू गराउनुहोस् ।
- सहभागीहरूलाई पहिले नै निर्धारित समूहअनुसार कार्य विभाजन गर्नुहोस् । पहिलो समूहलाई कुखुरा जस्तै गरेर कराउँदै उड्न लगाउनुहोस्, दोस्रो समूहलाई हाँस जस्तै गरेर कराउँदै हिँड्न लगाउनुहोस्, तेस्रो समूहलाई परेवा जस्तै गरेर कराउँदै उड्न लगाउनुहोस् र चौथो समूहलाई सुगा जस्तै गरेर कराउँदै उडे जस्तो गर्न लगाउनुहोस् । क्रमशः समूहको भूमिका परिवर्तन गरिदिनुहोस् ।
  - अन्त्यमा प्रशिक्षकले सबै समूहलाई चरा वा अन्य कुनै जनावरको नाम भन्ने र सहभागीलाई नाम भनेको चरा वा जनावरको जस्तै चाल गर्न लगाउनुहोस् । यस क्रियाकलापबाट उनीहरू सक्रिय भई भाग लिएकोमा धन्यवाद दिँदै कुन कुन अङ्ग सञ्चालन भयो सोध्नुहोस् र अझ विशेष स्थूल अङ्ग सञ्चालन भएको कुरा प्रष्ट पार्नुहोस् । (अन्य विषयमा पनि यसरी नै क्रियाकलाप गराउनुहोस्)

- सहभागीहरूलाई यो खेल खेलाउँदा बालबालिकाको कुनकुन अङ्ग सञ्चालन भयो ? अङ्ग सञ्चालन हुँदा बालबालिकाको कुन पक्षको विकास भयो ? यसले उनीहरूको भविष्यमा के प्रभाव पार्छ ? न्युजप्रिन्टमा लेख्न लगाउनुहोस् र ठूलो समूहमा छलफल गराउनुहोस् ।
- यस क्रियाकलापबाट स्थूल अङ्गको साथसाथै अन्य कुन कुन पक्षको विकास भयो भनेर सहभागीहरूलाई सोध्नुहोस् ।
- खेल फित्ताको गोलो, ठूलो सानो, सिधा बाङ्गो, खेल फित्ताको रङ चिन्ने, बल र खेल फित्ताको नाम पहिचान गर्ने जुन बौद्धिक विकास अन्तर्गत पर्दछ । बालबालिकाहरूले मिलेर नियमको पालना गर्दै र खुसी हुँदै खेल खेल्दा उनीहरूको सामाजिक तथा संवेगात्मक विकास हुन्छ । बल र खेलफित्ताको नाम पहिचान गर्दा, खेल खेल्दा साथीको नाम भन्ने जस्ता कुरा भाषिक विकास अन्तर्गत पर्दछन् । खेल खेल्दा सबै बालबालिका एक हो र सबै समान हो भन्ने धारणा बालबालिकामा ल्याउनु पर्दछ जसले बालबालिकाको सामाजिक विकास हुन्छ भन्ने कुरा सहभागीलाई स्पष्ट पार्नुहोस् ।

### क्रियाकलाप नं. ३

## सूक्ष्म अङ्गको विकास

सहभागीहरूलाई गोलाकारमा राख्नुहोस् र शारीरिक विकासअन्तर्गत बालबालिकाको स्थूल अङ्गको विकास सँगसँगै सूक्ष्म अङ्गको विकास हुनुपर्दछ भन्नुहोस् र अब हामी बालबालिकाको सूक्ष्म अङ्गको विकास तथा सञ्चालन गर्ने क्रियाकलाप गर्दछौँ भन्नुहोस् र तल दिइएका क्रियाकलापमा सहभागी गराउनुहोस् ।

- यो क्रियाकलाप गराउँदा प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा बालबालिकालाई त्यस दिनको विषयवस्तुको चित्र भित्र रङ भर्ने कार्य गराउनु पर्दछ भनी सहभागीहरूलाई जानकारी दिनुहोस् । यस क्रियाकलापबाट बालबालिकाको सूक्ष्म अङ्गको साथसाथै कुन कुन पक्षको विकास हुन्छ ? छलफल गराउनुहोस् ।
- सहभागीहरूलाई तीन समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई सूक्ष्म अङ्ग सञ्चालन गर्ने क्रियाकलापहरू न्युजप्रिन्टमा लेख्न लगाउनुहोस् र टाँस गर्न लगाउनुहोस् ।
- एउटा समूहले तयार पारेको न्युजप्रिन्ट अर्को समूहलाई पढ्न लगाउनुहोस् र छलफल गराउनुहोस् ।
- प्रशिक्षकले सूक्ष्म अङ्गहरूको विकास हुनु भन्नाले बालबालिकाको हत्केला, औंला समन्वय गरी सञ्चालन गर्ने क्षमताको विकास हो भन्दै स्पष्ट पार्नुहोस् । सूक्ष्म अङ्ग सञ्चालनअन्तर्गत वस्तु टिप्नु, उठाउनु, खन्याउनु, पल्टाउनु, लेख्नु, आँखा र हातको समन्वय गरी बोतल भर्नु, औंलाहरू चलाउनु आदि हुन् भनेर प्रष्ट पार्नुहोस् र अब हामी सूक्ष्म अङ्ग सञ्चालन गर्ने क्रियाकलाप गर्दछौँ र यस क्रियाकलापबाट अन्य पक्षको विकास कसरी हुन्छ हेरौँ भनेर क्रियाकलापहरु (क्रियाकलाप नं. ४ र ५) गर्न लगाउनुहोस् ।

## क्रियाकलाप नं. ४

सहभागीहरूलाई पुनः चार समूहमा विभाजन गर्नुहोस् र निम्न तरिकाबाट प्रयोगात्मक खेल खेल्न लगाउनुहोस् ।

- पहिलो समूहलाई टाँस्ने, च्यात्ने र मिलाउने सामग्री दिनुहोस् ।
- दोस्रो समूहलाई पट्याउने, छुट्याउने र राख्ने खालको सामग्रीहरू दिनुहोस् ।
- तेस्रो समूहलाई उन्ने, बुन्ने, गन्ने र बटम फ्रेम (टाँक लगाउने, हुक लगाउने, तुना बाँध्ने, फस्नर लगाउने, जुत्ताको फित्ता बाध्ने) खालका सामग्रीहरू दिनुहोस् ।
- चौथो समूहलाई बालुवा भर्ने, नाप्ने, बालुवामा आकार बनाउने जस्ता खेल खेल्न दिनुहोस् ।
- प्रत्येक समूहमा भएको सहभागीहरूलाई आ-आफ्नो समूहमा रहेको सामग्री खेलीसकेपछि उनीहरूले के खेले ? कुन अङ्ग चल्यो ? कुन पक्षको विकास भयो ? लेख्न लगाउनुहोस् ।
- यसैगरि सबै समूहमा पालो पालो गरेर सबैलाई खेल्न लगाउनुहोस् र प्रस्तुत गर्नुहोस् । यस क्रियाकलापबाट सूक्ष्म अङ्गको साथसाथै कुन कुन पक्षको विकास भयो र कसरी ? भनेर छलफल गर्नुहोस् ।

## क्रियाकलाप नं. ५

सहभागीहरूलाई देहायअनुसारका क्रियाकलापहरू गराउनुहोस् ।

- सहभागीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् ।
- पहिलो समूहलाई हाँसको चित्रमा रङ भर्न लगाउनुहोस् ।
- दोस्रो समूहलाई कुखुराको चित्रमा रङ भर्न लगाउनुहोस् ।
- तेस्रो समूहलाई सुगाको चित्रमा रङ भर्न लगाउनुहोस् र चौथो समूहलाई परेवाको चित्रमा रङ भर्न लगाउनुहोस् ।
- यो क्रियाकलापबाट बालबालिकाको सूक्ष्म अङ्गको विकासअन्तर्गत आँखा र हातको समन्वय हुन्छ भन्ने कुरा प्रष्ट पार्नुहोस् ।
- यी माथि उल्लेखित क्रियाकलाप गराउँदा बालबालिकाको पाँच ओटा पक्षको विकास हुन्छ भन्ने कुरा प्रशिक्षकले प्रस्ट पार्नुहोस् । जस्तै : टाँस्दा, चित्रमा रङ भर्दा (लेख्दा), उन्दा, बुन्दा, पट्याउँदा, च्यात्दा, गन्दा, छुट्याउँदा बढी औंलाहरू चल्यो जसबाट बालबालिकाको सूक्ष्म अङ्गको विकास भयो । यसै गरेर सामान छुट्याउँदा, गन्दा, बौद्धिक विकास भयो । सामग्रीको नाम भन्दा भाषा विकास भयो  पालो पर्खेर साथीसँग मिलेर खेल्दा सामाजिक विकास र आफूले गरेको कार्य देखेर खुसी हुँदा संवेगात्मक विकास हुन्छ । अन्त्यमा सात सूत्रीय गीत न्युजप्रिन्टमा लेखेर टाँस्नुहोस् र सबै जनाले हाउभाउसहित गाउनुहोस् ।

**"सात सूत्रीय गीत"**

उन्ने, बुन्ने, खन्याउने
च्यात्ने, गाँस्ने, पट्याउने
गेडागुडी छुट्याउने ।

## प्रतिविम्बन

क) स्थूल अङ्गको विकास र सूक्ष्म अङ्गको विकास भनेको के हो ?

ख) शारीरिक विकास अन्तर्गत स्थूल अङ्ग र सूक्ष्म अङ्गको विकास गराउन सघाउने तीन क्रियाकलापहरू के के हुन् ?

ग) अन्य कस्ता क्रियाकलापले स्थूल अङ्ग र सूक्ष्म अङ्ग विकासमा सहयोग पुऱ्याउँछ ?

घ) हामीले सञ्चालन गरेका क्रियाकलापबाट शारीरिक विकासका साथै अरू कुन कुन पक्षको विकास हुन्छ होला ?

# शारीरिक विकासअन्तर्गत इन्द्रिय अङ्गको विकास र अन्य विकासात्मक क्षेत्रहरुसँगको सम्बन्ध

**दिन :** दोस्रो **सत्र :** तेस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

शारीरिक विकासअन्तर्गत इन्द्रिय अङ्गको विकास भन्नाले आँखा, कान, नाक, मुख, छालाजस्ता चेतना शक्ति तथा इन्द्रियहरूको क्षमताको विकास हो । यस सत्रमा इन्द्रिय अङ्गको विकास गर्ने खालका क्रियाकलापहरू गरिन्छन् ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

१. बालबालिकाहरूलाई इन्द्रिय अङ्गहरूको प्रयोग गरी खेलाउन र सिकाउन,

२. शारीरिक विकासका उपक्षेत्रहरूलाई पहिचान गर्न,

३. शारीरिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको अन्तरसम्बन्ध बताउन ।

## आवश्यक सामग्री

१. न्युजप्रिन्ट २. मार्कर

३. मास्किङ टेप ४. इन्द्रिय अङ्गको विकाससम्बन्धी स्लाइड प्रस्तुति

५. स्वादसम्बन्धी सामग्री : नुन, चिनी, कागती, करेला वा निमको पात, हरियो खुर्सानी

६. स्पर्शसम्बन्धी सामग्री : चिप्लो र खस्रो, नरम र कडा सामग्री वा डोमिनो (ढुङ्गा, माटो, विभिन्न प्रकारका कपडाका टुक्राहरू)

७. सुनाइसम्बन्धी सामग्री : विभिन्न प्रकारको (ठूलो, सानो, मसिनो मोटो) आवाज आउने खेलौना, साना साना डब्बामा मसिनो ढुङ्गा हालेर आवाज निकाल्ने बट्टा

८. हेराइसम्बन्धी सामग्री : चराचुरुङ्गी (हाँस, कुखुरा, परेवा र सुगा) विषयको चित्र डोमिनो, विभिन्न रङका चित्र पजल, चित्र किताब

९. सुँघाइसम्बन्धी सामग्री : प्याज, लसुन, अदुवा, हलेदो, स्याम्पोको खाली बट्टा, साबुनको खोल आदि ।

## मुख्य विषयवस्तु

इन्द्रिय अङ्गको विकास

## सहजीकरण विधि

- समूह छलफल
- खेल
- पावर पोइन्ट प्रस्तुती ।

## सहजकर्ताको पूर्वतयारी

- सत्र सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरू नाङ्लो र कचौरा वा स्थान विशेषमा प्राप्त हुने अनुकूल वस्तुमा तयार गरेर राख्नुहोस् ।
- सुगा, हाँस, कुखुरा र परेवाको डोमिनो, पजल, फ्ल्यासकार्ड र चित्र किताब तयार गर्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची ३ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

यस कार्यका लागि देहायअनुसारका क्रियाकलापहरू गराउनुहोस् ।

### क्रियाकलाप नं. १

- यो सत्र सञ्चालन गर्नुभन्दा पहिला सहभागीहरूलाई राम्रोसँग इन्द्रिय अङ्गको विकास गर्न आवश्यक पर्ने क्रियाकलापको बारेमा अध्ययन गरी छलफल गराउनुहोस् ।
- प्रशिक्षकले इन्द्रियको विकाससम्बन्धी अध्ययन गर्नुहोस् । विभिन्न अध्ययन प्रतिवेदन समेटी आवश्यक परेको खण्डमा स्लाइड तयार गर्नुहोस् । यस क्रियाकलापबाट इन्द्रिय अङ्गको साथसाथै अन्य कुन कुन पक्षको विकास हुन्छ ? भनेर छलफल गर्नुहोस् ।
- सहभागीहरूलाई गोलाकारमा राख्नुहोस् ।
- इन्द्रिय अङ्गको विकास भनेको के हो ? भनि प्रश्न गर्नुहोस् ।
- शारीरिक विकास अन्तर्गत बालबालिकाको स्थूल अङ्गको विकास, सूक्ष्म अङ्गको विकासको साथसाथै इन्द्रिय अङ्गको विकास हुनु पनि त्यतिकै महत्त्वपूर्ण भएको कुरालाई स्पष्ट भन्नुहोस् ।
- बालबालिकाको संसार बुझ्ने झ्याल पनि यही इन्द्रियहरू हुन्, र अब हामी बालबालिकाको इन्द्रिय अङ्गको विकास तथा सञ्चालन गर्ने क्रियाकलाप गर्दछौं भन्नुहोस् र तल दिइएका क्रियाकलाप (क्रियाकलाप नं. २)मा सहभागी गराउनुहोस् ।

### क्रियाकलाप नं. २

- सहभागीहरूलाई पाँच समूहमा विभाजन गर्नुहोस् । पहिलो समूहलाई स्वादसम्बन्धी सामग्री नुन, चिनी, कागती, करेला वा निमको पात, हरियो खुर्सानी नाङ्लोमा राखेर दिनुहोस् र आँखामा पट्टी बाँधेर चाख्न लगाउनुहोस् र स्वादको भिन्नता भन्न लगाउनुहोस् र वस्तु पहिचान गर्न लगाउनुहोस् ।

- दोस्रो समूहलाई स्पर्शसम्बन्धी समग्रीहरू चिप्लो र खस्रो, नरम र कडा, मसिनो, मोटो बुझाउनुहोस् । डोमिनो वा वस्तुहरू नाङ्लोमा राखेर दिनुहोस् र खेल्न लगाउनुहोस्, मिलाउन लगाउनुहोस्, छाम्दा कस्तो अनुभव भयो ? खस्रो लाग्यो कि चिप्लो लाग्यो बयान गर्न लगाउनुहोस् । मसिनो र मोटो छुट्याउन लगाउनुहोस् ।
- तेस्रो समूहलाई सुनाइसम्बन्धी वस्तु विभिन्न प्रकारका (ठूलो, सानो, मसिनो, मोटो) आवाज आउने खेलौना, साना साना डब्बामा मसिनो ढुङ्गा हालेर आवाज निकाल्ने बट्टा, चम्चा, कचौरा दिनुहोस् र सहभागीको आँखा बन्द गरिदिनुहोस् र प्रशिक्षकले सहभागीको कानमा गएर वस्तुको आवाज निकाली दिनुहोस् । सहभागीलाई सोध्ने कुन आवाज कसको हो भनेर आवाजको प्रकारको बारेमा छलफल गर्नुहोस् ।
- चौथो समूहलाई हेराइसम्बन्धी सामग्रीहरू जस्तै : चराचुरुङ्गी (हाँस, कुखुरा, परेवा र सुगाको) विषयको चित्र चिन्न, रङ चिन्न, डोमिनो मिलाउन, चित्र पजल मिलाउन, चित्र किताव आदि पढ्न दिनुहोस् र कथा भन्न लगाउनुहोस् ।
- पाँचौं समूहलाई सुँघाइसम्बन्धी सामग्रीहरू जस्तै : प्याज, लसुन, ददुवा, हलेदो, स्याम्पोको खाली बट्टा, साबुनको खोल आदि नाङ्लोमा राखेर दिनुहोस् र सहभागीको आँखामा पट्टी बाँधि दिनुहोस् र नाङ्लोमा रहेको वस्तुहरू पालैपालो सुँघ्न लगाउनुहोस् र पहिचान गर्न लगाउनुहोस् ।
- सबै समूहका सहभागीहरूलाई पालैपालो ती सामग्रीहरू छुन, सुँघ्न, सुन्न, छाम्न र हेर्न दिनुहोस् । यो क्रम सबै सहभागीमा दोहोर्‍याउनुहोस् ।
- यी माथि उल्लेखित क्रियाकलाप गराउँदा बालबालिकाको कुन कुन ज्ञानेन्द्रियहरू सक्रिय भए छलफल गराउनुहोस् ।
- यसैगरी यी क्रियाकलापबाट सर्वाङ्गीण विकासका सबै पाँच ओटा पक्षको विकास कसरी हुन्छ भन्ने छलफल गराइ प्रशिक्षकले थप प्रस्ट पार्नुहोस् जस्तै : सुँघ्दा, छाम्दा, हेर्दा, सुन्दा बौद्धिक विकास भयो । छाम्दा औंलाहरू चल्यो जसबाट बालबालिकाको सूक्ष्म अङ्गको विकास भयो । यसै गरेर सामान छुट्याउँदा, गन्दा, सामग्रीको नाम भन्दा भाषा विकास भयो । पालो पर्खेर साथीसँग मिलेर खेल्दा सामाजिक विकास र आफूले गरेको कार्य देखेर खुसी हुँदा संवेगात्मक विकास भयो भन्ने कुरा प्रष्ट पार्नुहोस् ।
- सहभागीहरूलाई पुनः इन्द्रियहरूको विकास तथा क्षमतासम्बन्धी स्लाइड देखाउनुहोस् र प्रस्तुत विषयमा प्रस्ट पार्नुहोस् ।

## प्रतिविम्बन

क) इन्द्रिय अङ्गको विकास भनेको के हो ?

ख) शारीरिक विकासअर्न्तगत इन्द्रिय अङ्गको विकास हुने क्रियाकलापहरू के कस्ता हुन्छन् ?

ग) हामीले गरेका क्रियाकलापले इन्द्रिय अङ्गको विकासमा कसरी सघाउ पुर्‍याउँछ ?

घ) यी क्रियाकलापबाट शारीरिक विकासका साथै अरू कुन कुन पक्षको विकास गराउँछ ?

# तेस्रो दिन

**पहिलो सत्र**

- सामाजिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

**दोस्रो सत्र**

- संवेगात्मक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

**तेस्रो सत्र**

- बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

# सामाजिक विकास र अन्य विकासात्मक क्षेत्रहरुसँगको सम्बन्ध

**दिन :** तेस्रो **सत्र :** पहिलो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

मानिस समाजमा जन्मछ, समाजबाट सिक्छ, आफूले जानेको सीप, ज्ञान समाजकै लागि अर्पित गर्छ र समाजबाट विदा हुन्छ । समाजभित्र विभिन्न धर्म, संस्कृति जातजातिअनुसार रीतिरिवाज फरक हुन्छ । त्यसैले सामाजिक विकास भनेको समाजबाट स्वीकृत क्रियाकलापहरूमा बालबालिकालाई अभ्यस्त बनाउनु हो । यस सत्रमा सहभागीहरूलाई सामाजिक विकाससँग सम्बन्धित क्रियाकलाप अभ्यास गराइन्छ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

१. सामाजिक विकासका विशिष्ट पक्षहरू बताउन,
२. समाजिक विकासका क्रियाकलापबाट सर्वाङ्गीण विकास हुने सीप पहिचान गर्न ।

## आवश्यक सामग्री

| | | | |
|---|---|---|---|
| १. छ्याङबाजा | २. नाङ्लो | ३. तयारी न्युजप्रिन्ट | ४. डोरी |
| ५. बल | ६. पुतली | ७. पपेट | ८. भाँडाकुटी |
| ९. मार्कर | १०. टेप | | |

## मुख्य विषयवस्तु

सामजिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

## सहजीकरण विधि

- प्रदर्शन
- खेल
- समूहकार्य
- छलफल

### सहजकर्ताको पूर्वतयारी

- सामाजिक विकासका पक्षहरू अध्ययन गरेर स्पष्ट हुनुहोस् । खेल सामग्रीहरू नाङ्लोमा राखेर तयारी गर्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची ४ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

**सहभागीहरूलाई देहायअनुसारका क्रियाकलापहरू गराउनुहोस् ।**

### क्रियाकलाप नं. १

- सहभागीहरूलाई अर्धगोलाकार तरिकाले बसाउनुहोस् जसले गर्दा तपाईंले बोलेको सुनिने र अन्तरक्रिया गर्न सजिलो हुन्छ ।
- सामाजिक विकासका विशिष्ट पक्षहरू न्युजप्रिन्टमा लेखेर तयारी गराउनुहोस् ।
- सहभागीहरूलाई सामाजिक विकास भनेको के हो प्रश्न गर्नुहोस् । सहभागीहरूबाट आएका विचारहरूलाई कदर गर्दै, मानिस समाजमा जन्मन्छ, समाजबाटै सिक्छ । आफूले जानेका ज्ञान, सीप समाजकै लागि अर्पण गर्छ र समाजबाट विदा हुन्छ । समाजभित्र विभिन्न धर्म, संस्कृति जातजातिअनुसार रीतिरिवाज फरक हुन्छ, त्यसैले सामाजिक विकास भनेको आआफ्नो परिवार र समाजबाट स्वीकृत क्रियाकलापहरूमा बालबालिकालाई अभ्यस्त बनाउनु हो, भन्दै विषयसँग समन्वय गर्नुहोस् । सामाजिक विकास सर्वाङ्गीण विकासका ६ ओटा पक्षहरूमध्ये एक महत्त्वपूर्ण पक्ष हो जसमा ५ विशिष्ट पक्षहरू रहेका छन् भन्दै निम्नानुसार बुँदाहरू लेखेको पूर्वतयारी न्युजप्रिन्टमार्फत् छलफल गराउनुहोस् ।

  (**विशिष्ट पक्षहरू:** वयस्क तथा साथीहरू बीचको सम्बन्धः, जीवनोपयोगी सीपः, सहयोग तथा सहकार्य, सामाजिक व्यवहार, स्वःअवधारणाः)

### क्रियाकलाप नं. २

- सहभागीहरूलाई छ्याङ बाजा बजाएर गोलो घेरामा उभ्याउनुहोस् र सबैलाई एकअर्काको हात समातेर हाउभाउसहित “नमस्ते, नमस्ते” गीत गाउन लगाउनुहोस् । गीत गाइसकेपछि कस्तो अनुभव भयो ? कुन कुन पक्षको विकास भयो होला ? सोध्नुहोस् । सामाजिक पक्षको विकासको विशिष्ट पक्षलाई प्राथमिकता दिँदै छलफल चलाउनुहोस् ।

**नमस्ते नमस्ते**

नमस्कार ! नमस्कार !! गुरुआमा
नमस्ते ! नमस्ते !! साथीहरू
आज भेटेर खुसी लाग्यो
नमस्ते ! नमस्ते !! नमस्ते !!
नमस्कार ! नमस्कार !! गुरुआमा
नमस्ते ! नमस्ते !! साथीहरू
भोलि भेटौंला खुसी लाग्ला
नमस्ते ! नमस्ते !! नमस्ते !!

### क्रियाकलाप नं. ३

- सहभागीहरूलाई पालैसँग बा, आमा, दिदी, दाजु भन्न लगाउनुहोस् र बा भन्नेलाई एउटा समूह आमालाई अर्को गरी ४ समूहमा विभाजन गर्नुहोस् । पहिलोलाई डोरी दोस्रोलाई बल, तेस्रोलाई पुतली पपेट र चौथो समूहलाई भाँडाकुटी खेल्न दिनुहोस् । सहभागीहरूले ध्यान दिएर खेले नखेलेको अवलोकन गर्नुहोस् र सबैलाई मिलेर खेल्न उत्प्रेरित गर्नुहोस् । करिब १५ मिनेट खेल्न दिएपछि प्रत्येक समूहबाट १–१ जना सहभागीलाई कसरी खेल्नुभयो कुन कुन पक्षको विकास भयो ? जस्ता प्रश्नहरू सोधेर सर्वाङ्गीण विकासका पक्षहरूमा छलफल गर्नुहोस् र पछि सामाजिक पक्षको विकास के के भयो विशिष्ट पक्षसँग समन्वय गर्दै बताउन लगाउनुहोस् ।

### प्रतिविम्बन

सत्रको अन्तमा सहभागीहरूलाई निम्न प्रश्नहरू सोधेर उनीहरूका बुझाइका सम्बन्धमा स्पष्ट हुनुहोस् ।

क) सामाजिक विकासका विशिष्ट पक्षहरू के के हुन् ?

ख) बालबालिकाको सामाजिक विकासका लागि हामीले छलफल गरेका बाहेक थप के के क्रियाकलापहरू गराउन सकिन्छ ?

ग) सामाजिक विकासका क्रियाकलापबाट कसरी सर्वाङ्गीण विकासमा मद्दत पुग्छ ?

# संवेगात्मक विकास र अन्य विकासात्मक क्षेत्रहरुसँगको सम्बन्ध

**दिन :** तेस्रो　　**सत्र :** दोस्रो　　**समय :** १ घण्टा ३० मिनेट

## परिचय

प्रारम्भिक बालविकासका पाँच ओटा आयामहरूमध्ये संवेगात्मक विकास एक महत्त्वपूर्ण आयाम हो । संवेग भन्नाले भावनासँग सम्बन्धित क्रियाकलापहरू हुन् जस्तै हाँस्नु, रुनु, खुसी हुनु, दुःखी हुनु, रिसाउनु, चिच्याउनु आदि । यस सत्रमा संवेगसँग सम्बन्धित क्रियाकलापहरू गरिन्छ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

१. संवेगात्मक विकासका विशिष्ट पक्षहरू बताउन,
२. बालबालिकाका सर्वाङ्गीण विकास गराउन सहयोग पुऱ्याउने क्रियाकलापहरू पहिचान गर्न,
३. बालबालिकाको संवेगात्मक विकासका लागि विभिन्न क्रियाकलापहरू प्रस्तुत गर्न ।

## आवश्यक सामग्री

१. पुतली　२. उपहार सामग्री　३. टेक्ने बैसाखी　४. चित्र बनाउने पेपर
५. रङ　६. ब्रस　७. प्रर्दशन बोर्ड

## मुख्य विषयवस्तु

संवेगात्मक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

## सहजीकरण विधि

- अभिनय
- अन्तरक्रिया
- छलफल
- चित्रकला तथा प्रदर्शन

## सहजकर्ताको पूर्वतयारी

- मापदण्डमा भएको संवेगात्मक विकासका विशिष्ट पक्षहरूलाई न्युजप्रिन्टमा लेखेर तयार गर्नुहोस् ।
- एउटा मानव शरीरको चित्र बनाउनुहोस् र त्यसमा संवेगात्मक विकासले मानिसको कुन कुन अङ्गलाई प्रभाव पार्दछ भन्ने चित्र चार्टपेपरमा लेखेर तयार गर्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची ५ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप नं. १

- संवेगात्मक विकास भनेको प्राकृतिक स्वभावहरू, माया, खुसी, दया, सहानुभूति देखाउन सक्ने गुणहरूको साथसाथै आत्मविश्वास, आत्मसम्मान, स्वधारणाको विकास पनि हो भनेर बताउनुहोस् ।
- मानिसमा आउने रिस, ईर्ष्या, चिन्ता, आवेगहरू चिच्याउन मन लाग्ने, शङ्का, डर, त्रासजस्ता स्वभावहरू पनि प्राकृतिक हुन् र यी गुणहरू आवश्यक हुन्छन् जुन मानव जीवनमा प्राकृतिक रूपमा प्रकट हुन सक्छन् भनेर प्रष्ट पार्नुहोस् । जस्तै : कहिल्यै नरिसाउने, कहिल्यै नरुने, कहिल्यै चिन्ता नलिने व्यक्ति कोही हुँदैन भनेर बुझाउनुहोस् ।
- अवस्थाअनुसार भाव प्रकट गर्न सक्नु नै संवेग हो । जस्तैः रुनु, हाँस्नु, खुसी हुनु, रिसाउनु स्वाभाविक संवेगात्मक पक्षहरू हुन् । संवेगात्मक पक्षहरूको सन्तुलित विकासलाई मौका खेल, कुराकानी, भ्रमण, कथा, घटना वर्णन, अभिनय तथा रमाइला क्रियाकलापहरूबाट बल पुऱ्याउन सकिन्छ भनी बताउनुहोस् ।
- सहजकर्ताहरूलाई "संवेग भनेको के हो ?" भनेर प्रश्न गर्नुहोस् । धेरै जनाले भनेका कुराहरू न्युजप्रिन्ट वा मेटाकार्डमा टिप्दै जानुहोस् । मिलेकालाई एकतर्फ र नमिलेकालाई अर्कोतर्फ छुट्याएर राखिदिनुहोस् । संवेगको परिभाषा छोटकरीमा बुझाउनुहोस् । संवेगका सकारात्मक र नकारात्मक गरी २ पक्षहरू हुन्छन् भनेर बुझाउनुहोस् । हाँस्नु, खुसी हुनु, आनन्द, रमाइलो अनुभव आदि सकारात्मक पक्षहरू हुन् र रुनु, दुःखी हुनु, रिसाउनु, ईर्ष्या गर्नु आदि नकारात्मक पक्षहरू हुन् भनेर बुझाइसकेपछि न्युजप्रिन्टमा लेखिएका संवेगात्मक विकासका विशिष्ट पक्षहरूलाई एक एक गरेर छलफल गराउनुहोस् ।

### क्रियाकलाप नं. २

सहभागीहरूलाई संवेगात्मक विकासका निम्न क्रियाकलापहरूमा सहभागी गराउनुहोस् ।

**अभिनयः**

- सहभागीहरूलाई ४ समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक ४ समूहलाई ४ ओटा शीर्षक लेखेर दिनुहोस् ।

  १. शीर्षक : बालबालिकालाई उपहार

२. शीर्षक : शारीरिक रूपमा विकलाङ्ग (फरक क्षमता) व्यक्तिलाई सहयोग

३. शीर्षक : आमा, बाबु नभएको साना बालक वा बालिकालाई सबैले सहयोग गरेको

४. शीर्षक : पुतलीसँग बालक वा बालिकाले कुराकानी गरेर खेलेको अभिनय

- समूह १ ले एक जना अभिभावक छनौट गर्नुहोस् र एकजना आफ्नो बच्चा छनौट गर्नुहोस्। अन्यले बालबालिकाको भूमिका निर्वाह गर्नेछन्। उक्त अभिभावकले आफ्नो बच्चाको जन्म दिवसको दिन पारेर सबै साथीहरूलाई (बालबालिका) घरबाट फलफूल उपहार ल्याइदिएर सबै जना खुसी भएर जन्मदिन मनाएको अभिनय गराउनुहोस्।
- समूह २ ले एक जना शारीरिक रूपमा अपाङ्गता भएको साथी छनौट गर्नुहोस्। उक्त व्यक्तिले बैसाखी टेकेर हिँडिरहेको अभिनय गराउनुहोस्। अन्य साथीहरूले उहाँलाई हिँड्नका लागि सजिलो बाटो बनाइदिएको र बाटो पार गर्न सहयोग गरेको अभिनय गराउनुहोस्।
- समूह ३ ले एक जना बालक वा बालिकाको आमा वा बुवा नभएकाले एक्लै रोइरहेको अभिनय गर्नुहोस्। अन्य साथीहरूले उनलाई प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षा भर्ना भई उनीहरूसँगै खेल्नलाई प्रोत्साहन गरेको अभिनय गराउनुहोस्।
- समूह ४ लाई एउटा पुतली दिनुहोस् र उक्त समूहका प्रत्येकले पुतलीलाई पालैपालो कुराकानी गरेको, हाँसेको, रिसाएको, पुतली फकाएको, खाना खुवाएको, नुहाएको आदि अभिनय गराउनुहोस् र एउटा पुतलीप्रति बालक वा बालिकाले कसरी आफ्नो भावना पोख्दछ उक्त कुरा जनाउन यो अभिनय गराउनुहोस्।
- सबै समूहलाई पालैपालो अभिनय प्रस्तुत गर्न लगाउनुहोस्।
- सहभागीहरूलाई अभिनय हेरेपछि कस्तो महसुस भयो ? रमाइलो भयो ? दुख लाग्यो ? भनेर सोध्नुहोस् र छलफल गराउनुहोस्।
- यस्ता भावनाहरू व्यक्त गर्दा के हुन्छ ? कसरी संवेग थाहा पाउने आदि प्रश्न गर्दै सहयोग, माया, समानुभूति आदि बारे स्पष्ट गरिदिनुहोस्।

## क्रियाकलाप नं. ३

### "कसलाई के मन पर्छ ?"

- एक जना सहजकर्ता छनौट गर्नुहोस्। अन्य सबैलाई बालबालिकाको अभिनय गराउनुहोस्। सहजकर्ताले आज आ-आफ्नो नाम बताउनुहोस्, कसलाई के मनपर्छ भन्ने खेल खेल्न दिने है भनेर सूचित गराउनुहोस्। त्यसपछि निम्नानुसारका प्रश्न पालैपालो सोधेर जवाफ दिन लगाउनुहोस्। जस्तै :

  - तिम्रो नाम के हो ?
  - तिमी कहाँ बस्छौं ?
  - तिमीलाई क-कसले माया गर्नुहुन्छ ?
  - तिमीलाई के के खान मनपर्छ ?
  - तिमीलाई के देख्दा डर लाग्छ ?
  - तिमीलाई के कुराले खुसी लाग्छ ?
  - तिमीलाई को को मनपर्छ ?
  - तिमीलाई के के खेल्न मनपर्छ ?

- तिमीलाई के गर्दा रुन मन लाग्छ ? - तिमीलाई को मन पर्दैन ? किन मन पर्दैन ?

- तिमीलाई कस्ता कस्ता खेलौनाहरू मनपर्छ ? किन ? आदि ।

- माथि उल्लेखित भावनात्मक प्रश्नहरू सोध्नुहोस् जसले गर्दा मनका भित्री कुराहरू, संवेदनशील भावनाहरू व्यक्त गर्नेछन् । समयलाई मध्यनजर गरेर यी प्रश्नहरू छोट्याउन वा आवश्यकतानुसार थप्न पनि सकिनेछ ।
- अन्त्यमा सहभागीहरूलाई यस क्रियाकलापबाट कुन पक्षको विकास भयो ? के सिकाइ भयो भनेर छलफल गराउनुहोस् ।

## क्रियाकलाप नं. ४

### चित्रात्मक खेल

- सहभागीहरूलाई पेन्सिल, पेपर र रङ क्रेयनहरू बाँड्नुहोस् । सहभागीहरूमध्येका एकजनालाई सहजकर्ताको भूमिका गराउनुहोस् र अन्यलाई बालबालिका सम्झी २/२ जनाको समूहमा राख्नुहोस् । सबै बालबालिका समूहलाई चित्र बनाउन लगाउनुहोस् । जसलाई जे इच्छा लाग्छ उसले त्यही चित्र बनाउन सक्छ भन्नुहोस् । मानौं उनीहरूले मनपरेको चित्र बनाउँछन् जुन चित्रहरू बस, घर, फूल, फूलबारी, मान्छे, बल, विद्यालय, लठ्ठी जे पनि बनाउन सक्छन् । तर सहजकर्ताले उक्त चित्र किन बनाएको अथवा त्यही चित्र किन बनाएको सोधेर भावनासँग सम्बन्ध गराउनुहोस् । जस्तै :

| बालबालिकाले बनाएका चित्र | सहजकर्ताको प्रतिक्रिया | बालबालिकाको भावना |
|---|---|---|
| बस | आहा ! कस्तो राम्रो बस । | बसप्रति बालबालिकाको लगाव |
| घर | आहा ! कति राम्रो घरको चित्र । | घरप्रतिको चाहना |
| फूल | आहा ! कस्तो राम्रो फूल । | फूलप्रतिको मोह |
| आमा | आहा ! कति राम्री आमा । | आमाप्रतिको माया |
| अनुहार | आहा ! राम्रो अनुहार तर मुख खोइ ? | बोल्न मन नलागेको हुन सक्छ । |
| बल | आहा ! कस्तो राम्रो बल । | नयाँ बल पाएकोले खुसी भएको हुन सक्छ । |

- प्रत्येक चित्रलाई प्रंशसा गर्दै उक्त चित्र किन बनाएको होला ? अथवा चित्रको बारेमा भन्न लगाउनुहोस् । यसरी भावनात्मक संवेगहरू बुझ्न सकिन्छ भनी छलफल गराउनुहोस् । बालबालिकाको संवेग बुझ्न र उनीहरूलाई आफ्नो मनमा भएका खुसी, दुख, डर वा पीरजस्ता भावना व्यक्त गर्न हौसला दिनु आवश्यक हुन्छ भन्दै सहभागीहरूलाई संवेगात्मक विकासको महत्त्व प्रष्ट गर्नुहोस् ।

- अन्त्यमा सबै सहभागीहरू मिलेर गीत गाउनुहोस् ।

**गीत**

**"पुतली"**

सानो सानो पुतली मेरो कति राम्रो छ
आँखा ठूलो, ओठ रातो, गाला पोक्चे छ ।
जब मेरो पुतली रुन्छ भोक लागेर
हलुवा पुरी खुवाइदिन्छु झट्टै गरेर ।
जब मेरो पुतली रुन्छ निन्द्रा लागेर
झोलुङ्गामा झुलाइ दिन्छु थै थै गरेर ।
सेतो यसको जामा छ, निलो चोली छ
कपाल यसको घुम्रिएको मीठो बोली छ ॥

## प्रतिविम्बन

क) संवेगात्मक विकासका पक्षहरू के के हुन् ?

ख) बालबालिकाको संवेगात्मक विकासका लागि थप के के क्रियाकलापहरू गर्न सकिन्छ ?

ग) संवेगात्मक विकासका क्रियाकलापबाट कसरी सर्वाङ्गीण विकास हुन्छ ?

घ) सर्वाङ्गीण विकासका लागि माथि उल्लेख गरेका बाहेक अन्य के कस्ता क्रियाकलाप उपयोगी हुन सक्छन् ? अनुभवका आधारमा भन्नुहोस् ।

# बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरुसँगको सम्बन्ध

**दिन :** तेस्रो | **सत्र :** तेस्रो | **समय :** १ घण्टा ३० मिनेट

## परिचय

प्रारम्भिक बालविकासमा बौद्धिक विकासको निकै ठूलो भूमिका रहेको छ। बौद्धिक विकास भन्नाले बालबालिकाको सोच्ने प्रक्रियाहरूको निर्माण हो, जसमा बालबालिकाको सम्झने, समस्या समाधान गर्ने र निर्णय लिने अवस्थाको विकास हुन्छ। यो सत्रमा बालबालिकाको बौद्धिक विकासको परिचय र बौद्धिक सीप तथा सिकाइ प्रक्रियाको बारेमा छलफल तथा अन्तरक्रिया गरिनेछ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

१. बौद्धिक विकासका विशिष्ट पक्षहरू बताउन,

२. बौद्धिक सीप तथा सिकाइ प्रक्रिया निर्धारण गर्न,

३. बालबालिकाको बौद्धिक विकासका लागि विभिन्न क्रियाकलापहरू प्रस्तुत गर्न।

## आवश्यक सामग्री

१. चित्र कार्डहरू
२. पजलहरू
३. डोमिनो
४. न्युजप्रिन्ट
५. मार्कर
६. विभिन्न रङका कागजका टुक्राहरू

## मुख्य विषयवस्तु

बौद्धिक सीप तथा सिकाइ प्रक्रिया

## सहजीकरण विधि

- मस्तिष्क मन्थन
- खेल तथा समूहमा छलफल

### सहजकर्ताको पूर्वतयारी

- यो सत्र सञ्चालन गर्नुभन्दा पहिले बौद्धिक विकासको पक्षहरूको बारेमा राम्रोसँग अध्ययन गर्नुहोस्।
- यस सत्र सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरू, चित्र कार्डहरू बाकसमा तयार राख्नुहोस्।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची ६ मा रहेको छ अध्ययन गर्नुहोस्।

## सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप नं. १

- प्रत्येक सहभागीलाई अर्धगोलाकारमा राख्नुहोस् ।
- सर्वाङ्गीण बालविकास के हो ? बालबालिकामा सर्वाङ्गीण विकास हुन किन जरुरी हुन्छ ? भनेर सोध्नुहोस् ।
- उनीहरूले दिएका जवाफ सुन्नुहोस् । सर्वाङ्गीण विकास भन्नाले गर्भ अवस्थादेखि आठ वर्षसम्मका बालबालिकाको उमेरअनुसार शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक र सांस्कृतिक विकासमा आउने सकारात्मक परिवर्तन र परिपक्वता नै सर्वाङ्गीण विकास हो र यी ६ ओटा विकास एकअर्कासँग अन्तरसम्बन्धित छन् र उमेरअनुसार सबै विकास हुनु अति आवश्यक छ भन्दै आफूले निष्कर्ष दिनुहोस् ।
- सर्वाङ्गीण विकासका विभिन्न पक्षहरूमध्ये बौद्धिक विकास भनेको के हो ? बौद्धिक विकासको महत्त्व र यसको साथै अरू विकास कसरी हुन्छ भन्ने कुराहरू छलफल गर्नुहोस् । त्यसका लागि के के क्रियाकलापहरू उपयोगी हुन सक्छन् भनी छलफल गराउनुहोस् ।
- प्रत्येक विषयमा बौद्धिक विकाससँग सम्बन्धित हुने गरी क्रियाकलाप गर्न लगाउनुहोस् । जस्तैः कक्षाकोठामा भएका विभिन्न आकार, बुट्टा र रङ भएका वस्तुहरूको विषयमा छलफल गर्न लगाउनुहोस् ।
- निम्न उल्लेखित क्रियाकलापहरू (क्रियाकलाप नं. २ र ३) गराउँदा अन्य पक्षको विकास पनि सँगसँगै हुन्छ भनेर यस सत्रमा छलफल गर्नेछौं भन्नुहोस् र छलफल सुरु गर्नुहोस् ।

### क्रियाकलाप नं. २

- सहभागीहरूलाई तीन समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई बौद्धिक विकास गर्ने क्रियाकलापहरू के के हुन्छन् न्युजप्रिन्टमा लेख्न दिनुहोस् र टाँस गर्न लगाउनुहोस् ।
- सहभागीहरूले लेखेको बुँदामा छलफल गर्नुहोस् र प्रशिक्षकले थप पृष्ठपोषणमा बौद्धिक विकास भन्नाले बालबालिकाको दिमागसँग सम्बन्धित हुन्छ भनेर छलफल गर्नुहोस् ।
- सहभागीहरूलाई समूहमा खेल्ने सामग्रीहरू दिनुहोस् । पहिलो समूलाई चित्र कार्ड, दोस्रोलाई डोमिनो र तेस्रोलाई पजल दिनुहोस् ।
- उनीहरूले कसरी खेल्छन् हेर्नुहोस् र कसरी खेले, के सिके र के विकास भयो ? भनेर समूहलाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- बालबालिकाले चित्र कार्डहरू बुझ्ने, छुट्याउने, उस्तै चित्र मिलाएर राख्ने, डोमिनो पजल मिलाउने जस्ता क्रियाकलापहरू गर्दा बौद्धिक विकासमा सहयोग पुऱ्याउँछ भन्नुहोस् ।

### क्रियाकलाप नं. ३

- सहभागी समूहलाई थप अर्को खेल खेल्न लगाउनुहोस् ।
- हरेक समूहलाई विभिन्न रङका (रातो, नीलो, हरियो, पहेंलो, सेतो, कालो) कागजका टुक्राहरू दिनुहोस् ।
- लामो, छोटो, सानो, ठूलो, विभिन्न आकारका ती टुक्राहरूलाई रङको (रातो, नीलो, हरियो, पहेंलो, सेतो, कालो) क्रमअनुसार, आकारअनुसार, छुट्याउन र सानो ठूलो क्रम मिलाएर राख्न लगाउनुहोस् । यसैगरी उस्तै रङ, उस्तै आकार र लामो छोटो, सानो, ठूलो मिलाएर कति कति ओटा रहेछन् गन्ती गर्न लगाउनुहोस् ।
- यो क्रियाकलाप गराउँदा बालबालिकाको वर्गीकरण तथा क्रम मिलाउन सक्ने सीपको विकास हुनुको साथै उनीहरूको स्थूल अङ्गको विकास, सामाजिक विकास, भाषिक विकास र सबै जनाले सँगै कार्य गर्दा सामाजिक विकास हुन्छ ।

### प्रतिविम्बन

क) यो क्रियाकलापबाट बौद्धिक विकासअन्तर्गत कुन विशिष्ट पक्षको विकास भयो ?

ख) बौद्धिक विकासका अन्तर्गत बौद्धिक सीप तथा सिकाइ विकासका लागि अरू थप क्रियाकलापहरू के के हुन सक्छन्?

ग) यी क्रियाकलापबाट बौद्धिक विकासका साथै अन्य कुन कुन पक्षको विकासमा सघाउ पुग्छ होला ?

# चौथो दिन

**पहिलो सत्र**

- बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

**दोस्रो सत्र**

- भाषिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

**तेस्रो सत्र**

- सांस्कृतिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

# बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरुसँगको सम्बन्ध

**दिन :** चौथो **सत्र :** पहिलो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

यस सत्रमा बौद्धिक विकासअन्तर्गत पर्ने वैज्ञानिक खोज/आकाश तथा मौसम र समयको अवधारणाबाट बालबालिकाको बौद्धिक विकास कसरी हुन्छ भन्ने बारेमा छलफल गरिनेछ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

१. बौद्धिक विकासका विशिष्ट पक्षहरू बताउन,

२. विभिन्न क्रियाकलापबाट बैज्ञानिक खोज तथा ज्ञानसम्बन्धी सिकाइ प्रक्रियाका बारेमा बताउन,

३. बालबालिकाको बौद्धिक विकास अन्तर्गतका उपक्षेत्र र विशिष्ट पक्षको विकासको लागि विभिन्न क्रियाकलापहरू प्रस्तुत गर्न,

४. ऋृतु, मौसम र पहिरनसम्बन्धी सिकाइ गर्ने सीप सिक्न,

५. आकाश, सूर्य, चन्द्रमा र ताराको आकार, प्रकार तथा उपयोगितासम्बन्धी क्रियाकलाप गराउन,

६. विभिन्न क्रियाकलापबाट बालबालिकालाई बौद्धिक विकास हुन सघाउने प्रक्रियाका पहिचान गर्न,

७. बालबालिकाहरूलाई समयको अवधारणा दिने सीप सिक्न ।

## आवश्यक सामग्री

१. गर्मी, जाडो, पानी पर्दा, घाम लाग्दाको चार्ट

२. रङ भर्नका लागि विभिन्न मौसम तथा ऋृतुमा लगाउने लुगाका चित्रहरू

३. A4 पेपर

४. क्रेयन कलर

५. सुर्य, चन्द्र, तारा र आकाशका चित्र

६. गीत

७. बार तथा महिनाको चित्रात्मक दैनिक तालिका

८. घडी र हिजो

## मुख्य विषयवस्तु

क) वैज्ञानिक खोज/आकाश तथा मौसम

ख) समयको अवधारणा

## सहजीकरण विधि

- मस्तिष्क मन्थन
- प्रयोगात्मक खेल तथा समूहमा छलफल

### सहजकर्ताको पूर्वतयारी

- यो सत्र सञ्चालन गर्नुभन्दा पहिले बौद्धिक विकासअन्तर्गतका सबै उपक्षेत्र, विशिष्ट पक्षहरूका बारेमा राम्रोसँग अध्ययन गर्नुहोस् ।
- यस सत्र सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरू तयार गरेर (बाकसमा मिलाएर) राख्नुहोस् ।
- वैज्ञानिक खोजका विभिन्न विषयहरू; मौसम, गर्मी, जाडो, पानी पर्दा, घाम लाग्दाका चार्ट, ती मौसममा लगाउने लुगाहरू, आकाश, सूर्य, चन्द्र, ताराका चित्रहरू तयार राख्नुहोस् ।
- यसैगरी A4 साइजमा रङ भर्न र धर्का कोर्न मिल्ने गरी बनाइएका विषयअनुसारका चित्र सहभागीको सङ्ख्याअनुसार तयार गर्नुहोस् ।
- मौसमसम्बन्धी गीत न्युजप्रिन्टमा लेखेर तयार गर्नुहोस् ।
- समयको अवधारणा बुझाउन आवश्यक बार, महिना सम्बन्धी चित्रात्मक दैनिक तालिका, समय सिकाउन घडी, हिजो, आज, भोलि सिकाउन सहभागीअनुसार सामग्री तयार गर्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची ६ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

### क) वैज्ञानिक खोज/आकाश तथा मौसम

सहभागीहरूलाई अर्धगोलाकारमा बस्न लगाउनुहोस् र बौद्धिक विकासअन्तर्गत (बालबालिकाका लागि) मौसम तथा ऋतुसम्बन्धी र सूर्य, चन्द्रमा, ताराजस्ता खगोलीय पिण्डहरूको वैज्ञानिक खोजका सम्बन्धमा छलफल तथा क्रियाकलाप गर्दछौं भन्नुहोस् र तल दिएका क्रियाकलापमा सहभागी गराउनुहोस् ।

### क्रियाकलाप नं. १

- यो क्रियाकलाप गराउँदा प्रशिक्षकले सहभागीलाई त्यस दिनको विषयवस्तुको चित्र भित्र रङ भर्ने र धर्का कोर्ने कार्य गराउनुहोस् ।
- प्रत्येक विषयमा बौद्धिक विकास हुने क्रियाकलाप गर्न लगाउनुहोस् र मौसमको बारे अझै बढी ज्ञानको लागि बाहिर लग्ने र आजको मौसम कस्तो छ भनेर सोध्ने त्यसबारे छलफल गर्न लगाउनुहोस् ।
- सहभागीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् र गोलो घेरामा बस्न लगाउनुहोस् ।
- प्रत्येक सहभागीलाई बौद्धिक विकासका लागि के के क्रियाकलापहरू गर्न सकिन्छ भनेर सोध्नुहोस् र न्युजप्रिन्टमा लेख्न र टाँस गर्न लगाउनुहोस् ।

- सहभागीहरूमध्ये एउटा समूहले लेखेको बुँदा एक समूहले अर्को समूहलाई पढेर सुनाउन र छलफल गर्न लगाउनुहोस् ।
- प्रशिक्षकले बौद्धिक विकासअन्तर्गत वैज्ञानिक खोज, ज्ञान तथा प्रविधिहरू बालबालिकाले जानकारी हासिल गर्न र सिक्न आवश्यक हुन्छ भन्दै थप स्पष्ट पारिदिनुहोस् ।
- यसैगरी आकाश, सूर्य, चन्द्रमा, तारा, अँध्यारो, उज्यालो मौसम तथा ऋतुका बारे बालबालिकालाई ज्ञान दिनुपर्दछ भनेर बताउनुहोस् ।
- बौद्धिक विकास भन्नाले बालबालिकाको दिमागी क्षमतासँग सम्बन्धित भएको कुराको छलफल गर्नुहोस् ।

## क्रियाकलाप नं. २

- सहभागीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् र निम्न तरीकाबाट प्रयोगात्मक खेल खेल्न लगाउनुहोस् ।
- पहिलो समूहलाई गर्मी महिनामा लगाउने पोसाक भएका चित्रहरू दिनुहोस् ।
- दोस्रो समूहलाई जाडो महिनामा लगाउने पोसाक भएको चित्रहरू दिनुहोस् र सोही क्रममा तेस्रो र चौथो समूहलाई पानी पर्दा र घाम लाग्दा लगाउने पोसाक भएको चित्रहरू क्रमशः दिनुहोस् ।
- प्रत्येक समूहलाई जाडो, गर्मी, पानी परेको जस्ता मौसम जनाउने चित्रहरू दिनुहोस् र पोसाकसँग जोडा मिलाउन लगाउनुहोस् ।
- कुन मौसममा कस्तो अनुभूति हुन्छ, सबै समूहका सहभागीहरूलाई अभिनय गरेर देखाउन लगाउनुहोस् (जस्तैः, जाडो भएको, गर्मी भएको अभिनय) ।
- सहभागीहरूलाई कुन महिनामा कस्तो मौसम हुन्छ छलफल गर्दै लेख्न र दिएको मौसमका चित्रमा सुहाउँदो रङ भर्न लगाउनुहोस् ।
- यसरी समूहमा छलफल गरी रङ लगाउँदा कुन कुन पक्षको विकास कसरी कसरी हुन्छ ? सबैलाई पालैपालो सोध्नुहोस् ।
- छलफलको आधारमा प्रशिक्षकले स्पष्ट पार्नुहोस् ।

## क्रियाकलाप नं. ३

देहायअनुसारका क्रियाकलापहरू गराउनुहोस् :

- सहभागीहरूलाई सूर्य, चन्द्रमा, तारा र आकाश चार समूहमा विभाजन गर्नुहोस् ।
- पहिलो समूहलाई सूर्य भएको चित्र दिनुहोस् र सूर्यको बारेमा भन्न लगाउनुहोस् ।
- दोस्रो समूहलाई चन्द्रमा भएको चित्र दिनुहोस् र चन्द्रमाको बारेमा बताउन भन्नुहोस् ।
- त्यसै गरी तेस्रो समूहलाई तारा र चौथो समूहलाई आकाशको बारेमा बताउन लगाउनुहोस् ।

- सूर्य, चन्द्रमा र तारा आकाशमा कति बेला देखिन्छ, कतिबेला देखिन्न, किन देखिन्न आदि जस्ता प्रश्नहरू गर्दै सहभागीहरूलाई एक समूहले अर्को समूहलाई प्रश्न सोध्न र उत्तर दिन लगाउँदै छलफल गराउनुहोस् र छलफलका आधारहरूमा प्रशिक्षकले स्पष्ट धारणा दिनुहोस् ।
- अन्त्यमा सबै सहभागीहरूलाई आफूसँग भएको चित्र माथि धर्का कोर्न लगाउनुहोस् ।
- यो क्रियाकलापबाट के के सिकियो र कुन कुन पक्षको विकास हुन्छ भनी छलफल गराउनुहोस् ।
- माथि उल्लेखित क्रियाकलाप गराउँदा बालबालिकाको पाँच ओटा पक्षको विकास हुन्छ भन्ने कुरा प्रशिक्षकले प्रष्ट पार्नुहोस् ।

## ख) समयको अवधारणा

सहभागीहरूलाई अर्धगोलाकारमा बस्न लगाउनुहोस् र बौद्धिक विकासअन्तर्गत बालबालिकालाई समयको अवधारणा (बार, महिना, समय र हिजो, आज, भोलि) बारे बौद्धिक ज्ञान हुनुपर्दछ र अब हामी बालबालिकाको सो बौद्धिक ज्ञानको विकास गर्ने क्रियाकलाप गर्दछौं भन्नुहोस् र तल दिएका क्रियाकलापमा सहभागी गराउनुहोस् ।

### क्रियाकलाप नं. १

- सहभागीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् र गोलो घेरामा बस्न लगाउनुहोस् ।
- प्रत्येक समूहलाई समय भनेको के हो ? भनेर छलफल गर्न लगाउनुहोस् र छलफलमा आएको कुरा न्युप्रिन्टमा लेखी टाँस्न लगाउनुहोस् ।
- सहभागीहरूमध्ये एउटा समूहले लेखेको बुँदा अर्को समूहलाई पढेर सुनाउन लगाउनुहोस् र छलफल गराउनुहोस् ।
- प्रशिक्षकले समयको अवधारणा भन्नाले हिजो, आज, भोलि, बार तथा महिनाको समयको ज्ञान हो र समय भनेको दुई घटना बीचको अवधि हो भन्ने बताउनुहोस् । बालबालिकामा समयको अवधारणा, बार तथा महिनाको ज्ञान हुनु किन जरुरी छ भन्ने कुरा स्पष्ट गर्नुहोस् ।


### क्रियाकलाप नं. २

- सहभागीहरूलाई अर्धगोलाकार बनाएर बसाउनुहोस् ।
- सबैले देख्ने गरी घडीको नमुना देखाउनुहोस् र घडीमा समय कसरी हेरिन्छ र घडी घुम्दा ठूलो सुई र सानो सुई कसरी घुम्छ र घुम्दा कति बज्यो भनेर कसरी भन्ने छलफल गर्नुहोस् ।
- सहभागीहरूलाई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र एकजना सहभागीलाई ठूलो सुई र अर्को सहभागीलाई सानो सुई बनाउनुहोस् ।
- प्रशिक्षकले ठूलो सुई बाह्रमा र सानो सुई एकमा हुँदा कति बज्यो भनेर सोध्नुहोस् । सोही क्रममा ठूलो र सानो सुई घुमाउँदै लैजाने र सहभागीहरूलाई समयको बारेमा सोध्ने र त्यसको अवधारणाबारे बताउनुहोस् । यो क्रियाकलाप गर्दा सबै सहभागीहरूलाई पालैपालो गराउनुहोस् ।

- प्रशिक्षकले घडीको गीत न्युजप्रिन्टमा लेखेर टाँस्नुहोस् र सबै मिलेर घडीको गीत गाउनुहोस् ।

**"अहिले कति बज्यो ?"**

सुन सुन साथी हो, घडीले के भन्छ ?
टिक टिक गर्दै समय बताउँछ
छोटो काँटा १० मा, लामो काँटा १२ मा
भन भन साथी हो, अहिले कति बज्यो ?
छोटो काँटा १० मा, लामो काँटा १२ मा
सुन सुन साथी हो, अहिले १० बज्यो ।




(नोट : यो गीत गाउँदाको समयलाई राखेर गाउनुहोस् ।)

- अन्त्यमा सहभागीहरूलाई यी क्रियाकलापहरूट कुन कुन पक्षको विकास हुन्छ भनेर सोध्नुहोस् । यसरी क्रियाकलाप गर्दा हात, खुट्टा चलाउँदा शारीरिक विकास हुन्छ । रमाइलो महसुस हुँदा संवेगात्मक विकास, समयको बारेमा सोच्दा बौद्धिक विकास र सबैजना सँगै मिलेर खेल्दा सामाजिक विकास र समयको बारेमा बोल्दा अङ्क र भाषाको विकास हुन्छ ।

## प्रतिविम्बन

क) वैज्ञानिक खोज/आकाश तथा मौसमसम्बन्धी क्रियाकलापबाट बौद्धिक विकासअन्तर्गत कुन विशिष्ट पक्षको विकास भयो ? भन्नुहोस् ।

ख) बौद्धिक विकासअन्तर्गत वैज्ञानिक खोज तथा ज्ञानसम्बन्धी सिकाइका लागि अरू थप क्रियाकलापहरू के के हुन सक्छन् ।

ग) बौद्धिक विकासका अन्तर्गत मौसम, ऋतु र आकाशसम्बन्धी आधारभूत जानकारी दिने प्रयोजनका लागि अरू थप क्रियाकलापहरू के के हुन सक्छन् ?

घ) समयको अवधारणासम्बन्धी क्रियाकलापबाट बौद्धिक विकासका साथै अन्य कुन कुन पक्षको विकास हुन्छ ?

# भाषिक विकास र अन्य विकासात्मक क्षेत्रहरुसँगको सम्बन्ध

**दिन :** चौथो　　**सत्र :** दोस्रो　　**समय :** १ घण्टा ३० मिनेट

## परिचय

भाषा विकास भन्नाले बालबालिकाको उमेरअनुसार बोल्ने, प्रश्न गर्ने, भनेको कुरा बुझ्ने वा निर्देशन बुझेर त्यसलाई अवलम्बन गर्ने जस्ता क्रियाकलापलाई बुझिन्छ । यस सत्रमा यही क्रियाकलापहरूको बारेमा छलफल गरिनेछ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न पक्षहरूमा सक्षम हुनेछन्:

१. भाषिक विकासको अवधारणा भन्न,

२. भाषिक विकासका लागि आवश्यक क्रियाकलापहरू तयार गर्न,

३. विषयवस्तुमा आधारित रही भाषिक विकासका क्रियाकलापको प्रयोग गर्न ।

## आवश्यक सामग्री

| | | | |
|---|---|---|---|
| १. चित्रपत्ती | २. शब्दपत्ती | ३. चित्रकथाका पुस्तक | ४. न्युजप्रिन्ट |
| ५. मार्कर | ६. सादा पाना | ७. पेन्सिल | ८. नाङ्लो |

## मुख्य विषयवस्तु

भाषिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

## सहजीकरण विधि

- समूह कार्य
- खेल
- छलफल
- मस्तिष्क मन्थन

## सहजकर्ताको पूर्वतयारी

- भाषिक विकास हुने सम्बन्धी क्रियाकलाप गराउन आवश्यक पर्ने चित्र पत्ती, शब्द पत्ती, चित्र कथा पुस्तक तयार गर्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची ७ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप नं. १

- सहभागीहरूको सक्रियताका लागि विषयवस्तुको परिचय गराउँदै मस्तिष्क मन्थन अभ्यासबाट सत्रको सुरु गराउनुहोस् ।
  - यो सत्रमा सहभागीहरूलाई भाषिक विकासको अवधारणा स्पष्ट पार्न भाषिक विकासका पक्षहरूका बारेमा छलफल गराउनुहोस् ।
  - सहभागीलाई गोलो घेरामा उभिन लगाउनुहोस् ।
  - २ जनालाई अगाडि बोलाउनु होस र नाङ्लोमा भएको चित्रपत्ती र शब्दपत्ती मध्येबाट एकएकओटा टिप्न लगाउनुहोस् । चित्रको नाम भन्न लगाउनुहोस् र टिपेको शब्दपत्तीमा भएको शब्द पढ्न लगाउनुहोस् । चित्र र शब्द मिलेमा उनीहरूलाई बस्न लगाई अर्को २ जनालाई बोलाएर पुनः अघिको प्रक्रिया गराउनुहोस् । यदि चित्रसँग टिपेको शब्द नमिलेमा अर्को जनालाई बोलाई शब्दपत्ती टिप्न लगाउनुहोस् र नमिलेसम्म यो प्रक्रिया जारी गर्नुहोस् ।
- यस क्रियाकलापबाट बालबालिकाले के के सिक्नेछन् छलफल गराउनुहोस् र निम्न लिखित बुँदाहरू प्रष्ट्याउनुहोस् ।
  - भाषिक विकास हुनु भनेको
    - सञ्चार क्षमताको विकास हुनु हो, उनीहरूका सुनाइ क्षमताको विकास भई, अरूले बोले को कुरा सुन्न र ठीकसँग जवाफ दिन सक्ने हुनु हो ।
    - दोहोरो कुराकानी गर्न सक्ने हुनु हो ।
    - पूर्वपढाइ तथा लेखाइका सीपहरू जस्तैः चित्र चिन्ने, चित्र हेरेर वर्णन गर्न, चित्र कथा पढ्न तथा चित्र कोर्न, सार्न, रङ भर्न सक्ने आदि हासिल गर्नु हो ।
  - एउटा नाङ्लोमा चित्रपत्ती र अर्कोमा शब्दपत्ती मिलाएर राख्नुहोस् ।
  - यी क्रियाकलापहरू गर्दा बालबालिकाको अन्य पक्षहरूको पनि विकास हुन्छ भनेर स्पष्ट गर्नुहोस् ।
  - यस क्रियाकलापबाट कुन कुन पक्षको विकास हुन्छ र कसरी भनेर छलफल गराउनुहोस् ।

### क्रियाकलाप नं. २

- सहभागीहरूलाई सङ्ख्याको आधारमा ४ वा ५ ओटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई फरक फरक कार्य दिनुहोस् ।
  - समूह ‘क’ चित्रका टुक्राहरू (विषयवस्तुसँग सम्बन्धित) बाट कथा बनाउनुहोस्
  - समूह ‘ख’ सपना सुनाउनुहोस्
  - समूह ‘ग’ प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षा आउँदा वा घर जाँदा बाटोमा देखेका कुराहरूको वर्णन गर्नुहोस्
  - समूह ‘घ’ चित्र बनाउँदै कथा पूरा गर्नुहोस्
  - समूह ‘ङ’ शब्दपत्ती (विषयवस्तुसँग सम्बन्धित) बाट चित्र बनाउनुहोस् र कथा भन्नुहोस्
- माथि उल्लेखित क्रियाकलापहरूका लागि सबै सहभागीहरूलाई १० मिनेट तयारीका लागि समय दिनुहोस् र सबै समूहलाई पालैपालो सुनाउन लगाउनुहोस् ।

- यस क्रियाकलापबाट बालबालिकाले के के सिक्नेछन् छलफल गराउनुहोस् ।
- यस क्रियाकलापबाट कुन कुन पक्षको विकास हुन्छ र कसरी भनेर छलफल गराउनुहोस् ।

### क्रियाकलाप नं. ३

- सहभागीहरूलाई गोलो घेरामा बसाउनुहोस् । विषयवस्तुसँग सम्बन्धित विषय दिएर पालैपालो सबैलाई कथा भन्न लगाउनुहोस् ।
- प्रत्येकले भनी सकेपछि कथाको विषयवस्तु के थियो भनेर सोध्नुहोस् र स्याबासी दिनुहोस् ।
- कथाको पात्रको वा विषयको अभिनय गरेर देखाउन लगाउनुहोस् ।
- यस क्रियाकलापबाट कुनकुन पक्षको विकास भयो र कसरी भनेर छलफल गराउनुहोस् ।

### क्रियाकलाप नं. ४

- सहभागीहरूलाई गोलो घेरामा बसाउनुहोस् ।
- प्रशिक्षकले विषयवस्तुसँग सम्बन्धित कविता भन्नुहोस् । सहभागीहरूलाई आफूसँगै कविता भन्न लगाउनुहोस् ।
- यसैगरी फेरि आफूले भनी सकेपछि भन्न लगाउनुहोस् । कवितालाई दोहोऱ्याएर भन्न लगाउनुहोस् ।
- कविता ताल तथा चाल मिलाएर वाचन गर्न सिकाउनुहोस्, जस्तोः ताली बजाउने, चुट्की बजाउने आदि ।
- कवितामा भएका शब्दहरूलाई पुनः उच्चारण गरेर भन्न लगाउनुहोस् ।
- यस क्रियाकलापबाट बालबालिकाहरूमा कुन कुन पक्षको विकास कसरी हुन्छ भनेर छलफल गराउनुहोस् ।

### क्रियाकलाप नं. ५

- सहभागीहरूलाई साधा पाना र पेन्सिल वा क्रेयन दिनुहोस् ।
- कुनै चित्र वा शब्द दिएर पानामा सार्न लगाउनुहोस् ।
- विभिन्न आकार भित्र वा कुनै चित्रमा रङ भर्न लगाउनुहोस् ।
- आफ्नो नाम लेख्न लगाउनुहोस् ।
- यस क्रियाकलापबाट बालबालिकाको कुन कुन पक्षको विकास भयो र कसरी भनेर छलफल गराउनुहोस् ।

### प्रतिविम्बन

क) भाषिक विकास भन्नाले कुन कुन सीपको विकास भएको मानिन्छ ?

ख) बालबालिकासँग भाषिक विकासका लागि थप के कस्ता क्रियाकलाप गराउन सकिन्छ ?

ग) भाषिक विकासका क्रियाकलापहरू अन्य विकासका पक्षहरूसँग के कसरी सम्बन्धित हुन्छन् ?

घ) भाषिक विकासका साथै अन्य पक्षहरूको विकास गर्न थप के कस्ता क्रियाकलापहरू गराउनुपर्छ ?

# सांस्कृतिक विकास र अन्य विकासात्मक क्षेत्रहरुसँगको सम्बन्ध

**दिन :** चौथो **सत्र :** तेस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

नेपालमा मनाइने केही राष्ट्रिय र केही समुदायस्तरका स्थानीय चाडपर्वहरूको विषयमा जानकारी हासिल गराउन, बालबालिकासँग आफ्नो रीति तथा संस्कृतिका विषयमा अन्तरक्रिया गर्न, राष्ट्रियताको सिकाइ क्रियाकलापलाई राष्ट्रिय झण्डाको माध्यमद्वारा सिकाइ गर्न, नक्साको अवधारणा बसाउन र नेपाल देश चिनाउने क्रियाकलाप निर्धारण सम्बन्धमा सहजीकरण गर्ने गरी यस सत्रका क्रियाकलापहरू निर्माण गरिएका छन् ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न पक्षहरूमा सक्षम हुनेछन्:

१. परिवार तथा समुदायमा मनाइने चाडपर्वसम्बन्धी क्रियाकलापहरू तर्जुमा गर्न,

२. सांस्कृतिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध पहिचान गर्न,

३. बालबालिकालाई राष्ट्र र राष्ट्रियताको अवधारणा दिने क्रियाकलाप बनाउन ।

## आवश्यक सामग्री

१. समुदाय र पर्व झल्काउने चित्रहरू
२. चित्रपत्ती
३. शब्दपत्ती
४. चित्रकथाका पुस्तक
५. न्युजप्रिन्ट
६. मार्कर
७. राष्ट्रिय झण्डा
८. बाकस
९. झण्डाका रङ नभरेका चित्र
१०. क्रेयन कलर
११. नेपालको नक्सा
१२. पजल टुक्रा
१३. चुन, पिठो ।

## मुख्य विषयवस्तु

क) परिवार तथा समुदायमा मनाइने चाडपर्वहरू

ख) राष्ट्र र राष्ट्रियता

ग) राष्ट्र र राष्ट्रियता (मेरो देश)

## सहजीकरण विधि

- छलफल
- समूह कार्य
- प्रर्दशन
- छलफल
- खेल

### सहजकर्ताको पूर्वतयारी

- नेपालको झण्डा र राष्ट्रियता झल्किने सामाग्री तयार गर्नुहोस् ।
- राष्ट्र र राष्ट्रियता झल्किने क्रियाकलापहरू अध्ययन गरेर स्पष्ट हुनुहोस् ।
- सत्रका लागि आवश्यक पर्ने गीतहरू न्युजप्रिन्टमा लेखेर तयार गर्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची ८ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप नं. १ (परिवार तथा समुदायमा मनाइने चाडपर्वहरू)

सहभागीहरूलाई निम्नानुसार क्रियाकलाप गराउनुहोस् ।

- सहभागीहरूलाई समूहमा विभाजन गर्नुहोस्  ।
- नेपालमा मनाइने राष्ट्रिय र स्थानीय परिवेशका विभिन्न प्रकारका चाडपर्वहरू झल्कने चित्रहरू भुइँमा घोप्ट्याएर राख्नुहोस् र सहभागीहरूलाई समूहमा टिप्न लगाउनुहोस् ।
- सहभागीहरूलाई समूहगत रूपमा घोप्ट्याएका चित्रहरू पल्टाएर हेर्न र ती कुन चाडपर्व हुन् चिन्न लगाउनुहोस् ।
- त्यो पर्व कुन कुन महिनामा मनाइन्छ ? त्यति बेला जाडो, गर्मी वा मध्यम कस्तो प्रकारको समय हुन्छ भन्न लगाउनुहोस् ।
- सहभागीहरूलाई चाडपर्व विशेषमा प्रयोग हुने रङ, खाना, पहिरन, आउने पाहुना आदिका विषयमा सङ्क्षिप्त रूपमा भन्न लगाउनुहोस् ।
- सहभागीहरूलाई आआफूले टिपेका चाडपर्व विशेषका कुनै क्रियाकलापका सम्बन्धमा कुनै समूहलाई अभिनय त कुनै समूहलाई हावभावसहित गीत वा कथा प्रस्तुत गर्न लगाउनुहोस् ।
- माथिका क्रियाकलापहरूले उल्लेखित कुन कुन क्षेत्र समेट्छन् । छलफल गरौं ।

## क्रियाकलाप नं. २ (राष्ट्र र राष्ट्रियता)

सहभागीहरूलाई निम्नानुसार क्रियाकलाहरू गराउनुहोस् ।

- दुई ओटा बाकस लिनुहोस् । एउटा बाकसभित्र राष्ट्रिय झण्डा राख्नुहोस् र अर्को बाकसमा कागजका ससाना रङ नभरेका रेखाङ्कित झण्डाहरू राख्नुहोस् ।
- सहभागीलाई राष्ट्रिय झण्डा भएको बाकस देखाउँदै यसभित्र के होला भनेर अनुमान गर्न लगाउनुहोस् । अनुमानका लागि त्यसको आकार प्रकार, रङका कुरा गर्ने अथवा त्यसको आवरण र प्रयोजनका कुरा साङ्केतिक रूपमा मात्र भन्नुहोस् । जसले झण्डा भन्ने छ उसैलाई खोल्न लगाउनुहोस् र खोलेपछि ताली बजाउन लगाउनुहोस् ।
- सहभागीलाई एकसाथ उभ्याउनुहोस् र विच्चमा बस्नेलाई राष्ट्रिय झण्डा समात्न दिनुहोस् । सामूहिक राष्ट्रिय गान गाउन लगाउनुहोस् ।
- राष्ट्रिय झण्डा बीचमा राखेर झण्डाको आकार प्रकार रङका विषयमा छलफल गराउनुहोस् ।
- सहभागीहरूलाई रेखाङ्कित कागजका झण्डा भएको बाकसमा हात हालेर एक एक झण्डा निकाल्न लगाउनुहोस् र मूल झण्डा हेरेर रङ भर्न लगाउनुहोस् ।
- सबैले रङ भरिसकेपछि हातमा लिएर पङ्तीबद्ध भई नेपालको झण्डासम्बन्धी गीत गाउने क्रियाकलाप गराउनुहोस् ।

**"हाम्रो देश र देशका निशानहरू"**

चिनौँ चिनौँ निशान हामी नेपालीको
नाम भनौँ हाम्रो निशानको[२]
चन्द्र सूर्य अङ्कित झण्डा हाम्रो नेपालको
कम छैन है लालीगुराँस कुनै फूल भन्दा
चिनौँ चिनौँ[२]
हेर हेर कति राम्रो नौ रङ्गी डाँफे
आफैं छमछम नाँच्ने पहाडमा नौ रङ्गी डाँफे
चिनौँ चिनौँ[२]
हेर हेर उज्यालोमा सिम्रिकको रङ
रगत जस्तै गाढा छ है सिम्रिकको रङ
चिनौँ चिनौँ[२]

- देश वा राष्ट्रलाई चिनाउने अन्य के के हुन्न सक्छ छलफल गराउनुहोस् । यस्ता वस्तुहरूले कसरी हामीलाई नेपाली भनेर पहिचान दिन्छ सोध्नुहोस् र बालबालिकामा सानो उमेरदेखि नै कसरी राष्ट्रियताको धारणा विकास गर्ने भनी छलफल गर्नुहोस् ।

## क्रियाकलाप नं. ३ (राष्ट्र र राष्ट्रियता (मेरो देश))

सहभागीहरूलाई निम्नानुसारका क्रियाकलापहरू गराउनुहोस् ।

- सहभागीहरूलाई चउरमा दुई दुई लाइनमा उभ्याउनुहोस् ।
- सहभागीहरू उभिएको बाहिर बाहिर पर्ने गरी चारैतिरबाट खरानी वा चून वा पीठोले नेपालको नक्सा नयाँ नक्साअनुसारको रेखा बनाउनुहोस् ।
- सहभागीहरूलाई रेखा नाघेर बाहिर आउन लगाउनुहोस् । अघि हामी उभिएको ठाउँ कस्तो रहेछ हेरौं त भनेर बाहिर बोलाई हेर्न लगाउनुहोस् । यो अघि हामी उभिएको ठाउँको नक्सा हो भन्नुहोस् ।
- नेपालको सिङ्गो नक्सा भित्तामा टाँस गर्नुहोस् । हामी सबै मानिसहरू बसेको ठाउँको आकार यस्तो छ भनेर नेपालको नक्सामा देखाउनुहोस् र यो नेपाल हो भन्नुहोस् ।
- हिमालमा बस्नेलाई हिमाली भनिन्छ, पहाडमा बस्नेलाई पहाडी भनिन्छ र तराईमा बस्नेलाई तराई बासी भनिन्छ भने नेपालमा बस्नेलाई के भनिन्छ सोध्नुहोस् र नेपाली भन्न लगाउनुहोस् । हो हामी सबै नेपाली भनेर एउटै स्वरमा भन्न लगाउनुहोस् ।
- तीन ओटा बाकसमा नेपालको नक्साको तीन टुक्रा राख्नुहोस् (हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई क्षेत्र) ।
- सहभागीहरूलाई तीन समूहमा विभाजन गर्नुहोस् र एक एक ओटा बाकस दिएर के छ झिक्न लगाउनुहोस् । ती टुक्राहरू जोडेर भित्तामा टाँसेजस्तै आकारको नक्सा बनाउन लगाउनुहोस् ।
- हामी नेपाली भन्ने गीत गाउनुहोस् ।

**"हाम्रो पहिचान"**

'हाम्रो चिनारी साथी' २  
सगरमाथा हो नि साथी हाम्रो चिनारी  
'दौरा सुरुवाल गुन्यूचोलो, भादगाउँले टोपी  
नेपालीलाई सुहाएको यही लुगाले हो कि' २  
हाम्रो ......  
जातजातिअनुसारको आफ्नै आफ्नै भेष  
अनेकतामा एकता छ नेपाल हाम्रो देश' २  
हाम्रो .......  
'लेकालीले बख्खु लगाउने तराईमा धोती  
सारै राम्रो सुहाएको हाम्रो ढाका टोपी' २  
हाम्रो .......  
'कोही हिन्दु कोही बौद्ध आफ्ना आफ्नै धर्म  
एकता र मेलमिलाप नेपालीको कर्म' २  
हाम्रो .......  
सगरमाथा .........३

- माथि प्रस्तुत गरेको गीतको आधारमा राष्ट्रियता बारे छलफल गर्न लगाउनुहोस् ।

- छलफलको आधारमा प्रशिक्षकले राष्ट्रियताको सम्बन्धमा स्पष्ट धारणा दिनुहोस् ।
- राष्ट्र र राष्ट्रियता के के कुराले झल्किन्छ छलफल गर्नुहोस् । राष्ट्रियता भनेको देश भित्र र देश बाहिर जहाँ पनि झल्किन्छ भन्ने कुरा बताउनुहोस् । राष्ट्रियता हाम्रो पहिरन, हामीले बोल्ने बोली, हाम्रो संस्कृतिबाट झल्काउन सकिन्छ भन्ने कुरा प्रष्ट पार्नुहोस् । जस्तैः हामी नेपाली विश्वको जुनसुकै कुनामा बसे पनि हामीले बोल्ने बोली, हाम्रो संस्कृति र हाम्रो पहिरनले हाम्रो राष्ट्रियता झल्की राखेको हुन्छ भन्ने कुरा प्रस्ट पार्नुहोस् ।

## प्रतिविम्बन

क) प्रस्तुत क्रियाकलापहरू तपाईंलाई कस्तो लाग्यो ?

ख) यस सत्रमा सिकिएका मुख्यमुख्य कुराहरू के के हुन् ?

ग) यहाँ छलफल भएका बाहेक घरपरिवार तथा समुदायमा मनाइने चाडपर्वका सम्बन्धमा अरू कुनै क्रियाकलाप गराउन सकिन्छ ? कसरी ?

घ) यी क्रियाकलापहरूबाट बालबालिकाको कुन कुन पक्षहरूको विकास हुन्छ ?

ङ) प्रस्तुत क्रियाकलापहरू बाहेक अरू के के क्रियाकलाप नेपालको राष्ट्रिय झण्डासम्बन्धी क्रियाकलापका लागि उपयुक्त होलान् ? प्रस्तुत गर्नुहोस् ।

च) यस्ता क्रियाकलापहरू गराउन आइपर्ने कठिनाइहरू के के हुन सक्छन् ?

छ) आइपर्ने कठिनाइहरूको समाधान कसरी गर्न सकिएला ?

ज) यहाँ गरिएका क्रियाकलापहरूले प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा गराउने क्रियाकलाप निर्माणमा कतिको सहयोग पुऱ्याउँछ भन्ने लाग्छ ?

झ) यी क्रियाकलापबाट कुन कुन पक्षको विकास भयो र कसरी ?

# पाँचौँ दिन

**पहिलो सत्र**

- सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको सूचकसहितको पुनरावलोकन

**दोस्रो सत्र**

- न्यूनतम मापदण्डअनुसार सिकाइ वातावरण व्यवस्थापन

**तेस्रो सत्र**

- दैनिक कार्यतालिकाबारे जानकारी तथा प्रयोग

# सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको सूचकसहितको पुनरावलोकन

**दिन :** पाँचौं **सत्र :** पहिलो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा प्रगति विवरणको साधनले प्रारम्भिक बालविकास तथा पूर्वप्राथमिक कक्षामा भर्ना भएका ४८ देखि ६० महिना भित्रका बालबालिकाको निरन्तर मूल्याङ्कन गर्न सहजीकरण गर्ने सीपसम्बन्धी यस सत्रमा छलफल गरिनेछ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको सूचकको महत्त्व वताउन ।

## आवश्यक सामग्री

१. विकासका सबै क्षेत्रहरू अन्तर्गतका सूचकहरूको सूची  २. प्रोजेक्टर  ३. ल्यापटप

४. न्युजप्रिन्ट  ५. मार्कर  ६. मास्किङ टेप

## मुख्य विषयवस्तु

सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको सूचकसहितको पुनरावलोकन

## सहजीकरण विधि

- छलफल
- अवलोकन
- समूह कार्य
- प्रदर्शन तथा प्रस्तुतीकरण

### सहजकर्ताको पूर्वतयारी

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका सूचकहरू अध्ययन गरेर स्पष्ट हुनुहोस् ।
- यस सत्रको लागि आवश्यक पर्ने पावर प्वाइन्ट तयार गर्नुहोस् ।
- सबै सहभागीहरूलाई पुग्ने गरी सूचकहरूको छायाँप्रति तयार गर्नुहोस् ।
- क्षेत्र र उपक्षेत्रअनुसारको मापदण्डहरू न्युजप्रिन्टमा लेखेर तयार गर्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची ९ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

सहभागीहरूलाई निम्नानुसारका क्रियाकलापहरू गराउनुहोस् ।

### क्रियाकलाप नं. १

- प्रत्येक सहभागीलाई शरीर, मन, समाज, बुद्धि, भाषा, संस्कृति भन्दै सबैलाई ६ समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई विकासका क्षेत्र, उपक्षेत्र, विशिष्ट पक्ष र सोसँग सबन्धित सूचकहरूको अध्ययन गर्न लगाउनुहोस् । जस्तो : शरीर भन्ने समूहले शारीरिक विकासका क्षेत्र, उपक्षेत्र, विशिष्ट पक्ष र सोसँग सबन्धित सूचकहरूको अध्ययन गर्नुहोस् ।
- अध्ययन गरेपछि सबै समूहलाई आ-आफ्नो बुझाइको प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

### क्रियाकलाप नं. २

- सहभागीहरूको प्रस्तुति पछि सबैलाई एउटै समूहमा बसाएर अगाडिको समूहको प्रस्तुतीकरणको पुनरावलोकन गराउनुहोस् ।
- यी सूचकहरूअनुसार बालबालिकाको मूल्याङ्कन गर्नुपर्ने कुरा स्पष्ट पारिदिनुहोस् ।
- अगाडिका सत्रहरूमा गरिएका क्रियाकलापहरूले बालबालिकाको यी विकासका सूचकहरू मापन गर्न सकिन्छ वा सकिन्न र ती सूचकहरू प्राप्त हुन्छ कि हुँदैन भनी सोध्दै सबै विकासका पक्षहरूको पुनरावलोकन गराउनुहोस् ।
- बालबालिकाको समग्र सिकाइ तथा विकासको मूल्याङ्कन गर्न उनीहरूले गर्ने विविध क्रियाकलापहरू र तिनीहरूको निरन्तर अवलोकन गर्नुपर्दछ भनेर स्पष्ट गर्नुहोस् ।

## प्रतिविम्बन

सत्रको अन्तमा सहभागीहरूलाई निम्न प्रश्नहरू सोधेर उनीहरूका बुझाइको अवस्था बारे स्पष्ट हुनुहोस् ।

क) प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका विकासात्मक पक्षहरू के के छन् ?

ख) यी विकासात्मक पक्षहरूसँग देशको मानव विकासको योजना कसरी बनेको छ ?

# न्यूनतम मापदण्डअनुसार सिकाइ वातावरण व्यवस्थापन

**दिन :** पाँचौँ | **सत्र :** दोस्रो | **समय :** १ घण्टा ३० मिनेट

## परिचय

नेपाल सरकारद्वारा प्रतिपादित प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको राष्ट्रिय मापदण्ड, २०७७ मा व्यवस्था भएको ४.१.३ केन्द्र कोठा व्यवस्थापनअनुसार कक्षाकोठा भित्र सिकाइ क्षेत्र व्यवस्थापन गर्ने सम्बन्धमा यस सत्रमा छलफल गरिनेछ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू देहायका कार्यहरू गर्न सक्षम हुनेछन्:

१. न्यूनतम मापदण्डमा उल्लेखित सिकाइको व्यवस्थापन पक्षको बोध गर्न,

२. ६ ओटा सिकाइ क्षेत्रको विषयमा परिचित हुन,

३. सिकाइ क्षेत्रमा राखिने सामग्रीहरूको पहिचान तथा प्रयोग गर्न ।

## आवश्यक सामग्री

१. ६ सिकाइ क्षेत्र सामग्रीहरू २. नाङलो ३. स्थानीय सामग्रीहरू ४. काठ ५. ढुङ्गा ६. पात ७. दाना ८. कागज ९. मकैका खोया १०. छेस्का आदि ।

## मुख्य विषयवस्तु

सिकाइ क्षेत्र व्यवस्थापन

## सहजीकरण विधि

- मस्तिष्क मन्थन
- समूह छलफल
- अभ्यास

#### सहजकर्ताको पूर्वतयारी

- यस सत्रमा आवश्यक पर्ने सामाग्री जस्तैः नाङ्लो, मेटाकार्ड, मकैका खोयाहरूको अगाडि नै व्यवस्था गर्नुहोस् ।
- सरकारद्वारा प्रतिपादित "प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको राष्ट्रिय मापदण्ड, २०७७" अध्ययन गर्नुहोस् र सम्भव भए प्रति सहभागी बराबर एउटा मापदण्ड सङ्कलन गर्नुहोस् ।
- सिकाइ क्षेत्रमा रहेका सामग्री न्युजप्रिन्टमा लेखेर टाँस्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची १० मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

सहभागीहरूलाई निम्नानुसारका क्रियाकलापहरू गराउनुहोस् ।

### क्रियाकलाप नं. १

- सहभागीहरूलाई ६ ओटा समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहबाट नेता छनौट गरी चिट्ठा पद्धतिबाट क्षेत्रको नाम टिपाउनुहोस् । (भाषा, विज्ञान, गणित, अभिनय, सिर्जना र निर्माण क्षेत्र)
- मेटाकार्डमा ६ ओटा क्षेत्रको नाम लेखिएको घोप्टो पारेर राखिएको छ, टिप्नुहोस् भन्नुहोस् ।
- सहभागीहरूलाई स्थानीय सामग्री, काठ, ढुङ्गा, पात, दानाहरूलाई आफूलाई परेको क्षेत्रअनुसार मिलाउन लगाउनुहोस् र क्षेत्रानुसारको सामान नाङ्लोमा राख्न लगाउनुहोस् ।
- समूहलाई ती ६ ओटा क्षेत्रमा राखिने सामग्रीहरूको नाम के के हुन् छलफल गरेर लेख्न लगाउनुहोस् ।
- समूहकार्य गर्न दिनुहोस् र प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- आफ्नो प्रस्तुति पछि विषयवस्तुसँग सिकाइ क्षेत्र कसरी जोड्ने भनेर थप व्याख्या गर्नुहोस् र तयारी गर्दा लिखित न्युजप्रिन्ट वा स्लाइडको प्रयोग पनि गर्न सकिन्छ ।

### क्रियाकलाप नं. २

देहायअनुसारका क्रियाकलाप गराउनुहोस् ।

- क्षेत्रानुसारका सामग्रीहरू बाहिर वा भित्र के के छन् सङ्कलन गर्न लगाउनुहोस् अथवा प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षा नजिक भएमा अवलोकन गर्न लगाउनुहोस् अथवा सिकाइ क्षेत्र मिलाएर राखिएको कुनै प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षा नजिक भएमा क्षेत्रअनुसार सामग्री मिलाएर राखिए वा नराखिएको अवलोकन गर्ने र मिले नमिलेको सम्बन्धमा मूल्याङ्कन गर्ने र नमिलेको भए मिलाउन लगाउनुहोस् ।

- ६ ओटा क्षेत्रलाई किन ६ ओटा ऱ्याकमा छुट्याएर राख्नुपर्छ भन्ने विषयमा छलफल गरी यसको महत्त्व बताइदिनुहोस् (यसको मुख्य कारण बालबालिकालाई समूहमा खेल्न सजिलो हुनाको साथै व्यवस्थापन गर्न पनि सजिलो हुनेछ, सिकाइ एकीकृत हुन्छ, एउटै विषय (Theme) भित्र ६ वटै क्षेत्रहरू समेटिएका हुन्छन् भन्ने कुरा बताइदिनुहोस् ।
- कुन विषयसँग क्षेत्रगत सिकाइ सम्बन्धित हुन्छ भनेर छलफल गर्नुहोस् । जस्तै : यातायात विषयलाई भाषा, गणित, विज्ञान, सिर्जना, अभिनय र स्वाबलम्बन तथा निर्माणमा कसरी जोड्ने भनेर प्रशिक्षकले उदाहरणसहित देखाउनुहोस् । साथै सिकाइ क्षेत्रमा क्रियाकलाप गराउँदा कसरी बालबालिकाको सर्वाङ्गीण विकास हुन्छ भन्ने कुरा छलफल गरेर स्पष्ट पार्नुहोस् ।

## प्रतिविम्बन

क) ६ ओटा सिकाइ क्षेत्रहरू के के हुन् ? यस्ता क्षेत्र किन आवश्यक पर्छ ?

ख) विषयवस्तु (पाठ्यक्रम) र सिकाइ क्षेत्रको सम्बन्ध के कस्तो छ ?

ग) सिकाइ क्षेत्रका क्रियाकलापबाट कसरी बालबालिकाको सर्वाङ्गीण विकासका क्रियाकलाप हुन सक्छ ?

# दैनिक कार्यतालिकाबारे जानकारी तथा प्रयोग

**दिन :** पाँचौं **सत्र :** तेस्रो **समयः** १ घण्टा ३० मिनेट

## परिचय

प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम, २०६२) मा निर्दिष्ट भएअनुसार प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा हरेक दिन सञ्चालन गरिने न्यूनतम क्रियाकलापहरूको वारेमा यस सत्रमा छलफल गरिने छ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

वार्षिक, मासिक, दैनिक कार्ययोजना/कार्यतालिकाबारे परिचित हुन ।

## आवश्यक सामग्री

१. दैनिक कार्यतालिकाबारे लेखिएको लिखित सामग्री

२. दैनिक कार्यतालिका

## मुख्य विषयवस्तु

दैनिक कार्यतालिकाबारे जानकारी

## सहजीकरण विधि

- छलफल
- मस्तिष्क मन्थन
- खेल
- समूहकार्य

## सहजकर्ताको पूर्वतयारी

- सहजकर्ताले 'प्रारम्भिक बालशिक्षा पाठ्यक्रम, २०७४'मा रहेको दैनिक कार्यतालिका चार्टपेपरमा लेखेर तयार गर्नुहोस् ।

## सहजीकरण क्रियाकलाप

- सहभागीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई आफ्नो प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा प्रयोग गर्दै आएको दैनिक कार्यतालिकाबारे छलफल गर्न लगाउनुहोस् ।

- छलफलका आधारमा दैनिक कार्यतालिका तयार गर्न लगाई समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।
- प्रस्तुतिका आधारमा प्रशिक्षकले तल उल्लेखित दैनिक कार्यतालिकाको बारेमा स्पष्ट पार्नुहोस् ।

प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको दैनिक कार्यतालिका यस प्रकार छ :

## दैनिक कार्यतालिका

| सि.न. | क्रियाकलाप | समय | क्रियाकलाप विस्तृतमा |
|---|---|---|---|
| १ | सुरुवात | १५ मि. | ✓ केन्द्रमा स्वागत, टिफिन ब्याग ठाउँमा राख्ने, शौचालय जाने, जुत्ता चप्पल उपयुक्त ठाउँमा राख्ने<br>✓ सरसफाइ अवलोकन र आवश्यकताअनुरूप सरसफाइ गरिदिने<br>✓ शिष्टाचार, प्रार्थना, ध्यान गर्ने गराउने । |
| २ | केन्द्र प्रवेश/सामाजिकीकरण | ३० मि. | ✓ हाजिरी<br>✓ दिन बार मौसम चार्ट मिलाउने र ती सम्बन्धमा गीत, खेल खेलाउने वा शिष्टाचार गीत खेल<br>✓ घेरा समय (साधारण छलफल, अनुभव आदानप्रदान) । |
| ३ | विषय प्रवेश/योजनाबद्ध सामूहिक क्रियाकलाप (THEME) शिक्षक सहयोगी दैनिक क्रियाकलाप पुस्तिकाको सहयोग लिने) | ६० मि. | ✓ शीर्षकगत गीत/कथा/कविता<br>✓ शीर्षकगत विषयवस्तुमा छलफल, अनुभव आदानप्रदान, धारणा प्रष्ट्याउने, क्रियाकलापका लागि निर्देशन<br>✓ ससाना समूह बनाई सिकाइ क्षेत्रको क्रियाकलाप<br>✓ क्रियाकलापको पुनरावलोकन र थप आवश्यक सहयोग र निर्देशन । |
| ४ | आराम | ३० मि. | ✓ सुत्ने वा बस्ने |
| ५ | खाजा समय | ३० मि. | ✓ स्वास्थ्य/नैतिक सन्देश<br>✓ हात धुने र खाजा खान दिने |
| ६ | स्वतन्त्र खेल | १५ मि. | ✓ इच्छाअनुसार भित्र बाहिर स्वतन्त्र रूपले खेल्न दिने |
| ७ | सङ्गीत/अभिनय/खेल | १५ मि. | ✓ विषयसँग सम्बन्धित कुनैपनि गीत/अभिनय गर्न दिने/खेल खेल्न दिने |
| ८ | योजनाबद्ध क्रियाकलाप (THEME) शिक्षक सहयोगी दैनिक क्रियाकलाप पुस्तिकाको सहयोग लिने) | ६० मि. | ✓ ससाना समूह बनाई सिकाइ क्षेत्रको क्रियाकलाप<br>✓ क्रियाकलापको पुनरावलोकन र थप आवश्यक सहयोग |
| ९ | पुनरावलोकन | १५ मि. | ✓ दिनभरिका क्रियाकलापको समीक्षा/छलफल/पृष्ठपोषण<br>✓ अर्को दिनका लागि आवश्यक निर्देशन<br>✓ बिदाइ गीत<br>✓ सरसामान यथास्थानमा राख्ने र अभिभावकले लिन आएमा जान दिने |
| **जम्मा ४:३० घण्टा** | | | |

# छैटौं दिन

**पहिलो सत्र**

- बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कन

**दोस्रो सत्र**

- बालबालिकाको व्यक्तिगत विवरणको आवश्यकता र तयारी अभ्यास

**तेस्रो सत्र**

- प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण अभ्यास

# बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कन

**दिन :** छैटौँ **सत्र :** पहिलो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको फाराम 'क' मा २० ओटा सूचकहरू छन् । ती सूचकको मापन गर्ने आधारहरूको बारेमा यस सत्रमा छलफल गरिन्छ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

१. सिकाइ तथा विकास मापनको परिचय तथा आवश्यकता भन्न,

२. सिकाइ तथा विकासको मापन गर्ने प्रक्रियाबारे स्पष्ट हुन,

३. सिकाइ तथा विकासमा अभिभावकहरूको संलग्नता बढाउने सीप सिक्न ।

## आवश्यक सामग्री

१. न्युजप्रिन्ट २. मार्कर ३. फाराम 'क' ४. बल तथा अन्य खेल सामग्री

## मुख्य विषयवस्तु

बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कन फाराम 'क'

## सहजीकरण विधि

- समूहकार्य
- खेल
- छलफल

### सहजकर्ताको पूर्वतयारी

- सिकाइ विकास तथा मूल्याङ्कन (फाराम 'क') का सूचकहरू अध्ययन गरेर स्पष्ट हुनुहोस् र न्युजप्रिन्टमा लेखेर ल्याउनुहोस् ।
- सबै सहभागीहरूलाई पुग्ने गरी प्रगति विवरणको फाराम 'क' फोटोकपी तयार गर्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची ११ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलाप

- बालबालिकाले जाने वा जानेनन्, सिके वा सिकेनन् भनेर कसरी थाहा पाउने भनी प्रश्न गर्नुहोस् । यस्तो थाहा पाउने विधिलाई के भनिन्छ ? भनी सोध्नुहोस् । सहभागीले भनेका कुराहरू न्युजप्रिन्टमा सार्दै जानुहोस् ।
- प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सिकाइलाई मात्र मापन गर्नु हुँदैन । उनीहरूको विकासको पक्ष अझै महत्त्वपूर्ण हुन्छ भनेर स्पष्ट गर्नुहोस् । अगाडिका सत्रमा गरिएका छलफलहरूलाई उदाहरणको रूपमा प्रयोग गर्नुहोस् ।
- सहभागीहरूलाई विकासका पक्ष अनुरूपका ६ ओटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई आफ्नो समूहको विकास मापनका सूचक के के हुन सक्छन् र कसरी नाप्ने वा मूल्याङ्कन गर्ने भनी छलफल गर्न लगाइ न्युजप्रिन्टमा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।
- यसैगरी दैनिक कार्यतालिका र विषयवस्तुमा आधारित सिकाइसँग विकासका ६ पक्षको सम्बन्ध के छ ? भनी प्रश्न गर्दै स्पष्ट पार्नुहोस् । प्रत्येक क्रियाकलाप गर्दा कसरी सबै पक्षहरूको विकास हुन्छ भनी क्रियाकलाप गरेर छलफल गराउनुहोस् ।

उदाहरणको लागि, दुईजना सहभागीलाई अगाडि बोलाउनुहोस् र बल वा अन्य खेल सामग्री खेल्न दिनुहोस् । अन्य सहभागीलाई यो खेलबाट कुन कुन पक्षको विकास हुन्छ भनी सोध्नुहोस् । यसै गरी के के सिके भन्न लगाउनुहोस् । सहभागीले भनेका कुरालाई थप्दै अझ स्पष्ट गर्नुहोस् ।

अथवा सहभागीलाई ४ वा ५ ओटा समूह बनाइ फरक फरक खेल सामग्री दिनुहोस् । ५ मिनेट खेल्न दिनुहोस् र न्युजप्रिन्टमा के खेलियो, के सिकियो र कुन कुन पक्षको विकास भयो लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।

- यो सत्रमा सहभागीहरूलाई सिकाइ, विकास तथा मूल्याङ्कन बारे बुझाउन ६ ओटा विकासका पक्षहरूको सहसम्बन्धलाई स्पष्ट पार्नुहोस् ।
- बालबालिकाको सिकाइ तथा विकास किन मापन गर्ने भन्ने बारेमा छलफल गराउनुहोस् ।
- सर्वाङ्गीण विकास हुनु भनेको बालबालिकाको समग्र पक्षहरूको पनि विकास हो भन्दै यी पक्षहरूको मापनका लागि तयार गरेका सूचकहरूका बारेमा स्पष्ट गर्नुहोस् ।
- यस सत्रलाई अगाडि सिकेको क्रियाकलापहरूको पुनरावलोकनको रूपमा पनि लिनुहोस् र अगाडिका सत्रहरूमा गरिएका क्रियाकलापहरूलाई सम्झदै प्रश्न गर्नुहोस्, छलफल गराउनुहोस् ।
- यसरी बालबालिकाले सिकेका विषय र विकास भएको पक्षहरूलाई कसरी व्यवस्थित गरेर राख्ने, कसरी अभिभावकलाई बुझाउने भन्ने बारेमा छलफल गराउनुहोस् ।
- प्रत्येक तीन महिनामा अभिभावक भेटघाट/बैठक गरेर बालबालिकाको विकास तथा सिकाइको समीक्षा गर्नु पर्ने कुरालाई स्पष्टसँग बताउनुहोस् ।

- प्रत्येक क्रियाकलाप गरी सक्दा बालबालिकाले गर्न सके वा गर्न नसकेको र कुन पक्षमा थप सहयोग आवश्यकता परेको अवलोकन गरी मूल्याङ्कन गर्नुपर्ने कुरालाई विशेष जोड दिनुहोस् । बालबालिकाका हरेक क्रियाकलापलाई निरन्तर सूक्ष्म रूपले अवलोकन गर्नुपर्ने कुरालाई जोड दिनुहोस् ।
- प्रारम्भिक सिकाइ तथा विकास मूल्याङ्कन फाराम दिई सबै सहभागीलाई भर्न लगाउनुहोस् । भरेको फाराम एकअर्को साथीलाई दिई पुनः समीक्षा गर्न लगाउनुहोस् ।
- कुनै सहभागीलाई कतै समस्या परेको भए स्पष्ट पारी समाधान गरिदिनुहोस् ।

## प्रतिविम्बन

क) प्रारम्भिक सिकाइ तथा विकास मूल्याङ्कन किन गर्नुपर्दछ ?

ख) यो कति कति अवधिमा र कसरी गर्नुपर्छ ?

# बालबालिकाको व्यक्तिगत विवरणको आवश्यकता र तयारी अभ्यास

**दिन :** छैटौं　　**सत्र :** दोस्रो　　**समय :** १ घण्टा ३० मिनेट

## परिचय

प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा बालबालिकाले गरेका प्रत्येक क्रियाकलापहरूलाई उनीहरूकै व्यक्तिगत फाइलमा व्यवस्थित गरेर राख्नुपर्दछ । यसबाट बालबालिकाको व्यक्तिगत क्षमता र रुचि थाहा पाउन सकिन्छ । यस सत्रमा हामी बालबालिकाको व्यक्तिगत फाइल व्यवस्थित गरेर राख्ने सीपको बारेमा छलफल गर्छौं ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

१. बालबालिकाको व्यक्तिगत विवरणको आवश्यकता बताउन,
२. बालबालिकाको व्यक्तिगत विवरण तयार गर्न ।

## आवश्यक सामग्री

१. न्युजप्रिन्ट　　२. मार्कर　　३. व्यक्तिगत विवरण फाराम

## मुख्य विषयवस्तु

बालबालिकाको व्यक्तिगत विवरणको आवश्यकता र तयारी अभ्यास

## सहजीकरण विधि

- समूह छलफल
- समूहकार्य
- अभ्यास

### सहजकर्ताको पूर्वतयारी

- बालबालिकाको व्यक्तिगत विवरण फाराम प्रत्येक सहभागी बराबर एक ओटा सङ्कलन गर्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची १२ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलाप

सहभागीहरूलाई निम्नानुसारका क्रियाकलापहरू गराउनुहोस् ।

- यो सत्रमा सहभागीहरूलाई बालबालिकाको प्रगति विवरणको आवश्यकता बारे छलफल गराउनुहोस् ।
- साना बालबालिकालाई कलमकापीबाट परीक्षा लिन नहुने कुरा स्पष्ट गर्नुहोस् । बालबालिकाको सिकाइ तथा विकासको मूल्याङ्कन उनीहरूले गर्ने क्रियाकलापहरूको निरन्तर अवलोकनबाट गर्नुपर्ने कुरा स्पष्ट पार्नुहोस् ।
- बालबालिकाकाको सिकाइ र विकासको प्रगतिबारे अभिभावक तथा शिक्षकलाई कसरी जानकारी गराउने भन्नेबारे छलफल गराउनुहोस् ।
- प्रगति विवरणमा के के राख्नु पर्छ भनेर सोध्नुहोस् ।
- बालबालिकासँग गरिने क्रियाकलापहरूमध्ये केही छनौट गरी व्यक्तिगत फाइल तयार गर्न दिनुहोस् ।
- सहभागीहरूलाई बालबालिकाले सिकेको कसरी थाहा पाउने भनेर प्रश्न गर्नुहोस् । उनीहरूले भनेको कुराहरूलाई क्रमश : न्युजप्रिन्टमा लेख्दै जानुहोस् ।
- बालबालिकाको प्रगति मूल्याङ्कनका विधि तथा प्रक्रिया बारेमा समूहकार्य गरी प्रस्तुत गर्न लगाउनुहोस् । मूल्याङ्कनका विभिन्न विधिहरूमध्ये प्रगति विवरण एक हो भनी स्पष्ट पार्दै प्रगति विवरणका बारेमा बताउनुहोस् ।
- प्रगति विवरणको फाइल कसरी तयार गर्ने भन्ने विषयमा छलफल गर्दै हरेक सहभागीलाई एक एकओटा फाइल दिनुहोस् । फाइलमा राख्ने विषयवस्तुहरूका सूची (चेकलिस्ट) तयार गर्न लगाउनुहोस् र त्यसभित्र के के राख्ने भनेर अभ्यास गराउनुहोस् ।
- प्रगति विवरणमा राखिएका विषयवस्तुले कसरी बालबालिकाको सिकाइ तथा विकासको मूल्याङ्कन हुन्छ भन्ने विषयमा प्रश्न गर्नुहोस् । आएको जवाफलाई न्युजप्रिन्टमा टिप्दै जानुहोस् ।
- सिकाइ तथा विकासका सूचकहरू दिई सहभागीहरूले भनेका मूल्याङ्कनका आधारहरूसँग तुलना गर्नुहोस् ।
- बुँदागत रूपमा प्रगति विवरणमा के के राख्ने र यसलाई बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कनमा कसरी प्रयोग गर्ने भनेर स्पष्ट बनाउनुहोस् ।
- एकअर्काले तयार गरेको फाइललाई अवलोकन र मूल्याङ्कन गर्न लगाउनुहोस् ।

## प्रतिविम्बन

क) यस सत्रमा सिकिएका मुख्यमुख्य कुराहरू के के हुन् ?

ख) व्यक्तिगत विवरण राख्नुका फाइदा के के हुन् ?

ग) व्यक्तिगत विवरण तयार गर्दा के के कुरा राख्नुपर्ने रहेछ ?

# प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण अभ्यास

**दिन :** छैटौँ **सत्र :** तेस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

४८ महिनादेखि ६० महिनासम्मका बालबालिकाका लागि विकास गरिएको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा उल्लेख गरिएका विभिन्न पक्षहरूसँग सम्बन्धित सूचकहरू र ती सूचकहरूबाट बालबालिकाका व्यक्तिगत प्रगति विवरण कसरी भर्न सकिन्छ भन्ने विषयमा यस सत्रमा छलफल र अभ्यास गरिन्छ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू देहायअनुसारका कार्य गर्न सक्षम हुनेछन्:

१. प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको महत्त्व बताउन,
२. प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण भर्न ।

## आवश्यक सामग्री

१. प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण
२. छ्याङ बाजा
३. डोरी
४. बल
५. कथा प्रस्तुतिका सामग्रीहरू

## मुख्य विषयवस्तु

प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण अभ्यास

## सहजीकरण विधि

- छलफल
- अवलोकन
- सहकार्य

### सहजकर्ताको पूर्वतयारी

- प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण अध्ययन गरेर स्पष्ट हुनुहोस् ।
- सबै सहभागीहरूलाई पुग्ने गरी प्रगति विवरणको फोटोकपी तयार गर्नुहोस् ।
- छ्याङ बाजा, डोरी बल, कथा प्रस्तुतिका सामग्रीहरू, नाङ्लोमा राखेर तयारी गर्नुहोस् ।
- विधिहरू अध्ययन गरेर यसमा थप यस्तै क्रियाकलापहरू गर्ने तयारी गर्नुहोस् ।
- सबै सहभागीहरूलाई पुग्ने गरी स्वास्थ्य सम्पर्क कार्डको फोटोकपी गरेर राख्नुहोस् ।
- भर्ना रेकर्ड, व्यक्तिगत फाइल आदिका नमुना तयार गर्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची १२ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

देशको आर्थिक, सामाजिक प्राकृतिक स्रोतअनुरूप आवश्यक मानवीय स्रोत वा जनशक्ति योजना गरिएको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा ४८ महिना देखि ६० महिनासम्मका बालबालिकाले के के गर्न सक्षम हुनुपर्छ भनेर निर्धारण गरिएका सूचकहरू नै यसको मापन गर्ने आधारहरू हुन् । तर यसमा भएका सबै सूचकहरू एकै पटकमा मापन गर्नु चुनौतीपूर्ण भएकाले यसबाट विशेष किसिमका सूचकहरू छनौट गरी प्रगति विवरण तयार गरेको तथ्य बताउँदै पहिले तयार गरेको प्रगति विवरणको फोटोकपी, वितरण गर्नुहोस् ।

यो प्रगति विवरण भर्दा बालबालिकालाई उतिबेला नै भनिएका क्रियाकलाप गर्न लगाउने होइन भन्ने स्पष्ट पार्दै बालबालिकाको प्रत्येक दिनको क्रियाकलाप अवलोकनलाई आधार मान्नुपर्ने कुरा प्रस्ट्याइ दिनुहोस् । बालबालिकालाई उनीहरूले गरेका क्रियाकलापको आधारमा यथासमयमा नै के गर्न सके, के गर्न सहयोग लिए वा मागे जस्ता कुराहरूलाई याद गरी उनीहरूका विकास र सिकाइको अवस्था मूल्याङ्कन गर्नुपर्दछ । यसलाई निरन्तर मूल्याङ्कन पनि भनिन्छ ।

### क्रियाकलाप नं. १

- प्रत्येक सहभागीलाई प्रगति विवरणमा भएका १ देखि २० सम्मका सूचकहरू र मापन गर्ने तरिका र पृष्ठ नं ३ को नं राख्ने तरिकासमेत अध्ययन गर्न लगाउनुहोस् ।
- बाँकी सहभागीहरूलाई पहिलो पेजको बालबालिकाको व्यक्तिगत विवरण, परिचय र अन्तिम पेजको समग्र रूपमा बालबालिकाको सबल पक्ष तथा सुधार गर्नुपर्ने पक्ष अध्ययन गर्न लगाउनुहोस् ।
- अध्ययन गरेपछि सबैलाई के के बुझ्नुभयो सोधी प्रस्तुति गर्न लगाउनुहोस् ।
- यसमा सहभागीहरूको बुझाइ सही छ छैन वा एकरूपता छ छैन बुझेर सोअनुसार छलफल गराई सबैको समान बुझाइ बनाउने प्रयत्न गर्नुहोस् ।

### प्रशिक्षकको फाराम प्रयोगका लागि सुझाव :

- प्रगति विवरणको तेस्रो पेजमा भएको कोलमहरू पहिलो, दोस्रो र तेस्रो त्रैमासिक परीक्षाको (यहाँ परीक्षा भन्नाले विद्यालयको परीक्षालाई सम्झनुपर्दछ) बेलामा प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाका बालबालिकाहरूको पनि प्रगति विवरण राख्ने । यसको पहिलो कोलममा भएको **पहिलो त्रैमासिक** भनेकोमा पहिलो त्रैमासिक परीक्षाको बेलामा यसैगरी अन्य परीक्षाको बेलामा तोकिएको कोलममा बालबालिकाको प्रगति मापन गर्दै भरेर राख्नुहोस् ।
- सूचकअनुरूपको क्रियाकलाप गराउँदा सूचकसँगै राखिएका निर्देशनहरू ध्यान दिएर पढ्ने र सोअनुसार भर्ने । जस्तै सूचक १ मा सन्तुलन गरी हिँड्ने प्रयास नै नगरेमा १ नं दिने, प्रयास गर्छ तर कुनै पनि गर्न नसकेमा २ नं, यसैगरी ३ ओटा विकल्पहरू मध्ये १ ओटा वा दुई ओटा मात्र गरेमा ३ नं र सबै गर्न सकेमा ४ नं दिनुहोस् ।
- सूचक नं ६ को पोषण मापनको लागि बालबालिका भर्ना हुँदा नै आ-आफ्नो कार्डको फोटोकपी व्यक्तिगत फाइलमा राखेर प्रत्येक महिना मापन गरेको पोषणको विवरण पनि यसैमा तोकिए अनुरूप राख्नुहोस् ।

## क्रियाकलाप नं. २

- सहभागीहरूको प्रस्तुतिपछि सबैलाई एउटै समूहमा बसाएर बालबालिकाको भूमिका अभिनय गर्न लगाई एकजनालाई शिक्षकको भूमिका गर्न लगाउनुहोस् ।
- त्यसपछि सबै सहभागीहरूलाई एकएक ओटा प्रगति विरण फाराम दिनुहोस् र भर्न लगाउनुहोस् । यसरी फाराम भर्दा अघिल्लो सत्रमा गरिएका नमुना क्रियाकलापहरूलाई पनि सम्झेर राख्न सकिने बताउनुहोस् ।
- बालबालिकाको प्रगति विवरणको पहिलो पृष्ठमा भएको व्यक्तिगत विवरण भर्ना हुँदाको रेकर्ड फाइलबाट हेरी स्पष्ट भएर भर्नहोस् ।
- यसपछि प्रगति विवरणमा भएका सूचकहरूअनुसार क्रियाकलापहरू गराउँदा प्रगति विवरणको सूचकअनुरूपका क्रियाकलाप गर्न सक्छन् सक्दैनन्, सो बालक वा बालिकाको क्रियाकलाप स्मरण गरेर छनौट गरेको नमुनाको रूपमा कुनै एक बालक वा बालिकाको प्रगति विवरण भर्दै जानुहोस् ।
- सबै सूचकअनुरूपका क्रियाकलापको प्रगति विवरण भरेपछि सहभागीहरूसँग छलफल गर्नुहोस् कि यो क्रियाकलाप कस्तो लाग्यो, यसरी विवरण भर्दा कस्तो अनुभव भयो र यो भन्दा सजिलो तरिका अन्य हुनसक्छ कि ? आदि ।
- प्रगति विवरण भर्न कसरी समय छुट्याउने ? सबै बालबालिकाको एकै पटकमा भर्न नसकिने, कक्षा सञ्चालन गर्दा पर्न सक्ने अप्ठ्यारा परिस्थितिहरूका बारेमा छलफल गर्नुहोस् ।
- प्रगति विवरण फाराममा उल्लेख भएको निर्देशन अनुरूप उमेरअनुसार तौल र उचाइको विन्दु जोडिएमा ४ नं र अन्य भएमा प्रगति विवरणको निर्देशन अनुरूप गर्नुहोस् ।
- प्रगति विवरणको अन्तिममा बालबालिकाको समग्र रूपमा बालबालिकाको सबल र सुधार गर्नुपर्ने पक्ष समग्र तालिम अवधिको मूल्याङ्कन लेखेर उदाहरण दिन सकिन्छ ।

## क्रियाकलाप नं. ३

- सबै सहभागीहरूले प्रगति विवरण भरिसकेपछि सङ्कलन गरेर एकै ठाउँमा राख्नुहोस् ।
- सबै सहभागीहरूलाई फेरि गोलो घेरामा बसाएर बालबालिकाको यो उपलब्धिलाई अभिभावक समक्ष छलफल गर्ने उपाय के हुनसक्छ, भनि प्रश्न गर्नुहोस् ।
- सहभागीहरूबाट आएका विचारहरूलाई कदर गर्दै, छलफल गरी प्रगति विवरण वितरणका लागि लिखित सूचना तयार गर्नुहोस् ।
- सहभागीहरूमध्येबाट एक जनालाई सहजकर्ता/शिक्षक र अन्यलाई बालबालिका बन्न लगाउनुहोस् र अगाडि तयार गरेको सूचना सबै बालबालिकाहरूलाई बाँडेर आ-आफ्नो आमाबुबालाई दिन र तोकिएको मितिमा आउन अनुरोध गर्नुहोस् ।
- सहभागीहरूमध्येबाट एक जनालाई सहजकर्ता/शिक्षक र अन्यलाई अभिभावक बन्न लगाउनुहोस् र सहजकर्ताले पहिले सहभागीहरूले भरेका प्रगति विवरणको फाइलहरू एकै ठाउँमा जम्मा गरेर राख्नुहोस् ।

- सहजकर्ताले एक एक जना अभिभावक बनेका सहभागीलाई  प्रगति विवरणमा भएका उपलब्धिहरू बताई वा छलफल गरी अभिभावकले दस्तखत गर्ने स्थानमा दस्तखत गराउनुहोस् ।
- सबै सहभागीलाई अभिभावक र सहजकर्ता/शिक्षक बन्न मौका दिनुहोस् ।

## प्रतिविम्बन

सत्रको अन्तमा सहभागीहरूलाई निम्न प्रश्नहरू सोधेर उनीहरूका धारणा र वोधका सम्बन्धमा स्पष्ट हुनुहोस् ।

क) प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण किन आवश्यक छ ?

ख) प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको कोलममा लेखिएको प्रथम, दोस्रो र तेस्रो त्रैमासिकको के सवन्ध छ ?

ग) यो प्रगति विवरण भर्न थप समस्या केही छ ?

# सातौँ दिन

**पहिलो सत्र**

- प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण अभ्यास

**दोस्रो र तेस्रो सत्र**

- दैनिक कार्यतालिकाअनुसार प्रशिक्षकबाट कक्षा सञ्चालन र पुनरावलोकन

# प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण अभ्यास

**दिन :** सातौँ **सत्र :** पहिलो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

यस सत्रमा सहभागी प्रशिक्षार्थीहरूले प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको सार भर्ने अभ्यास गर्नेछन् ।

## उद्देश्य

यस सत्रको समाप्तिपछि सहभागीहरू प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको सार भर्न सक्षम हुनेछन् ।

## आवश्यक सामग्री

प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको "फाराम ख" फोटोकपी

## मुख्य विषयवस्तु

प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण अभ्यास

## सहजीकरण विधि

- छलफल
- अवलोकन
- सहकार्य
- अभ्यास

### सहजकर्ताको पूर्वतयारी

- प्रगति विवरणको "फाराम ख" अध्ययन गरेर स्पष्ट हुनुहोस् ।
- सम्भव भएमा पावर पोइन्ट बनाएर प्रगति विवरणको "फाराम ख" प्रस्तुतिको लागि तयारी गर्नुहोस् ।
- सबै सहभागीहरूलाई पुग्ने गरी प्रगति विवरणको "फाराम ख" छायाँप्रति (फोटोकपी) तयार गर्नुहोस् ।
- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची १३ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलाप

४८ महिना देखि ६० महिनासम्मका बालबालिका के के गर्न सक्षम छन् प्रत्येक बालबालिकाको रेकर्ड राखिसकेपछि सबै बालबालिकाको स्थिति एउटै फाराममा तयार गरी केन्द्रको एकमुष्ठ प्रतिवेदन नगर वा गाउँपालिकाहरूमा पेस गर्न सकिन्छ । साथै प्रत्येक वर्षको रेकर्ड एउटै पानामा राख्न सरल हुनेछ भन्दै सत्र अगाडि बढाउनुहोस् ।

- सबै सहभागीहरूलाई एक एक ओटा "फाराम ख" दिनुहो्स्, पहिले सहजकर्ता र बालबालिका बनेका जोडीलाई सँगै बसाउनुहोस् ।
- प्रशिक्षकले पहिले जोडीमध्ये बालबालिका बन्ने सहजकर्तालाई भर्न र सहजकर्ता बन्नेलाई अवलोकन गर्न लगाउनुहोस् ।
- फाराम 'ख' को उदाहरणमा भए जस्तै ढाँचाअनुरूप पहिले बालबालिका बनेका सहजकर्ताले भरेका फाराम 'क' कोअनुसार प्रत्येक बालबालिकाको नाम लेख्दै औसत प्राप्ताङ्क भर्दै जानुहोस् ।
- सबै सहभागीहरूले पूरा गरिसकेपछि सजिलो लाग्ने र गाह्रो भएका सहभागीहरूलाई अप्ठेरो पक्ष के थियो ? छलफल गरेर स्पष्ट पार्नुहोस् ।

## प्रतिविम्बन

सत्रको अन्तमा सहभागीहरूलाई निम्न प्रश्नहरू सोधेर बुझाइ स्पष्ट हुनुहोस् ।

क) प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण फाराम किन आवश्यक छ ?

ख) यसमा रहेको औसत प्राप्ताङ्क भनेको के हो ?

# दैनिक कार्यतालिकाअनुसार प्रशिक्षकबाट कक्षा सञ्चालन र पुनरावलोकन

**दिन :** सातौँ **सत्र :** दोस्रो र तेस्रो **समय :** ३ घण्टा

## परिचय

यो सत्र पाठ्यक्रमका आधारमा बनेको दैनिक कार्यतालिकालाई प्रयोग गरेर सिकाइ क्रियाकलाप सञ्चालन गर्ने अभ्यासमा केन्द्रित रहेको छ । यसबाट सहभागीहरूमा विषयवस्तुमा आधारित भई दैनिक कार्यतालिका निर्माण र प्रयोग गर्ने ज्ञान र सीपको विकास हुने अपेक्षा राखिएको छ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

१. सहभागीहरूलाई विषयवस्तुमा आधारित कक्षा सञ्चालन गर्ने सीप प्रदान गर्न,

२. दैनिक कार्यतालिकाअनुसार कक्षा सञ्चालनमा अभ्यस्त हुन ।

## आवश्यक सामग्री

१. पाठ्यक्रममा आधारित विषयवस्तु

२. दैनिक कार्यतालिका लेखिएको लिखित चार्ट

३. विषयवस्तुसँग सम्बन्धित सम्पूर्ण सिकाइ सामग्री जस्तैः डोमिनो, पजल, घडी बोर्ड, मौसम चार्ट, फ्ल्यास कार्ड, न्युजप्रिन्टमा लेखिएको गीतहरू ।

## मुख्य विषयवस्तु

दैनिक कार्यतालिकाअनुसार प्रशिक्षकबाट कक्षा सञ्चालन

## सहजीकरण विधि

प्रयोगात्मक नमुना क्रियाकलाप प्रदर्शन

### सहजकर्ताको पूर्वतयारी

- पाठ्यक्रममा आधारित ७ ओटा मुख्य शीर्षकहरूको ३३ ओटा उपशीर्षकहरूबाट एउटा विषय छनौट गरी तयार गर्ने ।
- छनौट गरेको विषयको आधारमा नमुना क्रियाकलाप प्रदर्शन गर्नका लागि आवश्यक पर्ने सामग्री तयार गर्ने । जस्तैः घडी बोर्ड, दिन चार्ट, मौसम चार्ट, छिनछिन बाजा, खेल फित्ता, खेल थैली, सिट्टी आदि ।
- विषयअनुसार गीत, कथा, पोष्टर, कविता, डोमिनो, पजल, फ्ल्यासकार्ड तयार गर्ने ।

## सहजीकरण क्रियाकलापहरू

(निम्न लिखित सहजीकरण क्रियाकलापहरू दैनिक कार्यतालिकामा आधारित भएकोले निरन्तर गर्नुपर्ने हुन्छ ।)

### क्रियाकलाप नं. १

- दैनिक कार्यतालिकालाई सबैले देख्ने गरी भित्तामा टाँस्नुहोस् ।
- सहभागीहरूलाई बालबालिका मानेर दैनिक क्रियाकलाप सञ्चालन गर्नुहोस् ।
- प्रत्येक चरणमा ५ ओटा प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड सूचकलाई कार्यान्वयन गर्नुहोस् र सहभागीहरूलाई ५ ओटै पक्षहरू (Domain) एकीकृत रूपमा लागू हुने जानकारी गराउँदै लैजानुहोस् ।
- दैनिक क्रियाकलाप गर्दा बालबालिकालाई उठ्ने बस्ने क्रियाकलापको माध्यमबाट सक्रिय गराउनुहोस् ।
- दैनिक कार्यतालिकाअनुसार नमुना क्रियाकलाप सञ्चालन गरेर देखाउनुहोस् ।
- पूर्वनिर्धारित विषयवस्तु "चराचुरुङ्गी" अन्तर्गत कुखुरा, परेवा, सुगा र हाँस विषयका सामग्री तयार राखी छलफल सुरु गर्नुहोस् ।

### १. सुरुवात

- **केन्द्रमा स्वागत, शौचालय जाने, जुत्ता चप्पल उपयुक्त ठाउँमा राख्नुहोस् ।**
  - सम्पूर्ण सहभागीहरूलाई बालबालिका सम्झनुहोस् र नमस्कार गर्नुहोस् । अभिभावकहरूले पुऱ्याउन आउनु भएको अभिनय गराउनुहोस् । छोटो भलाकुसारी गर्नुहोस् ।
  - यदि बालबालिकाले टिफिन, व्याग ल्याएका छन् भने ठीक ठाउँमा मिलाएर राख्ने भन्दै अभिनय गराउनुहोस् ।
  - सहभागीहरूलाई लाइन लगाएर पानीको धारामा लगेर सफा गराउने, आ-आफ्नो रुमालको प्रयोग गराउनुहोस् ।
  - शौचालयमा लाइन लगाएर लैजाने र पालैपालो शौचालयको प्रयोग गर्न लगाउनुहोस् ।

- **सरसफाइ अवलोकन र आवश्यकताअनुरूप सरसफाइ गरिदिनुहोस् ।**
  - सहभागीहरूलाई गोलाकारमा उभ्याउनुहोस् ।
  - सहभागीमध्ये एक जनाको नाम लिएर घेराको बीचमा बोलाउनुहोस् र सरसफाइको गीत गाउनुहोस् ।

**सरसफाइको गीत**

मुना बिहान उठ्दछिन्, मुना बिहान उठ्दछिन्,<br>
हात मुख धोएर, बालकेन्द्र आउँदछिन् ।

○ त्यसैगरि पालैपालो सहभागीको नाम लिनुहोस् र सरसफाइको गीतमा मिलाउँदै लैजानुहोस् ।

राम बिहान उठ्दछन्, राम बिहान उठ्दछन्, .
कपाल कोरी दाँत माँझी बाल केन्द्र आउँदछन् ।
श्याम बिहान उठ्दछन्, श्याम बिहान उठ्दछन्
सफा लुगा लगाएर बाल केन्द्र आउँदछन् ।

नोट : यदि बालबालिका सफा भएर आएका छैनन् भने आवश्यकताअनुरूप सरसफाइ गरिदिनुहोस् भन्ने कुरा सहभागीसँग गर्नुहोस् ।

- **शिष्टाचार, प्रार्थना, ध्यान गर्ने गराउने ।**

  ○ सहभागीहरूलाई गोलो घेरामा राखेर प्रार्थना गराउनुहोस् । सबैलाई आँखा बन्द गरी आआफ्नो आस्थाअनुसारका ईश्वरको ध्यान गर्न लगाउनुहोस् ।

  ○ बाल प्रार्थना

  उदाहरण:

“हे ईश्वर ! मेरा आँखा खोलिदिनुहोस् । म सत्य देख्न सकूँ ।
हे ईश्वर ! मेरा कान खोलिदिनुहोस् । म सत्य सुन्न सकूँ ।
हे ईश्वर ! मेरो बोली खोलिदिनुहोस् । म सत्य बोल्न सकूँ ।
हे ईश्वर ! मेरो बुद्धि खोलिदिनुहोस् । म सत्य बुझ्न सकूँ ।
सत्य नै ईश्वर, ईश्वर नै प्रेम, म प्रेममा बाँच्न सकूँ ।”

## २. केन्द्र प्रवेश/सामाजिकीकरण


- **हाजिरी**

सहभागीहरूलाई लाइनमा लगाउँदै लाइनको गीत गाउँदै नामकार्ड झुण्डाएको स्थानमा लैजानुहोस् र नामकार्ड पल्टाएर “मेरो नाम ......... हो । मेरो चिन्ह ........ हो ।” भन्दै आ-आफ्नो नाम पल्टाउँदै हाजिरी गर्न लगाउनुहोस् । अनुपस्थित र उपस्थितको जानकारी नामकार्डबाट थाहा पाउन सकिने बनाउनुहोस् ।

**लाइनको गीत**
लाइन लागि हिँडौं न, मिलिजुली जाऔँ न
तिम्रा मेरा पाइलाहरू, सँगसँगै चालौँ न ॥

- **बार, मौसम चार्ट मिलाउने र ती सम्बन्धमा गीत गाउने, खेल खेलाउने वा शिष्टाचार गीत खेल**
    - सबै सहभागीहरूलाई अर्धचन्द्राकारमा राख्नुहोस् र एकजना सहभागीलाई सहभागितामूलक तरिकाबाट नेता बनाउनुहोस् । नेतालाई घडी बोर्ड झिक्न लगाउनुहोस् र सबै मिलेर घडीको गीत गाउनुहोस् ।

**"अहिले कति बज्यो ?"**



सुन सुन साथी हो, घडीले के भन्छ ?
टिक टिक गर्दै समय बताउँछ
छोटो काँटा १० मा, लामो काँटा १२ मा
भन भन साथी हो, अहिले कति बज्यो ?
छोटो काँटा १० मा, लामो काँटा १२ मा
सुन सुन साथी हो, अहिले १० बज्यो ।
(नोट : यो गीत गाउँदाको समयलाई राखेर गाउनुहोस् ।)

- त्यसपछि सहभागीलाई अर्धगोलाकारमा उभ्याउनुहोस् । नेतालाई घडीबोर्ड राख्न लगाउनुहोस् र बार बोर्ड ल्याउन लगाउनुहोस् र सबै मिलेर सात बारको गीत गाउनुहोस् । नेतालाई बारको बोर्ड राख्न लगाउनुहोस् ।

**"आज के बार हो ?"**
भन भन साथी हो आज के बार ?
सुन सुन साथी हो, आज ...
भन भन साथी हो हिजो के बार ?
सुन सुन साथी हो हिजो ...
भन भन साथी हो भोलि के बार ?
सुन सुन साथी हो भोलि ...

- पुनः सहभागीहरूलाई अर्धगोलाकारमा बसाउनुहोस् र नेतालाई मौसमको चार्ट ल्याउन लगाउनुहोस् । त्यस पछि नेतालाई बाहिरको मौसम कस्तो छ भनी हेर्न लगाउनुहोस् । जस्तो मौसम छ त्यसैअनुसार सबै मिलेर मौसमको गीत गाउनुहोस् र छलफल गर्नुहोस् ।

**"आज कस्तो मौसम छ ?"**
बाहिर हेर साथी हो, आज कस्तो दिन छ ?
घाम माथि आकाशमा हेर घाम लागेछ
बादल माथि आकाशमा हेर बादल लागेछ
हावा बतास हुरुरु हेर बतास चलेछ
पानी पऱ्यो धरर हेर पानी परेछ ।

- **घेरा समय (साधारण छलफल, अनुभव आदानप्रदान)**
    - सहभागीहरूलाई गोलो घेरामा बसाउनुहोस् र आज हामी के गर्ने भनी छलफल गर्नुहोस् । उनीहरूले के खाएर आए, बाटोमा आउँदा के के देखे जस्ता कुरा गरेर भलाकुसारी गर्नुहोस् ।

## ३. विषय प्रवेश/योजनाबद्ध सामूहिक क्रियाकलाप

- विषयवस्तु छनौट गर्नुहोस् ।
- यस सत्रमा चरा विषयवस्तु लिएकोले सो सम्बन्धमा छलफल चलाउनुहोस् ।
- पूर्वतयारी गरेको चित्र, पोष्टर राखेर विषयवस्तुको छलफल चलाउनुहोस् ।
- चरा देखेका छौ ? कस्तो हुन्छ ? के गर्छ ? के खान्छ ? कसरी हिँड्छ ? कसरी कराउँछ ?

  (शिक्षक सहयोगी दैनिक क्रियाकलाप पुस्तिकाको सहयोग लिनुहोस् ।)

- **शीर्षकगत गीत/कथा/कविता**

**क) गीत**

सहभागीहरूलाई गोलो घेरामा उभ्याएर चरासम्बन्धी गीत गाउनुहोस् ।

**गीत**

कुखुरी काँ कुखुरी काँ बास्छ भालेले,<br>
क्वाँ क्वाँ क्वाँ क्वाँ गर्छे सानी पोथीले<br>
खोरभित्र बस्नुपर्छ हावा हुरुरु,<br>
हाँस पनि दौडी आयो यतै खुरुरु<br>
चरीचुच्चे चरीहरू उड्छन् भुरुरु,<br>
झरी पर्दा भिजेर काँप्छन् थुरुरु ॥

(लय, ताल, सङ्गीत, ध्वनि, तालमा हाउभाउसहित गीत गाउन लगाउनुहोस् ।)

**ख) कथा (सामग्री को प्रयोग गर्ने वा हाउभाउसहित स्वर सानो ठूलो बनाएर भन्ने)**

एक दिन कुखुराको भाले र पोथी मिलेर चारो खाँदै थिए । पोथीले बारीतिर डुल्न जाऔँ न भनी । भालेपोथी दुवै बारीतिर डुल्न गए । भालेले हरियो सागलाई चुच्चाले ठुँग्यो । उसले पोथीलाई खाऊ भनेर दियो । भालेले भन्यो, “तिमी अण्डा पार्दैछ्यौ, हाम्रा चल्लाहरू राम्रा हुन्छन्, मकै र धान मात्र नखाऊ, बारीको लट्टे पनि खाऊ ।” त्यहाँ कुवा थियो । हाँस पनि आएर पौडी खेल्न थाल्यो । रूखमा एउटा काग आएर काग काग गर्दै कराउन थाल्यो । “ओहो ! कस्तो कालो काग !” भनेर कुखुरा र हाँस कागलाई गिज्याउँदै हाँस्न थाले । मान्छेले कुखुरा, हाँस कराएको थाहा पाएर डोकोले छोपी दिए । डोको भित्र थुनिएपछि कुखुरा र हाँस रुन थाले, “लौ न ! डोको हटाइदेऊ, हामीलाई बाहिर निकाल ।” कागले कुखुरा र हाँस रोएको थाहा पायो र आएर डोको हटाइ दियो । त्यसपछि हाँस र कुखुराले कागलाई धन्यवाद दिए र काले काग भन्न छोडे । तिमी कस्तो मिल्ने साथी भनेर बोलाउन थाले ।

ग) कविता

कुखुराको रङ कालो छ, आँगनमा चर्ने गर्दछ
परेवाले गर्छ घुर्र घुर्र, उडी जान्छ भुर्र भुर्र
सुगा हेर हरियो छ, गोपी कृष्ण कहो भन्दछ
पानीमा खेल्छ हाँस, राम्रो छ यस्को नाच ॥

(उदाहरणका लागि यो कविता लट्ठी वा गोडाको चालमा गर्न लगाउने)

- **शीर्षकगत विषयवस्तुमा छलफल, अनुभव आदानप्रदान, धारणा प्रस्ट्याउने, क्रियाकलापका लागि निर्देशन**
  - विषयवस्तुसम्बन्धी सामूहिक/समूह क्रियाकलाप परिचय गर्नका लागि सहभागीहरूलाई अर्धगोलाकारमा बसाउनुहोस् र आफ्नो घरमा के के जनावरहरू पालेका छन् सोध्नुहोस् । उड्ने र हिँड्ने कुन कुन पंक्षीहरू छन् सोध्नुहोस् । चराचुरुङ्गीमध्ये आफूले तयार पारेको कुखुरा, परेवा, सुगा र हाँसको चित्र भएको फ्ल्यास कार्ड, चित्रबोर्ड देखाएर चिन्न, नाम भन्न लगाउनुहोस् । सबैमा समानता र भिन्नताको कुरा गर्नुहोस् ।
  - सहभागीहरूलाई ४ समूहमा विभाजन गरेर काग, परेवा, हाँस र सुगा नाम दिनुहोस् । नाम परेका चराहरूका बारेमा छलफल गराउनुहोस् । त्यसपछि ती चराहरूको आवाज निकाल्न लाउनुहोस् ।
  - प्रत्येक समूहलाई आफ्नो समूहलाई परेको चराको बारेमा भन्न लगाउनुहोस् । कुन चराले के खान्छ, कहाँ बस्छ, कुन रङको छ, कसरी हिँड्छ बताउन लगाउनुहोस् । चराको कति ओटा खुट्टा छ ? हात कति ओटा छ वा छैन, आँखा कति ओटा छ जस्ता कुराको छलफल गर्नुहोस् ।
  - हाँस, परेवा, कुखुरा र सुगाको अक्षर कति ओटा छन् र पहिलो अक्षर के हो, चराहरूको पहिलो अक्षरबाट अरू कुन कुन चरा वा मान्छे क-कसको नाम आउँछ छलफल गर्नुहोस् ।

- **स-साना समूह बनाई सिकाइ क्षेत्रको क्रियाकलाप**

  सहभागीहरूलाई ६ ओटा समूहमा विभाजन गर्नुहोस् । पहिलो समूहलाई भाषा सिकाइ क्षेत्रमा, दोस्रो समूहलाई गणित, तेस्रोलाई विज्ञान, चौथोलाई सिर्जनात्मक, पाँचौंलाई निर्माण र छैटौं समूहलाई अभिनय सिकाइ क्षेत्रमा स्वतन्त्र रूपमा खेल्न पठाउनुहोस् । छिन छिन बाजा बजाएर पालैपालो सबै सिकाइक्षेत्रमा सहभागीलाई खेल्न लगाउनुहोस् ।

- **क्रियाकलापको पुनरावलोकन र थप आवश्यक सहयोग र निर्देशन**

  सहभागीहरूलाई पुनः गोलो घेरामा बसाउने र के के खेल्यौ, के सिक्यौ, क-कसले के के बनायौ भनि विषय बुझाइसम्बन्धी छलफल गर्नुहोस् र पृष्ठपोषण दिनुहोस् ।

## ४. आराम

- सबैलाई आराम क्षेत्रमा लैजानुहोस् र एकछिन सबैलाई आराम गर्न दिनुहोस् ।
- शरीरलाई आराम चाहिन्छ । आराम गर्नु शरीरको लागि आवश्यक छ । यसबाट बालबालिकाको शारीरिक विकासमा सहयोग पुग्छ भन्दै सबैलाई सुताउनुहोस् ।

  (यदि आराम गर्न नचाहनेलाई पुस्तकालयमा चित्र किताब हेर्न लगाउनुहोस् ।)

## ५. खाजा

- खाजा खुवाउँदा लाइनमा हात धुन लगाउनुहोस् । सरसफाइ गर्न लगाउनुहोस् । बालबालिकाले ल्याउने व्यवस्था भएको भए उनीहरूले ल्याएका खाजालाई व्यवस्थित तरिकाले खुवाउने व्यवस्था मिलाउनुहोस् । केन्द्र/विद्यालयमै तयार गरिने भए ताजा र पोसिलो खाजा खान दिनुहोस् । खाजा बनाइदिनेलाई धन्यवाद दिनुहोस् ।
- खाजा खाँदा पोख्न तथा फ्याँक्न नहुने, हतार गरेर खान नहुने, यताउता डुल्न नहुने जस्ता जीवन उपयोगी सीपहरू सिकाउनुहोस् ।

## ६. स्वतन्त्र खेल

बालबालिकालाई उनीहरूकै इच्छाअनुसार स्वतन्त्र रूपमा भित्र बाहिर खेल्न दिनुहोस् ।

## ७. सङ्गीत/अभिनय/खेल

सहभागीहरूलाई उनीहरूले जानेको गीत ताल, चाल र हाउभाउसहित गाउन लगाउनुहोस् । मादल वा अन्य बाद्यबादन भएमा बजाउन दिनुहोस्, बजाइ दिनुहोस् ।

## ८. योजनाबद्ध क्रियाकलाप

- सहभागीहरूको ससाना समूह बनाउनुहोस् । भाषा क्षेत्रमा पुऱ्याएर भाषा विकास हुने पूर्वलेखाइ र गणितसम्बन्धी अभ्यास गर्न लगाउनुहोस् ।
- सहभागीहरूले के के कुरा सिके पुनरावलोकन गर्न लगाउनुहोस् ।

## ९. पुनरावलोकन

- दिनभरिका क्रियाकलापको समीक्षा/छलफल/पृष्ठपोषण: सहभागीलाई गोलो घेरामा बसाएर आज दिनभरि के के क्रियाकलाप गरियो भनी छलफल गराउनुहोस् । छलफल गर्नका लागि हातमा बल दिनुहोस् र बल हातमा हुने सहभागीलाई आज गरेको एउटा क्रियाकलाप भन्न लगाउनुहोस् र अर्को सहभागीलाई बल पास गर्न लगाउनुहोस् । पुनः यही प्रक्रियाअनुसार सबै सहभागीहरूले बल प्राप्त गरेपछि दिनभरिको एक एक क्रियाकलाप सुनाउनुहोस् ।
- अर्को दिन कुन विषयमा छलफल गर्ने हो जानकारी गराउनुहोस् ।

- ♦ बिदाइ गीत : सहभागीलाई गोलो घेरामा उभ्याएर घर जाने गीत हाउभाउसहित गाउन लगाउनुहोस् ।

**"बिदाइको गीत"**

जाऔँ न घर साथी हो, बेला भएछ
बाबा आमा लिनलाई आउनु भएछ ।
घर जाने बेलामा दिदी धन्यवाद
भोलि भेटौँ साथी हो, सबलाई नमस्कार ।

- ♦ केन्द्र र बालबालिकाका सरसामान यथास्थानमा राख्नुहोस् र अभिभावक लिन आएपछि जान दिनुहोस् । आ-आफ्ना झोला, कपी, टिफिन बक्स, पानीको बोतल, रुमाल, जुत्ता आदि तयारी गर्न भन्नुहोस् । आफ्नो काम आफै गर्न प्रोत्साहन दिनुहोस् । यहाँ जीवनोपयोगी सीप क-कसले आफ्नो कार्य गर्न सक्छ, प्रगति विवरणको छलफल सबै सहभागीसँग दिनभरिको क्रियाकलापबाट समग्रमा कुन पक्षको बढी विकास भयो भनि छलफल गर्नुहोस् र सूचकहरू भर्नुहोस् ।

## विषय पुनरावलोकन

- सहभागीहरू सबैलाई आफ्नो ठाउँमा बस्न भन्नुहोस् । दैनिक कायतालिकाअनुसार कक्षा सञ्चालन गर्दा कस्तो लाग्यो, केही नयाँ क्रियाकलाप थियो कि ? वा यसरी कक्षा सञ्चालन गर्न सहज, अप्ठ्यारो कस्तो हुन्छ भनेर प्रश्न गर्नुहोस् । सहभागीहरूका प्रतिक्रिया, सुझाव सुन्नुहोस् ।
- दैनिक क्रियाकलापले प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड सूचक वा प्रगति विवरणका सूचकहरू पूरा गर्न सहयोग गर्छ वा गर्दैन ? अरू थप के के गर्नुपर्ला छलफल गर्नुहोस् ।
- माथि गरिएका क्रियाकलापहरूले बालबालिकाको कुन कुन पक्षको विकास कसरी हुन्छ र के के कुरा सिक्न सक्छन् भनेर सबै सहभागीहरूलाई एक एक गरेर भन्न लगाउनुहोस् । आफूले थप स्पष्ट पारी दिनुहोस् ।

- ○ पालो पर्खने बानीको विकास, संस्कार र धैर्यताको सीप सिक्ने ।
- ○ बौद्धिक/सामाजिक/संवेगात्मक/शारीरिक विकास हुने ।
- ○ प्रार्थनाबाट आध्यात्मिक भावनाको विकास हुने ।
- ○ सामूहिकताको भावना उत्पन्न हुने, सामाजिक विकास र सांस्कृतिक विकास हुने ।
- ○ ध्वनि सम्प्रेषण, ध्वनि श्रवण, वर्गीकरण ज्ञान, सङ्ख्यात्मक ज्ञान, भाषा, गणित र विज्ञानको ज्ञान हुने ।
- ○ बारको नाम, समयको ज्ञान, घाम, पानी हावा, हुरीबाट मौसम विज्ञानसम्बन्धी ज्ञान हुने ।

## प्रतिविम्बन

क) विषयवस्तुलाई दैनिक क्रियाकलापअनुसार प्रस्तुत गर्न के के कुरामा ध्यान दिनुपर्दछ ?

ख) प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड सूचकसँग दैनिक क्रियाकलापलाई कसरी सम्बन्धित गर्ने ? यसको लागि कुन कुन कुरामा विशेष ध्यान दिनु पर्दछ ? दैनिक क्रियाकलापका चरणहरू के के हुन् ?

ग) दैनिक कार्ययोजना निर्माण गर्न के के विषयमा ध्यान दिनु पर्दछ ?

घ) यी क्रियाकलापले प्रगतिविवरणका सूचकहरू भर्न कसरी सहयोग पुऱ्याउँछ ?

ङ) दैनिक कार्यतालिकाअनुसार कक्षा सञ्चालन गरेपछि ६ वटै पक्षहरूको विकास कसरी हुन सक्छ ?

# आठौँ दिन

**पहिलो सत्र**

- विषयवस्तु छनौट तथा योजना (कार्ययोजना वितरण)

**दोस्रो र तेस्रो सत्र**

- प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तयारी

# विषयवस्तु छनौट तथा योजना (कार्ययोजना वितरण)

**दिन :** आठौँ **सत्र :** पहिलो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

यस सत्रमा सहभागीहरूलाई प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित रही पाठ्यक्रमको विषयवस्तुको छनौट र कार्ययोजना तयार गर्नेसम्बन्धी कियाकलापमा आधारित अभ्यास गराइन्छ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू देहायअनुसारका कार्य गर्न सक्षम हुनेछन्ः

१. प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित विषयवस्तुको छनौट गर्न,

२. छनौट गरिएका विषयवस्तुको आधारमा कार्ययोजना तयार गर्न ।

## आवश्यक सामग्री

१. मेटाकार्ड २. मार्कर ३. लुजकपी ४. साइन पेन ५. नाङ्लो

## मुख्य विषयवस्तु

क) विषयवस्तु छनौट

ख) कार्ययोजना निर्माण

## सहजीकरण विधि

- छलफल
- प्रयोगात्मक

## सहजकर्ताको पूर्वतयारी

- सहभागीअनुसारको मेटाकार्डमा विषयवस्तु लेख्ने ।
- विषयवस्तु लेखिएको मेटाकार्ड घोप्ट्याएर नाङ्लोमा राख्ने ।
- कार्ययोजनाको नमुना तयार गर्ने ।
- सहभागीहरूलाई क्रियाकलापअनुसारको उद्देश्य तयार गर्न सहयोग गर्ने ।

## सहजीकरण क्रियाकलापहरू

सहभागीहरूलाई निम्नानुसारका क्रियाकलापहरू गराउनुहोस् ।

### क्रियाकलाप नं. १

- सबै सहभागीहरूलाई गोलो घेरामा उभिन लगाउनुहोस् ।
- सबै सहभागीका बीचमा विषय लेखिएको मेटाकार्डलाई घोप्ट्याएर नाङ्लोमा राख्नुहोस् ।
- सबै सहभागीहरूलाई पालैपालो नाङ्लोको मेटाकार्डमा लेखेर राखिएको विषय छनौट गर्न लगाउनुहोस् ।
- आफूलाई परेको विषयवस्तु आ-आफ्नो कापीमा लेख्न लगाउनुहोस् ।
- विषयवस्तु छानिसकेपछि सहभागीहरूलाई आ-आफ्नो विषयअनुसार चार समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहमा नमुना क्रियाकलापको लागि कार्य योजना कसरी तयार पार्ने भन्नेबारे छलफल गराउनुहोस् ।
- नमुना क्रियाकलापको कार्ययोजना बनाउँदा समय सान्दर्भिक र विषयबस्तुलाई ध्यानमा राखेर बनाउनुपर्छ भनेर सल्लाह दिनुहोस् ।
- समूहमा मूल्याङ्कन गर्ने ("सूक्ष्म क्रियाकलाप अभ्यास अवलोकन मूल्याङ्कन फाराम" नमुना फाराम अनुसूची १४मा रहेको छ) र अन्त्यमा कस्तो लाग्यो र के कस्तो सुधार गर्नुपर्ने देखिन्छ भन्ने विषयमा छलफल केन्द्रित गर्नुहोस् ।

### क्रियाकलाप नं. २

- सहभागीहरूलाई वितरण गरिएको विषयवस्तुमा आधारित भएर निम्नलिखित कार्ययोजनाको खाका भर्न लगाउनुहोस् ।
- खाका भर्दा आफूलाई परेको विषयवस्तुको क्रियाकलापअनुसारको उद्देश्य बनाउन लगाउनुहोस् र उद्देश्य पूरा गर्न कुन विधि अपनाउने हो लेख्न लगाउनुहोस् । उद्देश्य पूरा भए नभएको मूल्याङ्कन गर्न लगाउनुहोस् ।

**दैनिक कार्ययोजनाको खाका**

विषयवस्तु :.....................महिना.................

| हप्ता | दिन | क्रियाकलाप | उद्देश्य | विधि | सामग्री | समय | मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|
| प्रथम | पहिलो दिन | कविता | बालबालिकाले कम्तीमा २ ओटा शब्द सिक्ने । | चुट्की बजाएर | कविता लेखिएको चार्ट | २० मिनेट | बालबालिकाले २ ओटा शब्द सिके । |
| | दोस्रो दिन | कथा | बालबालिकाले कम्तीमा ४ ओटा शब्द भण्डारण गर्न सक्ने । | पपेटको प्रयोग गरेर कथा भन्ने | पपेट | ३० मिनेट | बालबालिकाले ४ ओटा शब्द भण्डारण गर्न सके । |
| | | ....... | | ........... | ......... | ......... | |

# प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तयारी

**दिन :** आठौँ **सत्र :** दोस्रो र तेस्रो **समय :** ३ घण्टा

## परिचय

यस सत्रलाई सहभागीहरूले नमुना क्रियाकलाप सञ्चालनको योजना निर्माण गर्न तथा क्रियाकलाप सञ्चालनका लागि गर्न आवश्यक पर्ने सामग्री (विषयवस्तुअनुसारका सामग्री) तयार गर्ने विषयमा अभ्यासमूलक क्रियाकलाप सञ्चालन गर्ने गरी विकास गरिएको छ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू देहायका कार्य गर्न सक्षम हुनेछन्:

१. दैनिक कार्यतालिकाअनुसार कक्षा सञ्चालनका लागि आवश्यक सामग्री तथा विषयवस्तुमा आधारित कविता, गीत, कथा तयार गर्न,

२. प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप सञ्चालनको लागि तयारी गर्न,

३. क्रियाकलाप योजना तयार गर्न ।

## आवश्यक सामग्री

| | | | |
|---|---|---|---|
| १. कार्डबोर्ड | २. न्युजप्रिन्ट | ३. मार्कर | ४. क्रेयन |
| ५. पेन्सिल | ६. चार्टपेपर | ७. मेटाकार्ड | ८. फेविकोल |

## मुख्य विषयवस्तु

क) प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तयारी

ख) विषयवस्तुमा आधारित पाठयोजना तयारी

## सहजीकरण विधि

- मस्तिष्क मन्थन
- सहभागितामूलक
- प्रयोगात्मक

## सहजकर्ताको पूर्वतयारी

- नमुना क्रियाकलाप सञ्चालन ढाँचा प्रिन्ट गरेर तयारी हुनुहोस् ।
- कम्तीमा २० ओटा विषयको डोमिनो, पजल, फ्ल्यासकार्डको चित्र तयार गर्नुहोस् ।
- विषयवस्तुअनुसारको गीत, कथा, कविता नमुनाको रूपमा तयार गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

- सहभागीहरूलाई पाठ्यक्रममा आधारित ७ ओटा मुख्य शीर्षकहरूको ३३ ओटा उपशीर्षकहरूबाट विषय छनौट गर्न लगाउनुहोस् ।
- तिनै विषयहरूबाट नमुना क्रियाकलाप प्रदर्शनका लागि एउटा विषय छनौट गर्ने गरी तयारी गर्नुहोस् ।
- विषय अनुसारको गीत, कथा, पोष्टर, कविता, खेलसामग्री तयार गर्न लगाउनुहोस् ।
- सहभागीहरूलाई नमुना क्रियाकलाप सञ्चालन सत्रमा प्रवेश गर्दैछौँ भनी जानकारी गराउनुहोस् ।
- सबैलाई गोलो घेरामा राखेर सहभागितामूलक तरिकाबाट छलफल गराउनुहोस् ।
- विषयवस्तु, सहभागी नाम लिष्ट, समयसीमा, सामान्य नियम पालनाका कुराहरू छलफल विधिद्वारा लेख्नुहोस् र टाँस गर्नुहोस् ।
- रचनात्मक सहयोग प्रदान गर्नुहोस्, सकरात्मक बन्नुहोस् तर महत्त्वपूर्ण सुझाव दिन नछुटाउनुहोस् ।
- सबै सहभागीहरूलाई आफूले छानेको विषयवस्तु लिएर दैनिक कार्यतालिकाअनुसार पाठयोजना बनाउन लगाउनुहोस् ।
- पाठयोजनाअनुसार विधि र सामग्री निश्चित गराउनुहोस् ।
- योजनाअनुसारको आवश्यक सामग्री तयार गर्न लगाउनुहोस् ।
- विषयवस्तुअनुसारको गीत, कविता र कथा न्युजप्रिन्टमा लेखेर राख्न लगाउनुहोस् ।
- सिकाइ क्षेत्रमा आवश्यक विषयवस्तुअनुसारको सामग्रीहरू बनाउन तथा सङ्कलन गर्न लगाउनुहोस् ।

**सहभागीहरूलाई निम्नानुसारका क्रियाकलापहरू गराउनुहोस् ।**

### क्रियाकलाप नं. १

- सबै सहभागीहरूलाई विषयवस्तु छनौटअनुसार तयारी भए नभएको सुनिश्चित गर्नुहोस् ।
- विषयवस्तुलाई दैनिक कार्यतालिकाअनुसार सूक्ष्म क्रियाकलापका लागि चरणहरू छुट्याएको/नछुट्याएको सुनिश्चित गर्नुहोस् ।
- नमुना क्रियाकलाप सञ्चालनमा प्रयोग हुने विधिहरूवारे छलफल गर्ने सबै सहभागीहरूले पाउने समय निर्धारण गर्नुहोस् ।

- सहभागीहरूको नमुना क्रियाकलाप सञ्चालन गर्ने विषय र पालो क्रमवद्धता नामावली टाँस गर्नुहोस् ।
- आन्तरिक मूल्याङ्कनमा सहयोग गर्नुहोस् र साथीलाई विषयमा आत्मविश्वास बढाउन प्रोत्साहन गर्नुहोस् ।
- सामान्य आचारसंहिता निर्धारण गर्ने । तर आचारसंहिता निर्धारण गर्दा प्रोत्साहनमूलक शब्दहरूको प्रयोग गर्नुहोस्, अनावश्यक रूपमा समय लम्बिन नदिनुहोस् ।
- विषयवस्तुअनुसारको सामग्रीको अनिवार्य प्रयोग गर्नुहोस् ।
- प्रत्येक क्रियाकलाप पछि बालबालिकाको सिकाइ, सहभागिता, सक्रियता र सहयोगीपनको अवलोकन गर्नुपर्ने र सोअनुसार प्रगति विवरण सूचकको प्रयोग गर्न लगाउनुहोस् ।
- गीत, कथा, नाटक, कविता, खेल सामग्री प्रयोग जस्ता रचनात्मक विधिहरू प्रयोग गर्न प्रोत्साहन गर्नुहोस् । यी विधि प्रयोग गर्दा चाहिने आवश्यक सबै सामग्रीहरू तयार गरेर राख्न लगाउनुहोस् ।
- थप बुँदाहरू भएमा छलफल गरेर टिपोट गर्नुहोस् ।

### क्रियाकलाप नं. २

- सहभागीहरूलाई चार समूहमा विभाजन गर्ने र प्रत्यक समूहलाई अनुसूची नं.१४ मा रहेको **"सूक्ष्म क्रियाकलाप अभ्यास अवलोकन मूल्याङ्कन फाराम"** को नमुना फाराम दिनुहोस् ।
- फारमलाई राम्रोसँग पढ्न दिने र केही नबुझेका भए सोध्न भन्नुहोस् ।
- क्रियाकलाप सञ्चालन गर्ने सहभागीको क्रियाकलाप अवलोकन गरेर यो फाराममा भर्नुपर्छ भनेर सबै बुँदाहरू एकएक गरेर प्रस्ट पारिदिनुहोस् ।
- क्रियाकलाप सञ्चालन गरेको सहभागीको मूल्याङ्कन गर्न दिनुहोस् ।
- मूल्याङ्कन समूहमा गर्ने र अन्त्यमा कस्तो लाग्यो र के अझ सुधार गर्नुपर्ने देखिन्छ भनी छलफल गराउनुहोस् ।

नोट : सूक्ष्म क्रियाकलाप सञ्चालन सहभागी मूल्याङ्कन फाराम भर्ने मार्ग निर्देशन र सहभागीले सूक्ष्म क्रियाकलाप सञ्चालन गर्दा अर्को सहभागीको मूल्याङ्कन गर्ने तरिका अनुसूची नं १४ मा हेर्नुहोस् ।

### प्रतिविम्बन

क) यस सत्रमा सिकिएका मुख्य मुख्य कुराहरू के के हुन् ?

ख) मूल्याङ्कन फाराम भर्दा कस्ता समस्याहरू देखिए ? ती समस्यालाई कसरी समाधान गर्नुभयो ?

ग) क्रियाकलाप सञ्चालन गर्दा कस्तो अनुभव भयो ?

# नवौं दिन

**पहिलो/दोस्रो र तेस्रो सत्र**

✍ प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तथा छलफल

# प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप तथा छलफल

**दिन :** नवौँ **सत्र :** पहिलो/दोस्रो/तेस्रो **समय :** ४ घण्टा ३० मिनेट

## परिचय

प्रशिक्षार्थीद्वारा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका सूचकहरूसँग तादाम्य राख्दै नमुना क्रियाकलाप सञ्चालन गर्ने । सञ्चालित क्रियाकलापको बारेमा सामूहिक छलफल तथा अन्तरक्रिया गरी क्रियाकलाप कौशल सुधार गर्ने गरी यस सत्रमा क्रियाकलाप सञ्चालन गरिनेछन् ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

१. प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप सञ्चालन गर्न,

२. प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप सञ्चालनका सबल र सुधारात्मक पक्ष पहिचान गर्न ।

## आवश्यक सामग्री

१. सूक्ष्म क्रियाकलाप अभ्यास अवालोकन मूल्याङ्कन फाराम

२. न्युजप्रिन्ट

३. सहभागी नाम सूची

४. मार्कर

## मुख्य विषयवस्तु

क) प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप

ख) नमुना क्रियाकलाप अभ्यासको छलफल

## सहजीकरण विधि

- खेल
- गीत
- कथा
- कविता (बालकेन्द्रित क्रियाकलाप)
- अवलोकन
- छलफल

## सहजकर्ताको पूर्वतयारी

- सहभागीहरूलाई नमुना क्रियाकलाप सञ्चालनको लागि स्वतन्त्र गराउनुहोस् ।
- सूक्ष्म क्रियाकलाप अभ्यास अवलोकन मूल्याङ्कन फाराम प्रिन्ट गरेर सहभागीअनुसार तयारी गर्नुहोस् ।
- विषयवस्तु, सहभागी नाम लिष्ट, समय सीमा र सामान्य नियम टाँस गर्नुहोस् ।
- सबै सहभागीहरूलाई नमुना क्रियाकलाप सञ्चालनका लागि दिइएको मूल्याङ्कन फाराम अगाडि राख्न लगाउनुहोस् ।
- रचनात्मक सहयोग प्रदान गर्नुहोस् । सकारात्मक बन्नुहोस् तर महत्त्वपूर्ण सुझाव दिन नछुटाउनुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

सहभागीहरूलाई निम्नानुसारका क्रियाकलापहरू गराउनुहोस् ।

### क्रियाकलाप नं. १ (प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित नमुना क्रियाकलाप)

- सबै सहभागीहरूलाई विषयवस्तु छनौटअनुसार तयार हुन दिनुहोस् । दैनिक कार्यतालिकाअनुसार एकजनाले नमुना क्रियाकलाप सञ्चालन गर्ने भएपछि अन्य सहभागीहरूलाई बालबालिकाको भूमिका निर्वाह गर्न लगाउनुहोस् ।
- विषयवस्तुलाई दैनिक कार्यतालिकाअनुसार अभ्यास क्रियाकलापका लागि चरणहरू छुट्याएको/नछुट्याएको सुनिश्चित गर्नुहोस् ।
- सहभागीहरूलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई "सूक्ष्म क्रियाकलाप अभ्यास अवालोकन मूल्याङ्कन फाराम" दिनुहोस् ।
- कक्षा लिने सहभागीको कक्षा अवलोकन गरेर यो फाराममा भर्नुपर्छ भनेर सबै बुँदाहरू एकएक गरेर प्रस्ट पारिदिनुहोस् ।
- क्रियाकलाप अभ्यासको कक्षा सञ्चालन गरेको सहभागीहरूलाई योजनाअनुरूप मूल्याङ्कन गर्न लगाउनुहोस् ।
- मूल्याङ्कन समूहमा गराउने र अन्त्यमा कस्तो लाग्यो र अझ सुधार गर्नुपर्ने पक्षहरू के के देखिन्छन् भनी छलफल गराउनुहोस् ।

यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री (सूक्ष्म क्रियाकलाप अभ्यास अवालोकन मूल्याङ्कन फाराम भर्ने मार्ग निर्देशन र सहभागीले सूक्ष्म क्रियाकलाप गर्दा अर्को सहभागीको मूल्याङ्कन गर्ने तरिका) अनुसूची १४ मा राखिएको छ ।

### क्रियाकलाप नं. २ (नमुना क्रियाकलाप अभ्यासको छलफल)

- सहभागीहरूलाई प्रारम्भिक सिकाइ तथा मापदण्डमा आधारित नमुना क्रियाकलाप सञ्चालनका सबल पक्ष र सुधार गर्नुपर्ने पक्ष बताउन लगाउनुहोस् ।

- सबै सहभागीलाई नमुना क्रियाकलाप सञ्चालनका लागि भरिएको मूल्याङ्कन फाराम अगाडि राख्न लगाउनुहोस् ।
- नमुना क्रियाकलापको मूल्याङ्कन गर्नेलाई योजना अनुरूप पालोपालो गरी पहिले सकारात्मक पक्ष र पछि सुधारात्मक पक्षको सुझाव दिन लगाउनुहोस् । सहभागीहरू सबैको बोल्ने पालो सकिएपछि आफूले पनि अभ्यास क्रियाकलापका सहभागी र सञ्चालित क्रियाकलापबाट (भविष्यमा बालबालिकाको भूमिकामा) आउन सक्ने सकारात्मक र सुधारात्मक पक्षको सुझाव दिनुहोस् ।

नोटः यसैगरी सबै सहभागीहरूलाई प्रस्तुतिको अवसर दिनुहोस् र सहभागितात्मक छलफल चलाउनुहोस् ।

## प्रतिविम्बन

क) यस सत्रमा सिकिएका मुख्यमुख्य कुराहरू के के हुन् ?

ख) सूक्ष्म क्रियाकलाप अभ्यास अवलोकन मूल्याङ्कन फाराम भर्दा ध्यान दिनुपर्ने मुख्यमुख्य कुराहरू के के हुन् ?

# दसौँ दिन

**पहिलो सत्र**

- विशेष क्षमता भएका बालबालिका, अपाङ्गता र विशेष परिस्थितिमा भएका बालबालिकाको सिकाइमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको उपयोग

**दोस्रो सत्र**

- परियोजना कार्यको अभिमुखीकरण तथा कार्ययोजना निर्माण

**तेस्रो सत्र**

- सहभागी/तालिमको मूल्याङ्कन

# विशेष क्षमता भएका बालबालिका, अपाङ्गता र विशेष परिस्थितिमा भएका बालबालिकाको सिकाइमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको उपयोग

**दिन :** दसौँ **सत्र :** पहिलो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण बालबालिकाको विकासात्मक तथा सिकाइका विविध पक्षहरूको मापन गर्ने साधन हो । यसबाट बालबालिकाको व्यक्तिगत विभिन्नताका साथै विशेष अवस्थासमेत बोध हुन सक्ने भएकाले प्रगति विवरण बाट ती पक्षहरूको वोध गर्ने सम्बन्धमा यस सत्रका क्रियाकलापहरू निर्धारण गरिएको छ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

१. प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको उपयोगिता बताउन,

२. प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणबाट बालबालिकाहरूको व्यक्तिगत क्षमता तथा भिन्नता पहिचान गर्न ।

## आवश्यक सामग्री

१. प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण फाराम  २. न्युजप्रिन्ट  ३. मार्कर

## मुख्य विषयवस्तु

विशेष क्षमता भएका बालबालिका, अपाङ्गता र विशेष परिस्थितिमा भएका बालबालिकाको सिकाइ तथा अवस्था पहिचान गर्न प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको उपयोग

## सहजीकरण विधि

- छलफल
- समूह कार्य
- प्रदर्शन
- छलफल
- प्रश्नोत्तर

## सहजकर्ताको पूर्वतयारी

- यस सत्रसँग सम्बन्धित विषयहरूको अध्ययन सामग्री अनुसूची १५ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप नं. १

- सहभागीहरूलाई प्रगति विवरणमा उल्लेखित २० ओटा सूचक मापनका आधारहरूमा छलफल गराउनुहोस् । ती सूचकहरूका आधारमा कुन कुन विकासको पक्षमा को को अगाडि वा मध्यम वा थप सहयोग आवश्यक पर्ने (निम्न अवस्था) बालबालिका हुन् भनेर पहिचान गर्न सकिन्छ भन्ने विषयबाट छलफल सुरु गर्नुहोस् । शारीरिक तथा मानसिक रूपमा फरक रहेका बालबालिकाको पहिचान गर्न सकिने विषयमा छलफल केन्द्रित गराउने गरी क्रियाकलाप गराउनुहोस् ।
- प्रगति विवरणमा उल्लेख भएका सूचकहरूबाट मापन हुन नसक्ने थप पक्षहरू/कुराहरू के के हुन सक्छन् भन्ने कुरा सहभागीहरूका अनुभवका आधारमासमेत छलफल गराउनुहोस् ।

### क्रियाकलाप नं. २

देहायअनुसारका क्रियाकलापहरू गराउनुहोस्:

- सहभागीहरूलाई प्रारम्भिक बालविकास कक्षामा आउने बालबालिकाहरू कस्ता कस्ता प्रकारका हुन्छन् अनुभवका आधारमा सम्झिएर टिपोट गरी भन्न लगाउनुहोस् ।
- फरक प्रकारका बालबालिकाहरूसँग व्यवहार गर्दा उनीहरूले अपनाएका तौरतरिका तथा समस्या समाधानका उपायहरू भन्न लगाउनुहोस् ।
- छिटो सिक्ने, मध्यम सिकाइ भएका र ढिला सिक्ने बालबालिकाहरूका व्यवहार तथा विशेषताहरू के के होलान् ? छलफल गरी त्यस्ता बालबालिकाहरूसँग प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा गर्नुपर्ने व्यवहारका सम्बन्धमा छलफल गराउनुहोस् ।
- प्रगति विवरणमा उल्लेखित पक्ष र सूचकहरूबाट कसरी त्यस्ता बालबालिकाहरूको पहिचान गर्न सकिएला ? सूचकका आधारमा छलफल गर्नुहोस् ।
- प्रगति विवरणको उपयोगिताका सम्बन्धमा छलफल गर्दै त्यसको प्रवोधीकरणले पुऱ्याउने फाइदाहरू पहिचान गराउनुहोस् । (पहिचान, अभिभावक, स्वास्थ्यकर्मी तथा सम्बन्धित विज्ञलाई परामर्श, कक्षा १ को शिक्षकलाई सूचना हस्तान्तरण आदि)
- नमुना प्रगति विवरण बनाइ त्यसका आधारमा अभिभावकसँग गरिएको परामर्शको नमुना वा अभिनय प्रस्तुत गराउनुहोस् (अगाडिको सत्रमा भरिएको प्रगति विवरणलाई लिन सकिन्छ) ।

## प्रतिविम्बन

क) यस सत्रमा सिकिएका मुख्य-मुख्य कुराहरू के के हुन् ?

ख) यी क्रियाकलापहरू गराउन के के कठिनाइहरू आउन सक्छन् ?

ग) यी कठिनाइहरूको समाधान कसरी गर्न सकिएला ?

# परियोजना कार्यको अभिमुखीकरण तथा कार्ययोजना निर्माण

**दिन :** दसौँ **सत्र :** दोस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

तालिम कार्यशाला खण्ड पश्चात् विद्यालयमा आधारित स्वाध्यय अभ्यास खण्डमा आधारित भई सहभागीहरूले गर्नुपर्ने परियोजना कार्यको अभिमुखीकरण यस सत्रमा गरिन्छ । परियोजना कार्य अभिमुखीकरण पश्चात् सहभागीहरूले आ-आफ्नो प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा गई गर्ने भएकाले सो सम्बन्धमा कार्ययोजना निर्माण गर्ने क्रियाकलाप यस सत्रमा समावेश गरिएको छ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

१. स्वाध्यय अभ्यास खण्डमा आधारित परियोजना कार्य गर्न,

२. कार्ययोजना तयार गर्न ।

## आवश्यक सामग्री

१. परियोजना कार्यको ढाँचा २. प्रतिवेदनको ढाँचा ३. लुज सिट

४. साइन पेन ५. स्केल

## मुख्य विषयवस्तु

क) परियोजना कार्य

ख) कार्ययोजना निर्माण

## सहजीकरण विधि

प्रयोगात्मक

### सहजकर्ताको पूर्वतयारी

- यस सत्रको लागि आवश्यक पर्ने कार्ययोजनाको ढाँचा न्युजप्रिन्टमा लेखेर ल्याउनुहोस् ।
- तालिम सञ्चालन गर्न स्रोत व्यक्तिलाई आवश्यक पर्ने कार्ययोजनाको ढाँचा अनुसूची १६ मा रहेको छ अध्ययन गर्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप नं. १

**निम्न बुँदाहरूमा छलफल गर्नुहोस् ।**

### परिचय

पाँच दिने कार्यभारको स्वअभ्यास तथा परियोजना कार्य सहजकर्ता पेसागत विकास तालिमको एउटा अनिवार्य सर्त हो । तालिम कार्यशाला खण्ड सम्पन्न गरेपछि सञ्चालन गरिने दोस्रो स्वाध्यय अभ्यास खण्डमा प्रत्येक प्रशिक्षार्थीले देहायअनुसारको विशिष्टीकरण मापदण्ड बमोजिम ५ दिने कार्यभारको परियोजना कार्य सम्पादन गर्नु पर्नेछ ।

### परियोजना कार्य विशिष्टीकरण मापदण्ड

स्वाध्यय अभ्यासका लागि ४ ओटा कार्य निर्धारण गरिएको छ । प्रत्येक परियोजनाको परिणामका (Output) रूपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरूपको अलग अलग दस्तावेज तालिम केन्द्रसमक्ष अनिवार्य रूपमा ४५ दिनभित्र पेस गर्नु पर्नेछ ।

**परियोजना कार्य १**

**प्रारम्भिक बालविकास पाठ्यक्रम र ४८ देखि ६० महिनाका बालबालिकाको प्रारम्भिक सिकाइ विकास मापदण्डको सम्बन्ध विश्लेषण**

क. सहजकर्ताहरूले तालिममा प्रयोग गरेअनुसार पाठ्यक्रममा रहेको ७ ओटा मुख्य शीर्षकहरू मध्ये फरक हुने गरी कम्तीमा ४ ओटा उपशीर्षकहरू छनोट गर्ने ।

ख. प्रत्येक उपशीर्षकअन्तर्गत विषयवस्तुमा आधारित भई दैनिक सिकाइ क्रियाकलाप योजना तयार गर्ने ।

ग. सो योजनामा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा रहेको क्षेत्रअनुसारको सूचक प्राप्ति गर्ने क्रियाकलाप राख्ने ।

घ. दैनिक कार्यतालिकाअनुसार बालबालिकाको सिकाइमा प्रयोग गर्ने ।

ङ. प्रयोग पश्चात् क्रियाकलापहरूको प्रभावकारिता उल्लेख गर्ने ।

**परियोजना कार्य २**

**प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनत मापदण्ड, २०७७ कार्यान्वयन अवस्था, अवसर र चुनौती**

क. राष्ट्रिय न्यूनतम मापदण्डमा रहेका क्षेत्रभित्रको उपक्षेत्रभित्रको न्यूनतम मापदण्डबमोजिम कक्षाकोठा भित्रको व्यवस्थापनको अवस्था, कक्षाकोठा बाहिरको व्यवस्थापनको अवस्था, व्यवस्थापन समिति र अभिभावकको सहयोगको अवस्था उल्लेख गर्ने ।

ख. माथि उल्लिखित मापदण्डहरू प्रयोगमा आएको अवसरहरू र चुनौतीहरू उल्लेख गर्ने ।

**परियोजना कार्य ३**

**प्रारम्भिक बालविकास केन्द्रमा अन्य सन्दर्भ सामग्रीको प्रयोग**

क. प्रारम्भिक बालविकास केन्द्रका लागि तयार गरिएको सन्दर्भ सामग्रीहरूको सूची तयार गर्ने ।

ख. सामग्रीमा समावेश गरेका विषयवस्तुहरूको टिपोट गर्ने ।

ग. ती सन्दर्भ सामग्रीहरूको प्रयोग, उपयोगिता र समस्या उल्लेख गर्ने ।

**परियोजना कार्य ४**

**प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको सूचकअनुसार बालबालिकाको मूल्याङ्कन गरेको प्रतिलिपि ।**

क. तालिममा प्रयोग गरेको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण 'फाराम क' अनिवार्य रूपमा सबै बालबालिकाको भर्ने र उनीहरूका सिकाइ र विकासको मापन गरी थप सहयोग गर्ने र सो बमोजिम बालबालिकाको अवस्थाको अभिलेखीकरण गर्ने ।

## क्रियाकलाप नं. २

### प्रतिवेदनको खाका

१. परिचय

२. उद्देश्य

३. अध्ययन विधि

४. देखिएको अवस्था

- सकारात्मक पक्ष
- समस्या तथा सुधार गर्नुपर्ने पक्ष

५. देखिएको समस्या समाधान गर्न निकायगत भूमिका (कसले कसरी गरे समस्या समाधान हुन्छ ?)

६. प्राप्ति र निष्कर्ष

### प्रतिविम्बन

क) यस सत्रमा सिकेका मुख्य मुख्य कुराहरू के के हुन् ?

ख) यस सत्रमा कति ओटा परियोजना कार्यको बारेमा छलफल गरियो भन्नुहोस् ।

# सहभागी/तालिमको मूल्याङ्कन

**दिन :** दसौँ **सत्र :** तेस्रो **समय :** १ घण्टा ३० मिनेट

## परिचय

तालिम कार्यशालाको अन्तिम अर्थात दसौं दिनको अन्तिम सत्रमा लिखित परीक्षा लिनुपर्दछ ।

## उद्देश्य

यस सत्रको अन्तमा सहभागी प्रशिक्षार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

१. प्रारम्भिक सिकाइ तथा विकासबारे सहभागीहरूको बुझाइ मापन गर्न,

२. तालिमको समग्र मूल्याङ्कन गर्न ।

## आवश्यक सामग्री

१. प्रश्नपत्र २. साधा कापी

## मुख्य विषयवस्तु

सहभागी/तालिमको मूल्याङ्कन

## सहजीकरण विधि

लिखित परीक्षा

### सहजकर्ताको पूर्वतयारी

- यो सत्रमा सहभागीहरूलाई दुई चरणमा मूल्याङ्कन गरिने प्रश्नहरू न्युजप्रिन्टमा लेखेर तयार गर्नुहोस् ।
- पश्चमूल्याङ्कनका लागि प्रश्नपत्र र उत्तरपुस्तिका तयार राख्नुहोस् ।

## सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप नं. १

- सहभागीहरूलाई परीक्षाको लागि निर्धारित समय (१५ मिनेट) भनिदिनुहोस् ।
- निर्धारित समयसम्म स्वच्छ वातावरणमा प्रश्नका उत्तर लेख्ने अवसर दिनुहोस् ।
- पहिलो चरणको परीक्षा सकिएपछि समग्र तालिमको मूल्याङ्कनका लागि मूल्याङ्कन सिट दिनुहोस् ।

- परीक्षाको समय सुरु भएपछि पूर्वतयारी गरिएका प्रश्नपत्रहरू सहभागीलाई दिनुहोस् ।
- सहभागीलाई सबै प्रश्नको उत्तर दिइएको कापीमा निर्धक्क भएर लेख्न अनुरोध गर्नुहोस् ।
- समय सकिएपछि सबै उत्तरपुस्तिका जम्मा गर्नुहोस् ।

### क्रियाकलाप नं. २

- पहिलो चरणको उत्तरपुस्तिका बुझाएपछि दोस्रो चरणको लागि प्रश्नपत्रहरू दिनुहोस् ।
- समय सकिएपछि सबै उत्तरपुस्तिका जम्मा गर्नुहोस् ।

### सहभागी मूल्याङ्कनका लागि प्रश्नहरू

१. प्रारम्भिक बालविकास भनेको के हो ? सर्वाङ्गीण विकासका पक्षहरू के के हुन् ?

२. प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाभित्र सिकाइ क्षेत्रको व्यवस्थापन गर्दा कुन कुन कुरामा विशेष ध्यान पुऱ्याउनु पर्छ ? कुनै पाँच बुँदामा लेख्नुहोस् ।

३. प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको दैनिक कार्यतालिकामा के के क्रियाकलापहरू पर्दछन् ? सूची बनाउनुहोस् ।

४. विषयवस्तुमा आधारित क्रियाकलाप भनेको के हो ? प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा के कस्ता विषयवस्तुहरूको प्रयोग गरिन्छ ?

५. बालबालिकाको सिकाइ तथा विकास मापदण्ड भनेको के हो ? यस मापदण्डले बालबालिकाको कुन कुन पक्षको मूल्याङ्कन गर्दछ ?

### तालिम मूल्याङ्कनका लागि प्रश्नहरू

१. तपाईंलाई यो तालिम कस्तो लाग्यो ?

२. तालिमको राम्रा पक्षहरू के के थिए ?

३. सहजीकरण विधि कस्तो लाग्यो ?

४. यस तालिममा सुधार गर्नुपर्ने पक्षहरू (विषयवस्तु, प्रयोग भएका सामग्री, प्रशिक्षकको प्रशिक्षण, तालिमको वातावरण आदि) के के छन् ?

५. यस तालिमबाट फर्केपछि बालबालिकाको सिकाइ र हेरचाहमा तपाईंले कुन कुन पक्षमा कसरी सुधार ल्याउने कुरा सोच्नु भएको छ टिपोट गर्नुहोस् ।

# अध्ययन सामग्री

**यस खण्डमा तालिम सहजीकरण क्रियाकलापलाई प्रभावकारी बनाउन सहजकर्ता र प्रशिक्षार्थी दुवैका लागि आवश्यक पर्ने अध्ययन सामग्रीहरू विभिन्न अनुसूचीमा समावेश गरिएको छ ।**

## अनुसूची १

## १.१ प्रारम्भिक बालविकासको परिचय

### क) अवधारणा तथा महत्त्व







बालबालिकाको सामाजिक, शारीरिक, संवेगात्मक, बौद्धिक, नैतिक तथा चारित्रिक पक्षको सन्तुलित विकास हुनु नै बालविकास हो । प्रारम्भिक बालविकास बालक जन्मेर कुनै निश्चित उमेरमा मात्र हुने प्रक्रिया होइन यो त गर्भावस्थादेखि नै प्रारम्भ हुन्छ । बालबालिकाको मस्तिष्क विकास प्रारम्भिक बालविकास अवधिमै वयस्कहरूको हाराहारीमा पुगिसक्ने कुरा विश्वमा गरिएका धेरै अध्ययन तथा अनुसन्धानहरूले पुष्टि गरिसकेका छन् । जन्मदेखि पाँच वर्षभित्रै बालबालिकाको ९० प्रतिशत मस्तिष्क विकास हुने तथ्य अघि सारिएको छ (NSW, 2020) । जन्मदेखि आठ वर्षसम्मका बालबालिकाहरूलाई उपयुक्त स्वास्थ्य, स्याहार,उचित अन्तरक्रियात्मक वातावरण, उचित पोषण तथा हेरविचार गरी उनीहरूका सर्वाङ्गीण पक्षको विकासलाई सहज बनाउन सके मात्र उनीहरू भोलिका सक्षम नागरिक बन्न सक्ने कुरा प्रारम्भिक बालविकासको अवधारणा हो । प्रारम्भिक बालविकास वहुउद्देश्यीय, वहुपक्षीय सेवा र प्रक्रियाको उपज हो (स्रोत सामग्री, २०७५) अर्थात बालबालिकाहरूको स्वास्थ्य, पोषण, सुरक्षा, सिकाइ तथा उत्प्रेरणा प्रारम्भिक बालविकासका पक्षभित्र समेटिन्छन् । यस हिसाबले हेर्दा गर्भवती आमाको स्याहार र सुरक्षादेखि नै यो विषय जोडिन्छ ।

शारीरिक, बौद्धिक, संवेगात्मक, सामाजिक तथा भाषिक विकासका पक्षहरूको सन्तुलित र समन्वयपूर्ण विकास विना सर्वाङ्गीण विकास नहुने भएकाले प्रारम्भिक बालविकासले यसैमा जोड गर्दछ ।

मस्तिष्कको विकास हुने अवस्था



## ख) प्रारम्भिक बालविकासमा लगानीको महत्त्व


विभिन्न अध्ययन अनुसन्धानले प्रष्ट पारेको छ कि प्रारम्भिक बालविकासमा गरिने एक डलर लगानीले ७ देखि १७ डलरसम्म प्रतिफल दिन्छ । एउटा घर बलियो बनाउन जगमा धेरै लगानी गर्नुपर्छ, राम्रा तथा गुणस्तरीय सामग्री प्रयोग गर्नुपर्ने हुन्छ । त्यस्तै फल तथा बालीबाट राम्रो उत्पादन लिन बिउ राखेदेखि रोप्ने, गोड्ने तथा मलजल गर्ने, उचित सुरक्षा तथा स्याहार गर्ने गर्नुपर्छ । यही कुरा मानव विकासमा पनि लागू हुन्छ । मानव विकासको जग प्रारम्भिक बालविकास भएकाले यस अवस्थामा गरिने लगानीले भावी जनशक्तिको सक्षमता निर्धारण गर्दछ । प्रारम्भिक बालविकासको क्षेत्रमा किन लगानी गर्नुपर्दछ भन्ने विषयमा यहाँ केही दृष्टिकोणहरू प्रस्तुत गरिएका छन् ।

### १. संवैधानिक हकको प्रत्याभूतिका लागि लगानी

नेपालको संविधानको धारा ३९ (बालबालिकाहरूको हक) को उपधारा ३ ले बालबालिकाहरूलाई प्रारम्भिक बालविकासको हक हुने छ भन्ने प्रावधान राखेको छ । त्यसकारण प्रारम्भिक बालविकासका लागि गरिने लगानी र व्यवस्था संवैधानिक हकको कार्यान्वयनको दृष्टिकोण हो भनेर पनि बुझ्नुपर्छ । त्यस्तै बालअधिकारसम्बन्धी महासन्धि १९८९ ले सुनिश्चित गरेका बालविकास, सुरक्षा र सहभागिताका विषयलाई पनि प्रारम्भिक बालविकासदेखिकै लगानीले सुनिश्चित गर्ने हुन्छ ।

### २. आर्थिक विकासका लागि लगानी

बालविकासका गरिने लगानीले आर्थिक प्रतिफल उच्च हुने कुरा अर्थशास्त्रीहरूकै अध्ययनले देखाएको छ । अमेरिकी अर्थशास्त्री जेम्स ह्याकमेन (२०१२) ले पछि परेका समुदायका परिवारका जन्मदेखि पाँच वर्षसम्म बालबालिकाहरूमा गरिने लगानीले व्यक्ति, परिवार तथा राष्ट्रलाई उच्च प्रतिफल दिन्छ भनेका छन् । प्रारम्भिक बालविकासको क्षेत्रमा गरिने लगानीले एकातिर सक्षम जनशक्तिको विकास गर्दछ भने अर्कोतिर स्वास्थ्य क्षेत्रमा हुने अनावश्यक खर्च कटाएर थप विकासात्मक कार्यमा परिचालन गर्न सघाउँछ भन्ने अर्थशास्त्रको दृष्टिकोणले तर्क गरिएको छ ।




### ३. सामाजिक विकासका लागि लगानी

मानिस सामाजिक प्राणी हो । पारस्परिक अन्तरनिर्भरता, सहयोग र समन्वयबिना मानवजीवन सम्भव छैन । सामाजिक हुन सामाजिक गुणहरूको आवश्यकता पर्दछ । शान्तिप्रिय हुनु, सद्भाव र सहिष्णुतापूर्ण व्यवहार हुनु, समतामूलक सोच हुनु, दया, माया तथा करुणाजस्ता मानवीय भाव हुनु सामाजिक विकासका सूचकहरू हुन् । यी बाहेक विविध भूगोल, क्षेत्र र जातको हुनुका कारण हुने विभेदलाई पनि प्रारम्भिक बालविकास कार्यक्रमले घटाउने र सन्तुलित र समुचित विकास हुने हुँदा सामाजिक विभेद हटाउन प्रारम्भिक बालविकासमा गरिने लगानी अर्थपूर्ण हुने विश्वास गरिएको छ । तसर्थ, प्रारम्भिक बाल्यावस्थादेखि नै योग्य र सक्षम सामाजिक गुण र व्यवहार विकास गर्न यस क्षेत्रमा पर्याप्त लगानी आवश्यक रहेको मानिन्छ ।

### ४. शैक्षिक विकासका लागि लगानी

प्रारम्भिक बालविकासमा गरिने लगानीले बालबालिकाहरूको सर्वाङ्गीण विकासको अवसर बढाउँछ । प्रारम्भिक बाल्यकालको सिकाइ जीवनभर रहन्छ र यो असाध्यै फलदायी हुन्छ (युनिसेफ, २०११) । यस प्रकारको विकास भएको बालबालिकाहरू आधारभूत तहका शिक्षाका विभिन्न चरणमा सफल हुँदै जाने र अन्ततः शैक्षिक रूपमा योग्य र दक्ष नागरिक उत्पादन हुने भएकाले प्रारम्भिक बालविकासमा गरिने लगानीले शैक्षिक उपलब्धि बढाउने तथा गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सघाउने तर्क गर्ने गरिन्छ ।

प्रारम्भिक बालविकासमा लगानीको महत्त्व तथा औचित्यको सार सङ्क्षेप

- स्वास्थ जनशक्ति विकास हुने ।
- सबल र सक्षम मस्तिष्क भएका जेहेन्दार जनशक्ति विकास हुने ।
- सामाजिक व्यक्तित्व विकास गरी सामाजिक रूपमा अमन चैन र शान्ति स्थापना हुने ।
- असल चरित्रवान एवं नैतिकवान व्यक्तित्व विकास  हुने ।
- दिगो विकासका लागि पूर्वाधार बन्ने तथा विकासका लागि महत्त्वपूर्ण आधार हुने ।

## १.२. प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड

### क) प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको परिचय

नेपाल भरिका ४८ देखि ६० महिनासम्मका सम्पूर्ण बालबालिकाहरूको सिकाइ तथा विकासको समान स्तर सुनिश्चित गर्ने उद्देश्यले प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड विकास गरिएको हो । तत्कालिन शिक्षा विभागद्वारा वि.सं २०६९ मा विकास गरिएको यस मापदण्डमा ६ ओटा विकासका पक्षलाई पाँचओटा मुख्य क्षेत्रको रूपमा राखी उपक्षेत्र, विशिष्ट पक्ष, मापदण्ड तथा सूचकहरू तयार गरिएको छ । उक्त सूचक प्राप्ति गरी मापदण्डमा पुऱ्याउन प्रत्येक सूचकका लागि केही क्रियाकलापहरू राखिएका छन् जसबाट बालबालिकाको समग्र पक्षको विकास तथा सिकाइलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ । मापदण्डमा रहेका विकासका पक्षहरू निम्नअनुसार छन् ।

- ५ मुख्य क्षेत्रहरू (Domain)
- १३ उपक्षेत्र (Subdomain)
- ३६ विशिष्ट पक्ष (Specific Aspect)
- ६६ मापदण्ड (Standard)
- १३९ सूचक (Indicators)
- सिकाइ वातावरण तथा क्रियाकलापहरू (Learning environment and activities)

## ख) प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड पुस्तिका के का लागि ?

प्रारम्भिक सिकाइ तथा मापदण्ड पुस्तिका निश्चित उमेर समूह अथवा ४८ देखि ६० महिनासम्मका बालबालिकाहरूले जान्न पर्ने र गर्न सक्ने क्षमताको स्तरीकरणका लागि विकास गरिएको हो ।

- यस मापदण्डले बालबालिकाहरूको सिकाइ क्रियाकलापमा समन्वय गर्न, सिकाइमा गुणस्तर ल्याउन र आधारभूत शिक्षाको कक्षा १ सँग समन्वय गराउन सहयोग पुऱ्याउँछ ।
- विभिन्न तहमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाहरूकावीचमा अत्यावश्यक सिकाइ क्रियाकलापहरूको निर्धारण र विकासमा सहयोग पुऱ्याउँछ ।
- पाठ्यक्रम निर्माण तथा परिमार्जनका लागि सहयोग गर्छ ।

## ग) प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका उद्देश्यहरू

- अभिभावक, विज्ञ तथा समुदायका सदस्यहरूलाई बालबालिकाहरूको क्षमता पहिचान गराई उनीहरूबाट गर्न सक्ने जायज अपेक्षा वोध गराउन ।
- गुणस्तरीय प्रारम्भिक बालविकासका लागि समान दृष्टिकोण बनाउन तथा अनुगमन पद्धति निर्माणमा सहयोग पुऱ्याउन ।
- विद्यालय शिक्षासँग सम्बन्ध निर्माण गर्न ।

**प्रारम्भिक बालविकासका क्षेत्र तथा उपक्षेत्रहरू**

| क्षेत्रहरू | उपक्षेत्र | विशिष्ट पक्ष |
|---|---|---|
| शारीरिक विकास | शारीरिक विकास | स्थूल अङ्गको विकास, सूक्ष्म अङ्गको विकास, इन्द्रिय अङ्गको विकास |
| | स्वास्थ्य | तन्दुरुस्ती, व्यक्तिगत सरसफाइ, वातावरणीय सरसफाइ, सुरक्षित व्यवहार |
| | पोषण | खाना खाने वानी |
| सामाजिक र संवेगात्मक विकास | सामाजिक विकास | वयस्क तथा साथीहरूबीच सम्बन्ध |
| | सामाजिक विकास | जीवनोपयोगी सीप |
| | सामाजिक विकास | सहयोग र सहकार्य |
| | सामाजिक विकास | सामाजिक व्यवहार |
| | संवेगात्मक विकास | स्वअवधारणा, संवेग प्रकट, संवेगात्मक सुरक्षा तथा आत्मविश्वास, संवेगहरूको सन्तुलन |
| बौद्धिक विकास | संज्ञानात्मक विकास | बौद्धिक सीप तथा सिकाइ प्रक्रिया |
| | बौद्धिक विकास | वर्गीकरण तथा क्रम मिलाउने |
| | बौद्धिक ज्ञान | वैज्ञानिक खोज, आकाश तथा मौसम,वैज्ञानिक ज्ञान/वस्तुहरू, वैज्ञानिक खोज तथा प्रविधि, यातायात, दूरी तथा दिशा, समयको अवधारणा |
| | गणित | गणितीय ज्ञान/सङ्ख्या, नापतौल |
| | सिर्जनशीलता | सिर्जनशील कला, परिकल्पना, नाटक र अभिनय, सङ्गीत र चाल |
| भाषिक विकास | सञ्चार | सुनाइ, अन्य व्यक्तिसँग सञ्चार र अन्तरक्रिया |
| | साक्षरता | पूर्वपढाइ, पूर्वलेखन अभ्यास |
| सांस्कृतिक विकास | राष्ट्र र राष्ट्रियता | विविधतामा एकता |
| | मूल्य र मान्यता | परिवार र समुदाय |

## घ) प्रगति विवरणको उपयोगिता

'प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण' फाराममा २० ओटा सूचकहरू छन्। ती सूचकहरूका मापन गर्ने आधारहरू पहिलो र दोस्रो पृष्ठमा नै सङ्क्षिप्त रूपमा व्याख्या गरिएका छन् । ती सूचकहरूमा अब्बल देखिने बालबालिकाहरू र न्यून देखिने बालबालिकाहरूको हेक्का सहजकर्ताले राख्नु पर्ने हुन्छ । यसका आधारमा कसमा के समस्या छ ? त्यो सिकाइ तथा अन्तरक्रियात्मक तौरतरिका बदलेर समाधान हुने खालको हो वा होइन पहिचान गर्न यसले मद्दत पुऱ्याउँछ । तर एकाध समयमा सानातिना क्रियाकलापमा बालबालिकाको अभिरुचि नहुँदैमा कुनै प्रकारको समस्या छ भनेर बुझ्नु र सोहीअनुसार किटानी गर्नु भने हुँदैन । हरेक त्रैमासिक अवधिमा प्रगति विवरणमा अभिभावकसमेतले हस्ताक्षर गर्नुपर्ने प्रावधान रहेकाले अभिभावकसँग बालबालिकाको सिकाइ वा विकासमा कुनै समस्या भए साक्षात्कार गर्न पनि प्रगति विवरणले मद्दत पुऱ्याउन सक्नेछ ।

## ङ) निष्कर्ष

'प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण' फारामअनुसार मूल्याङ्कन गर्दा हरेक पक्षमा अब्बल देखिने बालबालिकालाई थप क्रियाकलाप दिनुपर्ने हुन्छ । अन्यथा उनीहरूको सिकाइप्रतिको रुचि मरेर जान्छ । अन्य बालबालिकालाई वैयक्तिक भिन्नता बुझेर क्रियाकलापका लागि समय प्रदान गर्नुपर्छ । कमजोर देखिने बालकबालिकामा पनि कुनै न कुनै समस्या हुन सक्छ भनेर अनुमान एवं आशङ्का गर्नुपर्ने हुन्छ । त्यो समस्या वातावरणीय (घरमा बालबालिकाको उचित हेरविचार नहुनु, आवश्यक वस्तु उपलब्ध नहुनु, उचित खाजा र खानाको अभाव आदि) वा स्वास्थसँग सम्बन्धित (जन्मजात कुनै समस्या लिएर जन्मेको) कुन हो पत्ता लगाउने कोसिस गर्नुपर्छ । यसका लागि अभिभावकसँग भेटघाट, कुराकानी आवश्यक हुन्छ । सोही आधारमा अभिभावक, विज्ञ तथा सरोकार राख्ने निकायमा प्रस्तुत गर्नुपर्ने हुन्छ ।

# अनुसूची २

## २.१. पाठ्यक्रम र राष्ट्रिय न्यूनतम मापदण्ड, २०७७ परिचय तथा महत्त्व

पाठ्यक्रम भन्नाले योजनाबद्ध क्रियाकलाप सिकाइ पद्धतिलाई बुझाउँदछ । पाठ्यक्रम तहगत र उमेरगत रूपमा शैक्षिक उद्देश्य प्राप्तिका लागि निर्मित दस्तावेज हो । पाठ्यक्रममा निश्चित समय सीमाभित्र राज्यले अपेक्षा गरेको शैक्षिक लक्ष्यहरू निर्धारण गरिएका हुन्छन् । ती लक्ष्यहरू प्राप्त गर्न तहगत शैक्षिक उद्देश्यहरू, शैक्षणिक क्रियाकलापहरू, मूल्याङ्कन प्रणालीहरू निश्चित गरिएका हुन्छन् । त्यहीअनुसार विद्यार्थीहरूले सिकाइ उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको हुन्छ ।

परम्परावादी अवधारणामा विद्यार्थीका लागि सिकाउन तयार गरिएको विषयवस्तु नै पाठ्यक्रम भनिन्थ्यो । आधुनिक अवधारणाअनुसार विद्यार्थीहरूले सिकेर अनुभव गरी जीवनमा समेत कार्यान्वयन गरेको खण्डमा मात्र त्यो पाठ्यक्रम बन्न सक्छ भन्ने व्याख्या गरिएको पाइन्छ ।

पाठ्यक्रम निर्माणका लागि सामाजिक मूल्य, मान्यता, सांस्कृतिक पक्षहरू, जीवनोपयोगी सीपहरू, मातृभाषा, समावेशिताका अवधारणा, विश्वव्यापीकरणले ल्याएका परिवर्तन, गुणस्तरीयता, सान्दर्भिकता, अनुसन्धानात्मक रूपमा व्याख्या विश्लेषण गरिएका, अन्तरदेशीय सैद्धान्तिक पक्षहरूलाई समेटिएको हुन्छ ।

**प्रारम्भिक बालशिक्षा पाठ्यक्रम, २०७४अनुसार उल्लेखित पाठ्यक्रमसम्बन्धी तथ्य जानकारी यहाँ उल्लेख गरिएको छ ।**

“विगतमा सामुदायिक र संस्थागत विद्यालयहरू एवम् विभिन्न संङ्घसस्थाहरूले आआफ्नो तरिकाले प्रारम्भिक बालविकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएकामा यसलाई नियमन र नियन्त्रण गर्न २०६२ सालमा शिक्षा विभागले पाठ्यक्रमको रूपमा “प्रारम्भिक बालविकास दिग्दर्शन” र २०६८ सालमा “प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड” तयार गरी कार्यान्वयन गर्दै आएको थियो । शिक्षा ऐनको आठौँ संशोधनपछि प्रारम्भिक बालविकास विद्यालय शिक्षाको अङ्ग भएको हुनाले शिक्षा विभागबाट विकसित दिग्दर्शन तथा मापदण्ड समेतका आधारमा चार वर्ष (४८ महिना पूरा गरेका) उमेर समूहका सम्पूर्ण बालबालिकाहरूका लागि विद्यालय, प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षा वा निजीस्तरबाट सञ्चालित बालविकास कक्षाका लागि पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यक्रम विकास गरिएको हो । यस पाठ्यक्रमले बालबालिकाको रुचि, क्षमता र आवश्यकता साथसाथै उनीहरूको सर्वाङ्गीण विकासलाई प्राथमिकतामा राख्नुका साथै बालबालिकाको सिकाइमा परिवार र समुदायमा रहेका संज्ञानात्मक, मानवीय र अन्य स्रोतको प्रयोग गरी प्रारम्भिक बालविकास सुनिश्चित गर्ने पक्षमा जोड दिएको छ ।”

## २.२. लक्ष्य

प्रारम्भिक बालशिक्षा पाठ्यक्रमका लक्ष्यहरू निम्नानुसार रहेका छन् :

(अ) बालबालिकाको सर्वाङ्गीण विकास गर्नु,

(आ) बालबालिकालाई सिकाइप्रति प्रेरित गरी सिकाइका लागि आधारशिला खडा गर्नु ।

## २.३. विकास तथा सिकाइका क्षेत्र र पाठ्यभार

| क्र.स. | विकास तथा सिकाइका क्षेत्र | क्षेत्रको अवयवहरू | क्रियाकलाप भार |
|---|---|---|---|
| १. | **बालबालिकाको समग्र विकासात्मक क्षेत्र** | (क) शारीरिक विकास<br>(ख) संवेगात्मक विकास<br>(ग) सामाजिक विकास<br>(घ) मानसिक विकास | १९२ |
| २ | **आधारभूत सीपका क्षेत्र** | (क) बौद्धिक अवधारणा र सीप (ज्ञानात्मक)<br>(ख) स्वास्थ्य, पोषण र सुरक्षा सीप<br>(ग) शारीरिक विकास सीप विकास<br>(घ) सांस्कृतिक र नैतिक सीप विकास<br>(ङ) सिर्जनात्मक सीपको विकास । | १९२ |
| ३ | **विषयगत सिकाइका क्षेत्र** | (क) भाषिक सीप<br>(ख) पूर्वगणितीय अवधारणा<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वातावरण विज्ञान<br>(ङ) सामाजिक अध्ययन | १९२ |
| | | मनोरञ्जन,बाह्य खेल र आराम गर्ने समय (कम्तीमा दैनिक १ घण्टा) | २८८ |
| | **कुल जम्मा** | | **८६४** |

२.४ नेपालको सन्दर्भमा प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्मको तहलाई आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षाको संरचनामा राखिएको छ ।

हालै सार्वजनिक गरिएको "राष्ट्रिय शिक्षा नीति २०७६" मा शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रूपान्तरण र समृद्धि दूरदृष्टिको रूपमा उल्लेखित छ ।

"सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संसोधन विकास गर्ने" लक्ष्य रहेको छ ।

उद्देश्य ८.१ मा "बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु" उल्लेख गरिएको छ ।

प्रारम्भिक बालविकास पाठ्यक्रमले प्रारम्भिक उमेरका बालबालिकाका लागि पनि ७ ओटा विषय क्षेत्रहरू पहिचान गरी त्यसै क्षेत्रलाई व्यापकता दिन ३३ ओटा विषयवस्तुहरू तोकिएका छन् । पाठ्यक्रम विकास केन्द्रले २०७४ मा पुनरावलोकन गरेर ७ ओटा विकास क्षेत्र परिमार्जित गरिसकेको छ । यी ७ ओटा क्षेत्र र ३३ ओटा विषयवस्तु अनुसारका सिकाइ सामग्रीहरू जस्तै : कथा, कविता, गीत, चित्र, पोष्टरहरूको निर्माण गरिएको हुनुपर्दछ ।

पाठ्यक्रम भनेको समग्रमा उद्देश्यबाट सुरु भएर अन्तिम मूल्याङ्कन सत्रसम्म के के गरिने हो, सो अग्रिम योजनाबद्ध गरिएको हुनुपर्दछ । वार्षिक बिदाहरू र चाडपर्वहरू, सार्वजनिक बिदाहरू कटौटी गरेर पढाइ हुने दिनहरू छुट्याउनु पर्दछ । जुन मौसममा जुन विषयवस्तु उपलब्ध हुन्छ, त्यो कुरालाई ध्यान दिनुपर्दछ । गहुँ फल्ने मौसममा गहुँकै विषयमा सिकाइ क्रियाकलाप सञ्चालन गर्दा उपयुक्त हुन्छ । त्यसैगरी हिउँ पर्ने समयमा हिउँ र झरी पर्ने समयमा झरी बादलको पाठ सञ्चालन गर्दा प्रत्यक्ष अनुभव र अवलोकन गर्न गराउन सकिने हुन्छ । यिनै कुराहरूलाई ध्यानमा राखेर शिक्षकहरूले पाठयोजना तयार पार्नुपर्दछ । एउटा विषयवस्तुलाई कति दिन सञ्चालन गर्दा निर्धारित सिकाइ उपलब्धि वा उद्देश्य पूरा गर्न सकिन्छ ? त्यो कुरालाई महत्त्व दिनुपर्दछ ।

## २.५. पाठ्यक्रमका विशेषताहरू

- राज्यद्वारा निर्दिष्ट,
- शैक्षिक नीतिमा आधारित,
- निश्चित लक्ष्य र उद्देश्यमा आधारित,
- विषयवस्तु र विधिको प्रयोग,
- मूल्याङ्कनको प्रयोग सूचकको प्रयोगद्वारा,
- समय सीमाको निश्चितता,
- उमेरगत र तहगतमा आधारित ।

## २.६. प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको राष्ट्रिय मापदण्ड, २०७७

### परिचय

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय रणनीतिले गर्भावस्था देखि ८ वर्ष उमेरसम्मका बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक, संवेगात्मक लगायतका सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने उद्देश्य राखेको छ । यसै सन्दर्भमा चार वर्ष उमेर पूरा भएका (४८ देखि ६० महिनासम्मका) बालबालिकाको सर्वाङ्गीण विकास गराई आधारभूत शिक्षाको कक्षा १ मा प्रवेशको लागि तयारी गराउने उद्देश्यका साथ सञ्चालित कार्यक्रम नै प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम हो । प्रारम्भिक बालविकास तथा शिक्षाका माध्यमबाट बालबालिकाको चौतर्फी विकास गर्ने कार्य गरिन्छ । प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा नियमित रूपमा सहभागी भएका बालबालिकाहरूले त्यही कक्षामा बालविकास र शिक्षामा सहभागी नभएका विद्यार्थीको भन्दा राम्रो प्रतिफल प्राप्त गरेको विभिन्न अध्ययनहरूले देखाएको छ । विश्व बैंकको एक अध्ययनअनुसार प्रारम्भिक बालविकासमा १ अमेरिकी डलर लगानी गर्दा त्यसको प्रतिफल १७ अमेरिकी डलरसम्म प्राप्त भएको पाइएको छ ।

नेपालको संविधान, २०७२ को धारा ३९, उपधारा ३ मा **"प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ"** भनी बालविकास र शिक्षा कार्यक्रमलाई सुनिश्चितता गरिएको छ । त्यसै गरी शिक्षा ऐनको आठौं संशोधन २०७४ बाट प्रारम्भिक बालविकासलाई विद्यालय शिक्षाको संरचनाभित्र समावेश गरिएको छ । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा **"प्रत्येक स्थानीय तहमार्फत् राज्यले ४ वर्ष पूरा भई १३ वर्ष पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्नुपर्नेछ"** भनी उल्लेख गरेको छ । यसका लागि ४ वर्षको उमेर पूरा भएपछि १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा प्रदान गर्नुपर्नेछ भन्ने उल्लेख भएबाट अबका दिनमा प्रारम्भिक बालविकास तथा शिक्षालाई अनिवार्य रूपमा लागू गरी स्थापना, संचालन गर्नु नीतिगत रूपमै स्थानीय तहको जिम्मेवारी थप भएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ मा **"तोकिएको मापदण्डका आधारमा सबै विद्यालयहरूमा बालविकास कक्षा र विद्यालय बाहिर बालविकास केन्द्र र बालविकास तथा स्याहार केन्द्र स्थापना र सञ्चालनको व्यवस्था मिलाइनेछ साथै तोकिएको न्यूनतम मापदण्डको आधारमा नेपाल सरकार र प्रदेश सरकारको अनुदान तथा स्थानीय तह र अभिभावकहरूको साझेदारीमा एक वर्षे प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन गरिनेछ"** भन्ने व्यवस्था भएकोमा तीनै तहका सरकारबाट लगानीको साझेदारी गरी देशभर सञ्चालित सम्पूर्ण प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा न्यूनतम मापदण्ड पुरा गराई एकरूपता र गुणस्तरता कायम गर्ने मूल उद्देश्यका साथ यस भन्दा पहिले लागु भएको **"प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७"** लाई खारेज गरी परिवर्तित सन्दर्भमा यो **"प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको राष्ट्रिय मापदण्ड, २०७७"** विकास गरी लागू गरिएको छ ।

प्रारम्भिक बालविकास र शिक्षाको मुख्य लक्ष्य बालबालिकाको सर्वाङ्गीण विकास र सिकाइको लागि आधारशिला निर्माण गर्नु रहेका छन् । यसका सक्षमताहरूमा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्वन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सीपको विकास रहेका छन् । प्रारम्भिक बालविकास र कक्षाको उद्देश्य **"बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकास गर्ने, बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाई स्थिति सुधारमा सहयोग गर्ने, बालबालिकालाई क्रियाशील बनाई सिर्जनशील हुन प्रेरित गर्ने र कक्षा १ मा पढ्नका लागि तयार बनाउने"** रहेका छन् । प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको उद्देश्य **"४ वर्ष उमेर पुगेका बालबालिकाहरूको सर्वाङ्गीण विकासको अधिकार सुनिश्चित गरी कक्षा १ को लागि तयार गराउनु हो" ।**

हाल मुलुकभर सामुदायिकमा आधारित, सामुदायिक तथा संस्थागत विद्यालयहरूमा विद्यालयमा आधारित, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, निजि संघ संस्थाहरू लगायतले चलाएका प्रारम्भिक बालविकास र शिक्षालाई न्यूनतम मापदण्डअनुरूप गुणात्मक स्तरोन्नति गरी यसको मर्म र भावना अनुरूप देशभरि एकै प्रकारबाट सञ्चालन गर्नु र संघीय संरचनाका तीन ओटै तहलाई जिम्मेवार बनाई तिनका सरकारहरूका साथै सहयोगी संघ संस्थाहरू, नियोगहरू, सहकारी निजि संघ संस्थासमेतका सरोकारवालाहरूसमेतका लगानीहरूलाई एकिकृत गरी समन्वात्मक रूपमा प्रारम्भिक बालविकास र शिक्षा तथा यसका कार्यक्रमलाई सहयोग गरी यसमा सबै बालबालिकाको पहुँच पुऱ्याइ गुणस्तरीयता कायम गर्नु र सबै पक्ष समान रूपमा जिम्मेवारी बन्नु/बनाउनु आजको आवश्यकता रहेको छ ।

**प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको राष्ट्रिय मापदण्डको उद्देश्य**

यस मापदण्डका मुख्य उद्देश्यलाई तल उल्लेख गरिएको छ :

(क) नेपालको संविधानमा उल्लिखित प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हकलाई सुनिश्चितता गर्नु ।

(ख) नेपाल सरकारका नीतिगत दस्ताबेजमा उल्लेखित व्यवस्थाअनुसार तीनै तहका सरकार तथा सरोकारवाला संघ संस्थाहरूको लागानीलाई यस मापदण्डमा आधारित रही एकिकृत लगानी र प्राथमिकताका साथ प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षा सञ्चालन गर्ने ।

(ग) देशभर एउटै न्यूनतम राष्ट्रिय मापदण्डका आधारमा प्रारम्भिक बालिवकास केन्द्र तथा पूर्वप्राथमिक कक्षा स्थापना र सञ्चालन गरी प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको एकरूपता र गुणात्मकतामा सुधार ल्याउनु ।


(घ) प्रारम्भिक बालविकास तथा शिक्षाको मूल मर्मलाई ध्यानमा राखी बालबालिकाको सर्वाङ्गीण पक्षको विकास तथा शैक्षिक गुणस्तरका लागि विद्यार्थी तयारीमा सहयोग पुऱ्याउनु ।

(ङ) प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित नीति निर्माता र सबै सरोकारवालाहरूलाई यसको सुधारसम्बन्धी कार्ययोजना बनाउन सहयोग गर्नु ।

(च) कार्यान्वयनमा देखा परेका समस्या र समाधानका उपायहरू पहिचान गरी नीतिगत सुधारका लागि तीन ओटै तह बिच निरन्तर समन्वय र सञ्चार स्थापना गर्नु ।

## २.७. पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूसँगको सम्बन्ध यस चार्टमा देखाइएको छ ।

**सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट**



## अनुसूची ३

### शारीरिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

### ३.१. परिचय

बालबालिकाको उमेर र अवस्थाअनुसार शरीरको तौल तथा उचाइ बढ्नुलाई शारीरिक वृद्धि भनिन्छ भने शारीरिक सक्रियता साथै शरीरको अङ्गले गर्नुपर्ने क्रियाकलापलाई शारीरिक विकास भनिन्छ। शारीरिक विकासमा बालबालिकाको उमेर र अवस्थाअनुसार शरीरका सूक्ष्म तथा स्थूल मांसपेशी, इन्द्रिय, मस्तिष्क, हाड आदिको वृद्धिका साथै ती अङ्गहरूको परिचालन, सन्तुलन तथा यिनीहरू वीचको समन्वयजस्ता पक्षहरूको विकास भैरहेको हुन्छ । बालबालिका हुर्कने क्रममा उनीहरूको शारीरिक वृद्धि र विकास सँगसँगै हुने गर्दछ । उनीहरूको विकासक्रमअनुसार उत्प्रेरणावर्द्धक वातावरण भएमा, आवश्यक मात्रामा पोसिलो खाना खान पाएमा, रोग लाग्न नदिएमा, सुरक्षित र सफा वातावरणमा खेल्ने अवसर पाएमा उनीहरूको शारीरिक विकास हुन मद्दत पुग्दछ ।


भर्खर जन्मिएको बालकले रुन र दूध चुस्न मात्र जानेको हुन्छ भने दिन बित्दै जाँदा विस्तारै हात गोडा चलाउने, बामे सर्ने, बस्ने, उठ्ने, दगुर्ने, खेल्ने, सोच्ने सीपहरूको विकास हुँदै जान्छ। उमेरअनुसार सूक्ष्म अङ्ग, स्थूल अङ्ग र मांसपेशीहरूको वीच समन्वय गरी शरीर सञ्चालन र नियन्त्रण गर्ने क्षमताको विकास हुनु शारीरिक विकास हो ।

गर्भ अवस्थामा तथा जन्मेपछि पाँच वर्षको समयभित्र जुन गतिमा शरीरको वृद्धि र विकास हुन्छ त्यो जीवनको अन्य समयमा हुँदैन । शारीरिक विकासको क्रममा बालबालिकामा विशेष प्रकारका सीपहरू विकसित हुन्छन् । मस्तिष्कको तौल बढ्दै जानु शारीरिक विकास हो । शरीरका हाड, मांसपेशीहरूको तौल, लम्बाइ, चौडाइ तथा कार्यक्षमता बालबालिकाको उमेरअनुसार हुन्छ । जस्तै : बस्ने, उभिने, हिँड्ने, हेर्ने, सुन्ने, समात्ने, टिप्ने, फाल्ने दौडने, बामे सर्ने, पल्टने, छाती उठाउने, खन्याउने, उठाउने, कोर्ने, लेख्ने आदि ।

### ३.२. शारीरिक विकासको पक्षलाई तीन भागमा विभाजन गरिएको छ ।

**क) स्थूल अङ्गहरूको विकास :** स्थूल अङ्गको विकास भन्नाले बालबालिकाको ठूला मांसपेशी, हात, गोडा तथा पाखुराको समन्वय र सन्तुलन गर्ने क्षमताको विकास हो । वस्तु एवम् खेलौना समात्ने र फाल्ने, उफ्रने, कुद्ने, दौडने, हिँड्ने, टाउको थाम्ने आदि यसभित्र पर्दछन् ।

**ख) सूक्ष्म अङ्गहरूको विकास :** बालबालिकाका हत्केला, औँला समन्वय गरी सञ्चालन गर्ने क्षमताको विकासलाई सूक्ष्म अङ्गको विकास भनिन्छ । सूक्ष्म अङ्ग सञ्चालनअन्तर्गत वस्तु टिप्नु, उठाउनु, खन्याउनु, पल्टाउनु, लेख्नु, आँखा र हातको समन्वय गरी कुनै भाँडोमा भर्नु, औंलाहरू चलाउनु आदि हुन् । शरीरको वृद्धि र विकास (शारीरिक विकास)का




लागि पोसिलो खाना, खोप, स्याहार, सरसफाइ, सिकाइ तथा उत्प्रेरणा र हौसलाको आवश्यकता पर्दछ । यस अवस्थामा सरुवा रोग, घातक रोग, दुर्घटना आदि हुने जोखिमबाट बालबालिकालाई बचाउनु आवश्यक पर्दछ ।

ग) **इन्द्रिय अङ्गहरूको विकास :** इन्द्रिय अङ्गहरूको विकास भन्नाले आँखा, कान, नाक, मुख, छालाजस्ता चेतनाशक्ति तथा इन्द्रियहरूको क्षमताको विकास हो । बालबालिकाका संसार बुझ्ने झ्याल पनि यही इन्द्रियहरू हुन् । इन्द्रियहरू जति धेरै चलायमान भयो त्यति मात्रामा बालबालिकाको सिक्ने र अनुभव समेट्ने क्षमताको विकास हुन्छ । मानिसको मस्तिष्कको विकाससँग इन्द्रियको सक्रियताले महत्त्वपूर्ण भूमिका खेल्दछ । दिइएको चित्रमा पनि इन्द्रिय अङ्गहरूको मस्तिष्क विकाससँगको सम्बन्ध प्रस्ट्याइएको छ ।

## ३.३. शारीरिक विकास अन्तरगत स्थूल अङ्ग, सूक्ष्म अङ्ग र इन्द्रिय अङ्गको विकासलाई प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।

### सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट



# अनुसूची ४

## सामाजिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

### ४.१. सामाजिक विकास परिचय

मानिस समाजमा जन्मन्छ, समाजबाट सिक्छ ,आफूले जानेका ज्ञान,सीप समाजकै लागि अर्पण गर्छ र समाजबाट विदा हुन्छ । समाजभित्र विभिन्न धर्म, संस्कृति जातजातिअनुसार रीतिरिवाज फरक हुन्छ । त्यसैले सामाजिक विकास भनेको समाजबाट स्वीकृत क्रियाकलापहरूमा बालबालिकालाई अभ्यस्त बनाउनु हो ।

बालबालिकाले सामाजिक गुणहरू गर्भदेखि नै सिक्दै आएका हुन्छन् । आवाज सुन्दा गर्भ भित्रैबाट आनन्द मानेको वा प्रतिक्रिया देखाएको विभिन्न अनुसन्धानबाट प्रमाणित भैसकेको छ । यसैगरी बालबालिकामा जन्मदेखि नै मान्छेको नजिक बस्न मनपराउने आमाबुबा वा नजिकको मानिसको आवाज चिन्ने आदि सामाजिक गुणहरूको विकास भैसकेको हुन्छ । उनीहरूले सहभागिताको अवसरबाट बिस्तारै उमेरसँगै आदरसत्कार गर्ने, सामाजिक नियम, नेतृत्व लिने र दिने, नक्कल गर्ने, समूहमा बस्ने आदि सामाजिक सीपहरू पनि सिक्दै जान्छन् ।

**प्राथमिक सामाजिकीकरण** **(Primary Socialization) :** बालबालिकाले माथि उल्लेखित सामाजिक सीपहरू घरमा परिवारबाट सिकिरहेका हुन्छन्, जसले गर्दा उनीहरूले परिवारको मूल्यमान्यताको अवधारणा तयार गर्छन् र नक्कल गरेर आफूलाई समायोजन गर्दै गरेका हुन्छन् । यसरी हुने सामाजिक सहभागिताबाट बालबालिकाहरूको व्यक्तित्व विकासको आधार पनि करिब पहिलो २ वर्षको उमेरमा तयार हुन्छ ।

**माध्यमिक सामाजिकीकरण** **(Secondary Socialization) :** जब बालबालिका घरबाट बाहिरको संसारमा प्रवेश गर्छन् तब उनीहरूले घरपरिवारको भन्दा भिन्दै प्रकारको वातावरण पाई समाजलाई विस्तारै बुझ्दै जान्छन् । बालबालिकाहरूको समाज र सामाजिक नियमलाई घुलमिल र अन्तरक्रियाबाटै सिक्छन् । प्रारम्भिक बालविकासको उमेरमा पनि उनीहरूले घरपरिवारको साथसाथै प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षासम्मको अनुभवले सामाजिक सीपहरू सिकिरहेका हुन्छन् ।

प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा उल्लेखित ६ ओटा पक्षहरूमध्ये सामाजिक विकास एक महत्त्वपूर्ण पक्ष हो । यसले नेपाली बालबालिकाको सामाजिक विकासका लागि देहायअनुसारका विशिष्ट पक्षहरूको सिफारिस गरेको छ ।

१. **वयस्क तथा साथीहरूवीचको सम्बन्धः** सामाजिक विकासको लागि बालबालिकाले वयस्कहरूलाई सामाजिक व्यवहार देखाउनुको साथै आफूसरहका बालबालिका वा उनीहरूका साथीहरूसँग सहयोग लिने र दिने, बाँडेर खाने, सँगै मिलेर खेल्ने जस्ता सामाजिक सीप सिक्छन् ।

२. **जीवनोपयोगी सीपः** बालबालिकाले वयस्क वा अभिभावक र साथीहरूको नक्कल गरेर भावी जीवनको लागि उपयोगी सीपहरू सिकिरहेका हुन्छन् । उदाहरणका लागि बालबालिकाले भान्सामा खाना पकाउने बाँड्ने खेल खेलिरहेका छन् भने उनीहरू भविष्यमा सजिलै खाना पकाउने बाँड्ने काम गर्न सक्षम हुनेछन् ।


३. **सहयोग तथा सहकार्य:** बालबालिकामा अरूलाई सहयोग गर्ने सीप पनि हुनुपर्छ । आफूभन्दा ठूला वा आफ्नो साथीहरूलाई सहयोग गर्ने वा मिलेर काम गर्ने बानीको विकास हुनुपर्ने अर्को विशिष्ट पक्ष हो ।

४. **सामाजिक व्यवहार:** बालबालिका हुर्केको वातावरणअनुसार आफूभन्दा ठूला र सानालाई व्यवहार गर्न सिक्दछन् । ठूलालाई आदर र सानालाई स्नेह गर्ने परम्परा जुनसुकै जातजातिका परिवारमा हुन्छ । स्वागत सत्कारका प्रक्रिया मात्र फरक हुने हुन्छ । त्यसैले बाह्य वातावरणमा प्रवेश गरेपछि बालबालिकाले सानो उमेरदेखि नै विविध परम्परा र संस्कृतिको बारेमा थाहा पाउने र त्यसको आदर गर्ने सामाजिक व्यवहारका सीपहरू विकास गर्ने गर्दछन् ।

५. **स्व:अवधारणा:** बालबालिकाहरूले समाजबाट पाएको प्रशंसा, उत्प्रेरणा तथा नकारात्मक प्रतिक्रियाबाट स्व:अवधारणाको निर्माण पनि यसै अवस्थादेखि तयार गर्छन् । बालबालिकालाई राम्रो छौ, सक्षम छौ वा असल छौ भनेर सकारात्मक विशेषण प्रयोग गर्दा उनीहरूले आफूलाई सक्षम, राम्रो र असल मान्छे हुँ भन्ने धारणा विकसित गर्छन् र सो अनुरूपका गतिविधिहरूको छनौट गर्छन् ।

## ४.२. सामाजिक विकास अन्तरगत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।

### सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट



# अनुसूची ५

## ५.१. संवेगात्मक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

- प्रारम्भिक बालविकास भन्नाले बालबालिकाको सर्वाङ्गीण विकास हुनु हो। कुनै पनि बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकाससँगै भाषिक र सांस्कृतिक विकास भैरहेको हुन्छ। विकासका सबै पक्षहरू एकअर्कासँग अन्तर्सम्बन्धित हुन्छन्। संवेगात्मक विकाससँगै बौद्धिक, सामाजिक, शारीरिक र भाषिक विकास पनि भएको हुन्छ। उचित क्रियाकलाप तथा विकासको अवसर पाउन सकेमा बालबालिकाको सबै पक्षका विकास सँगसँगै हुन्छन्।
- संवेगात्मक विकास भनेको खुसी हुनु, आशावादी हुनु, उत्साहित हुनु, रमाइलो मान्नु आदि हुन्। यी सकारात्मक संवेगहरू हुन् भने रिस उठ्नु, झगडा गर्नु, चिडचिडाउनु, आवेशमा आउनु, चिच्याउनु, कराउनु, रुनु, गाली गर्नु आदि नकारात्मक संवेग हो। सकारात्मक र नकारात्मक संवेगहरू एउटा सिक्काका दुई पाटाहरू हुन्। एउटा मानिसलाई खुसी पनि चाहिन्छ र रुन पनि जरुरी हुन्छ। जस्तै आफ्नो परिवारका कुनै सदस्य बिरामी हुँदा, मृत्यु हुँदा, रुनु स्वभाविक हुन्छ। त्यस्तै कुनै सामान हराएमा दुःखी हुनु स्वभाविक हुन्छ।
- रिस उठेको समयमा संयम अपनाएर सम्झाउनु, छलफलबाट समाधान गर्नु, बढी राम्रो र लाभदायक हुन्छ भनेर विकल्प दिनु नै संवेगात्मक सन्तुलन गर्नु हो र यो नै संवेगात्मक विकास हो। यदि बाल्यकालमै बालबालिकाहरूले खुसी र मायाको वातावरण प्राप्त गर्दछन् भने उनीहरू अरूको जीवनमा पनि खुसी भएको देख्न चाहने सकरात्मक सोच भएको व्यक्ति बन्नेछन्। त्यसैगरी दुःखै दुःखमा, गाली गलौज, तनाव र आवेगमा हुर्किएको बालबालिकाहरू पनि झगडालु स्वाभावका बन्ने धेरै सम्भावना हुन्छ। त्यस्ता व्यक्तिहरू नै अपराध कार्यमा बढी संलग्न हुने गरेका तथ्य अनुसन्धानले देखाएको छ भनि बुझ्नु पर्दछ। यस सन्दर्भमा "जस्तो परिवेशमा शिशु हुर्कन्छ, ऊ त्यस्तै हुन्छ" भन्ने दोरोथी ल नोल्तेको सारगर्भित भनाइले अझ स्पष्ट गरेको छ।

## ५.२. संवेगका विशिष्ट पक्षहरु निम्नानुसार छन् :


**क) स्व-अवधारणा :** बालबालिकाले "म को हुँ ?" भनेर आफैँलाई चिन्नुपर्ने हुन्छ। आफ्नो नाम, ठेगाना, उमेर, लिङ्ग, बुवाको नाम, आमाको नाम भन्न सक्नु स्व-अवधारणाका सीप हुन्। त्यसका साथै आफूप्रति सकारात्मक सोच राख्न, म समाजको एक सदस्य हुँ, म पनि केही गर्न सक्छु, आफूले सकेजतिको काम गर्न सक्छु भन्ने कुराको अनुभूति दिलाउनु पर्दछ। यो संसार मेरो पनि हो, संसार रमाइलो हुन्छ भन्ने कुराको महसुस गराउनु हामी वयस्कहरूको जिम्मेवारी हो।

**ख) संवेग प्रकट :** "म तिमीलाई प्रेम गर्दछु।" "माया गर्दछु।" भन्न सक्ने बनाउनु पर्दछ। "तिमी कसलाई मनपराउँछौ ?" भनेर प्रश्न सोध्दा आमा, बाबा, दाइ, दिदी आदि बताउनु सक्नुपर्दछ। आफ्ना नजिकका व्यक्तिहरूसँग भावना व्यक्त गर्ने, कुराकानी गरिरहने अवसर दिनुपर्दछ। कुराकानी नगर्नु, नबोल्नु, नहाँस्नु, नरुनु नकारात्मक संवेग हुन्। मनभित्रका कुराहरू व्यक्त नगर्दा पीडा हुन सक्छ। रिस र ईर्ष्या बढ्न सक्छ। ऊ विक्षिप्त बन्न सक्छ। त्यसैले खेलौनाहरू दिनु, उनीहरूसँग समय बिताउनु, सोधेका प्रश्नहरूको उत्तर दिनु र अभिनयात्मक खेलहरू खेलाउँदा उनीहरूमा संवेग प्रकट हुन्छ।

ग) **संवेगात्मक सुरक्षा र आत्मविश्वासको प्रकट :** आमाको काख र बुबाको स्पर्शले बालबालिकालाई सुरक्षाको महसुस गराउँदछ । मेरो लागि कोही छ भन्ने भावना जागृत गराउँदछ । भावनात्मक रूपमा सुरक्षाको महसुस भएपछि उसले आफूले गर्न सक्ने काम वा कुरा सजिलै गर्न सक्छ । धेरै लजाउनु, नबोल्नु, डराउनु, नसोध्नु, आत्मविश्वासको कमीको कारण हुन सक्दछ ।


घ) **संवेगहरूको सन्तुलन :** बालबालिकालाई धेरै रिस उठेमा, धेरै पीडा महसुस भएमा, ईर्ष्या लागेमा त्यसलाई व्यक्त गर्ने क्रममा साथीलाई कुट्ने, गाली गर्ने, गाईवस्तु वा पाल्तु जनावर कुट्ने, ठूलो आवाजमा चिच्याउने, रुने गर्दछन् । यसका लागि सबैभन्दा उत्तम उपाय उनीहरूलाई खेलमा व्यस्त राख्न सकिन्छ । चित्रकला वा सिर्जनात्मक काममा व्यस्त बनाउन सकिन्छ । भावनात्मक रूपमा समस्या समाधान गर्नका लागि कारण पत्ता लगाउनु पर्दछ र बाबा, आमा, शिक्षक हामी वयस्क उदाहरणीय (Role Model) बन्न सक्नु पर्दछ । यस्ता समस्यामूलक बालबालिकाका लागि भावनात्मक कथाहरू सुनाउनु अति नै उत्तम उपाय हुन सक्छ ।

### सन्दर्भ चित्र




## ५.३. संवेगात्मक विकास अन्तरगत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।

### सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट



# अनुसूची ६

## बौद्धिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

### ६.१. बौद्धिक विकासको अवधारणा र महत्त्व

बौद्धिक विकास मानवमा आउने एक परिवर्तन हो । बौद्धिक विकास भनेको बालबालिकाको सोच्ने प्रक्रियाको निर्माण हो जसमा सम्झने, समस्या समाधान गर्ने र निर्णय लिने कार्य मुख्य रूपमा गरिन्छ । बालबालिका जन्मिने वित्तिकै अन्वेषणमा रुचि राख्दछन् र सक्रिय रूपमा सिक्न थाल्छन् । उनीहरूले सिकेका कुराहरू उनीहरूका अन्तरक्रिया मार्फत कसरी त्यसको अनुभव गर्छ, सोच्छ र आफ्नो वरिपरिको ज्ञान प्राप्त गर्दछ भन्ने कुरा बालबालिकाको विकासको अन्य क्षेत्रहरूको सिकाइको आधार हो । ५ वर्षभित्र बालबालिकाको मस्तिष्क विकास ९० प्रतिशत भइसक्छ भन्ने कुरा विभिन्न अनुसन्धानहरूले देखाइ सकेको छ ।

बौद्धिक विकास निकै महत्त्वपूर्ण भएकाले यस पक्षको विकाससँग जोडिएको उनीहरूको वातावरण, सिकाइ, खाना, खेल र खेलौनाको आवश्यकताको साथसाथै उनीहरूको स्वास्थ्यको पनि ख्याल राख्नु पर्दछ । उचित खानपान र वातावरणले उनीहरूमा रोग विरुद्ध लड्ने क्षमताको विकास हुन्छ । अस्वस्थ बालबालिकाको बौद्धिक विकास कमजोर हुन्छ । बालबालिकामा उमेरअनुसार उचित विकास नभएमा उनीहरू भविष्यमा आइपर्ने समस्यासँग जुध्न, असमर्थ हुन्छन् । साथै सिर्जनशील र क्रियाशील हुन सक्ने सम्भावना पनि कम हुन्छ ।

३ देखि ४ वर्षका बालबालिकामा मस्तिष्कको विकास तीव्र रूपमा हुन्छ । यो उमेरमा बालबालिकाले निम्न कुराहरू सिक्दछन् :

**क) वैज्ञानिक खोज :** बालबालिकाले कुनै कुरा थाहा पाउनु मस्तिष्क विकास हो । यसलाई हामी महशुश गर्नु, थाहा पाउनु भनेर बुझ्दछौं । जस्तै आज घाम लागेको हो या बादल लागेको, पानी परेको हो या हावा चलेको भनेर थाहा पाउनु बौद्धिक विकास हो । गर्मीको दिन तातो महशुश हुनु, पानी पर्दा आच्छु भन्नु, हावा चल्दा घरभित्र पस्नु, गर्मीमा छाता ओढ्नु वा शीतल ताप्नु उनीहरूको चेतना विकासको कारण प्रतिक्रिया गर्नु हो ।

**ख) दुरी तथा दिशा :** बालबालिकालाई वरपर, दाँया बाँया, तल माथी, टाढा नजीक भन्ने कुरा थाहा हुँदैन । त्यसैले हामीले कुनै सामानलाई आधार मानेर जस्तै टेवुलमा ठोस वस्तुद्वारा माथी कि तल, भित्र कि बाहिर, तिम्रो दायाँ हात कुन, बाँया हात कुन भनेर दिशा बोध गराउन सकिन्छ । तिम्रो घरबाट पानीको धारा वा इनार नजीक छ कि टाढा आदि बझाउनु पर्दछ ।

**ग) गणित/गणितीय संख्या :** बालबालिकालाई अंक सिकाउनु भन्दा अगावै गन्तीको अवधारणा दिनुपर्दछ । हरेक वस्तु १ ओटा/१ ओटा भनेर बुझाउन सकियो भने २ ओटा/२ ओटा भनेर थप सिकाइ गराउन सकिन्छ कम्तीमा १० ओटा सम्म सिकाउन सकियो भने त्यसपछि संख्या पनि चिनाउन सकिन्छ । सरलबाट जटिल तिर लैजानुपर्दछ । पहिले अंक चिनाउनु भन्दा संख्याको अवधारणा बुझाउनु पर्दछ । जस्तैः एउटा मुख, एउटा जिब्रो, एउटा नाक आदि ।

**घ) सृजनशीलता :** बालबालिकालाई कथाहरू सुनाउँदा पुरै कथा एकै चोटी सुनाउनु भन्दा पनि अब के होला ? भन्दै जिज्ञासा जगाउँदै भन्नुपर्छ जस्तै अब के होला ? भन्दै जिज्ञासा जगाउँदै भन्यो


भने आफैं कल्पना गरेर बताउन लगाउँदा चाख लाग्दो हुने र कल्पनाशील बनाउन सकिन्छ । सबै प्रश्नको समाधान गरिदिनु भन्दा अगाडि एक पटक उनीहरूलाई नै सोध्दा सृजनशील उत्तर आउँछ । सुनेको कथालाई अभिनय गर्न लगाउँदा उनीहरू धेरै सृजनशील बन्नेछन् ।

ङ) **वर्गीकरण तथा क्रम मिलाउने :** बालबालिकालाई वरिपरि भएका वस्तुहरूको फरकपन बताउन लगाउनु वर्गीकरण सीप हो । जस्तैः नाङलो गोलो छ तर टेबुल चारकुने छ भनेर फरक छुट्टयाउन सक्नु नै वर्गीकरण गर्नु हो । नाङलो र थाललाई एउटै समूहमा राख्न सक्नु वर्गीकरणको आधारमा गराउन सक्नु हो र साडी लामो हुन्छ सल छोटो हुन्छ, भकुण्डो ठुलो हुन्छ, आलु सानो हुन्छ भनेर छुट्टयाउनु सक्छन् भने बौद्धिक विकास हो र यो कलम हो हिड्दैन र यो कीरा हो हिंड्छ भन्यो भने सजीव र नीर्जीव छुट्टयाउन सक्नु हो ।

च) **बौद्धिक सीप तथा सिकाइ प्रक्रिया :** बालबालिकाले सम्झेर सोँचेर केही कुरा बताउँछ भने त्यो बौद्धिक सीप हो । जस्तैः दिनभरि उठेपछि सुत्ने बेलासम्मको क्रियाकलाप बताउनलाई सोँच्नुपर्ने हुन्छ, यसरी सोचेर बताउन वा भन्न सक्ने बनाउनु हाम्रो कर्तव्य हो । उसले विहान उठेर हात मुख धोएँ, खाजा खाएँ, खेले, खाना खाएँ, बारीमा गएँ भनेर क्रमबद्ध रूपमा बताउन सक्छ भने त्यो नै बौद्धिक सीप तथा सिकाइ प्रक्रिया हो । घटनाक्रमलाई जोडेर बताउन सक्छ भने भविष्यमा धारावाहिक रूपमा बोल्न सक्ने वा केही कुरा क्रमबद्ध लेख्न सक्ने हुन्छन् ।

## ६.२. बौद्धिक विकास अन्तर्गत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।

### सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट



# अनुसूची ७

## भाषिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

### ७.१. भाषिक विकास

भाषिक विकास भन्नाले बालबालिकामा उमेरअनुसार बोल्ने, प्रश्न गर्ने, भनेको कुरा बुझ्ने वा निर्देशन बुझेर त्यसलाई अवलम्बन गर्ने जस्ता क्रियाकलापलाई बुझिन्छ । बालबालिकाले व्यक्त गर्ने हाउभाउ, बोल्ने बोली तथा आवाजहरू, आफूसरहका साथीहरू तथा ठूला व्यक्तिहरूसँग गर्ने भलाकुसारी, कुराकानी गर्ने कला वा अभिव्यक्ति क्षमतालाई भाषिक विकास भएको भनिन्छ । देखेका, सुनेका बुझेका र लागेका कुराहरू विभिन्न माध्यमबाट अभिव्यक्त गर्ने, सही शब्दको चयन गर्ने, सूचना प्रदान गर्ने, प्रश्न सोध्ने, कुराकानी गर्ने, अरूले भनेका कुरालाई छोटो र सरल रूपले जस्ताको तस्तै भन्ने, छापाको अक्षर र चित्रहरू पढ्न सक्ने सीपको विकास गर्न अवसर र वातावरण दिई उनीहरूको भाषिक विकास गर्न सकिन्छ ।


प्रत्येक विकासका क्षेत्रहरू एक अर्कासँग अन्तरसम्बन्धित हुन्छन् । विकासको कुनै एक मात्र पक्ष वा क्षेत्रको विकास वा कम विकास हुँदा विकासका अन्य क्षेत्रहरूलाई पनि प्रभावित पार्ने भएको हुनाले शिक्षकले बालबालिकाको सबै क्षेत्रको विकास हुने तरिका र विधिको प्रयोग गरी सिकाइको वातावरण निर्माण गर्दै सिकाइ क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्छ ।

### ७.२. भाषिक विकास भित्र निम्न क्षमताहरू पर्दछन् ।

| | |
|---|---|
| **सुनाइ**<br>• अरूले बोलेको कुरा ध्यान दिएर सुन्ने,<br>• सुनेको कुरा बुझ्ने,<br>• आफूलाई लागेको कुरा भन्ने । | **बोलाइ**<br>• कुनै वस्तु वा व्यक्तिको बारेमा भन्ने,<br>• प्रश्न सोध्न र सोधेको कुरा भन्ने,<br>• घटना सुनाउने । |
| **पढाइ**<br>• चित्र हेरेर व्यक्ति तथा वस्तुको नाम र काम भन्ने,<br>• चित्र र शब्द जोडा मिलाउने,<br>• चित्र हेरेर कथा बनाउने, कथा भन्ने,<br>• चित्रकथा पढ्ने । | **लेखाइ**<br>• रङ भर्ने,<br>• आकार बनाउने, ढाँचा मिलाउने,<br>• दिएको ढाँचामा रङ भर्ने, जोड्ने,<br>• चित्र बनाउने,<br>• अक्षर लेख्ने । |

## ७.३. भाषिक विकासअन्तर्गत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।

### सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट



## अनुसूची ८

## सांस्कृतिक विकास र अन्य विकासात्मक क्षेत्रहरूसँगको सम्बन्ध

### ८.१. नेपालमा मनाइने केही मुख्यमुख्य राष्ट्रिय र स्थानीय चाडपर्वहरू

| महिना | पर्व | विशेषता |
|---|---|---|
| बैशाख, बैशाख शुक्लपूर्णिमा | बुद्धजयन्ती | भगवान बुद्ध जन्म र मृत्यु भएको दिन, संसारमा शान्तिको सन्देश दिएकाले उनको सम्झना र श्रद्धा गरिन्छ । |
| आषाढ शुक्ल पूर्णिमा | गुरूपूर्णिमा | वेदव्यास जयन्ती । उनले धेरै पुराण तथा वेदसमेत लेखेकाले सबैले गुरुका रूपमा उनको जन्मदिनलाई मनाउन थालेको पाइन्छ । |
| साउने सङ्क्रान्ति | लुतो फाल्ने पर्व | परम्परादेखि साउन १ गते सक्रान्ति मनाउने, लुतो फाल्ने पर्वको रूपमा यसलाई हर्षोल्लासपूर्वक मनाइने गरिन्छ । |
| श्रावण शुक्ल पूर्णिमा | जनै पूर्णिमा | तागाधारीहरूले शुद्ध भएर जनै फेर्ने लगाउने र मन्त्र गरेका डोरो बाँध्ने दिन । यस दिन दिवङगत ऋषिहरूकोसमेत पूजा गरिन्छ । |
| श्रावण शुक्ल चतुर्थी | गठेमङ्गल पर्व | घण्टाकर्ण राक्षसलाई भगाएको सम्झनामा बेलुकीपख पुतला दहन गर्ने पर्व (काठमाडौं उपत्यकामा) |
| भाद्रशुक्ल तृतीया | तीज वा हरितालिका | हिन्दु महिलाहरूले मनाउने यस पर्वमा अघिल्लो साँझ दर खाने र तृतीयाको दिन निराहार बसेर भगवान शिवको पूजा गर्ने प्रचलन छ । |
| भादकृष्ण औंशी | कुशेऔंसी | बाबुको मुख हेर्ने दिनका रूपमा प्रशिद्ध छ । |
| भाद्रकृष्ण प्रतिपदा | गाईजात्रा | दिवङ्गत आफन्तको सम्झनामा नेवार समुदायले घरघरबाट जात्रा निकाल्ने गर्छन् । गाई भए गाईलाई र नभए मानिस नै गाई बनेर निस्कने र घुम्ने प्रचलन । |
| भाद्रकृष्ण चतुर्दशी | इन्द्रजात्रा | इन्द्रको विशेष पूजा आराधना गर्ने पर्व (काठमाडौं उपत्यकाका नेवार समुदाय) |
| आश्विन शुक्ल प्रतिपदा | घटस्थापना | दशैं पर्व शुभारम्भ । जमरा राख्ने दिन । |
| आश्विन शुक्ल दशमी | विजयदशमी | ठूलाबडा तथा मान्यजनबाट टीका थाप्ने र आशिरवाद लिने प्रचलन । |
| आश्विन शुक्ल पूर्णिमा | कोजाग्रत पूर्णिमा | दशैं समापन हुने र महालक्ष्मीको पूजा गरी जाग्राम बस्ने परम्परा । |
| कार्तिक शुक्ल त्रयोदशी | काग तिहार तथा तिहार आरम्भ | कागको पूजा गर्ने प्रचलन । योसहित द्वितियासमेतको पाँच दिनलाई यमपञ्चक मानिन्छ । कागतिहारको भोलिपल्ट कुकुर तिहार, त्यसको भोलिपल्ट गाईतिहार र लक्ष्मीपूजा, अर्को दिन गोरुतिहार, त्यस दिन नेवार समुदायको नयाँ सम्वत सुरु हुन्छ । गोरुतिहारको भोलिपल्ट भाइटिका भएर तिहार समापन हुन्छ । |

| महिना | पर्व | विशेषता |
|---|---|---|
| कार्तिक शुक्ल षष्ठी | छठ पर्व | षष्ठीका दिन निराहार व्रत बस्ने र साँझपख अस्ताउँदो सूर्यलाई अर्घ दिने । रातभरि जाग्राम बसेर सप्तमीको दिन उदाएका सूर्यलाई अर्घ दिएर समापन हुने पर्व । |
| मङ्सीर पूर्णिमा | उधौली | मङ्सीर पूर्णिमादेखि पन्ध्र दिनसम्म अन्नबाली भित्र्याएको खुशीयालीमा राइ, लिम्बु, याख्खा, सुनुवार जातिले भव्य रूपमा मनाउँछन् । |
| मार्गशुक्ल पञ्चमी | विवाह पञ्चमी | त्रेतायुगमा मर्यादापुरुष राम र जनकपुरका राजा जनककी छोरी सीता बीच विवाह सम्पन्न भएको दिनको रूपमा यस पर्व मनाइन्छ । यो जनकपुरमा मनाइने पर्व हो । यस दिन अयोध्याबाट रामको तर्फबाट जन्ती आउने प्रचलन रहेको छ । |
| डिसेम्बर २५ | क्रिसमस | जिसस क्राइष्टको जन्मदिनको अवसरमा इसाइ धर्मावलम्बीहरूले मनाउने पर्व । |
| पौष १५ | ल्होछार | नेपालका गुरुङ समुदायले यो पर्व मनाउँछन् । |
| माघे सङ्क्रान्ति | माघी पर्व तथा हिन्दुको विशेष चाहाड | थारुहरूले माघी मनाउने, पहाडतिर हिन्दुहरूले मीठो खाने, तिलकपाती लगाएर सुरक्षा खोज्ने आदि । |
| फागुन कृष्ण त्रयोदशी | शिवरात्री | शिवको उपासना, पूजा गर्ने, ब्रत बस्ने र धुनी लगाउने । |
| फागुन शुक्ल पूर्णिमा | होली खेल्ने | होलिका राक्षस मरेर भक्त प्रह्लाद बाँचेको खुसीयालीमा आरम्भ भएको पर्व । |
| बैशाख कृष्ण औसी | मातातीर्थ औंसी | आमाको मुख हेर्ने तथा आमालाई सम्मान गर्ने पर्व । आमा नभएकाहरूले काठमाडौंको मातातीर्थमा आमालाई सम्मान प्रकट गर्न जाने प्रचलन । |
| बैशाख पूर्णिमा | उभौली पर्व | किरात राई याख्खा सुनुवारहरूले यो पर्व बैशाख पूर्णिमाका दिनदेखि एक महिनासम्म मनाउँछन् । यसैबेला नाच्ने नाचलाई साकेला सिली नाच भन्ने गरिन्छ । |
| अरवी पात्रोको नवौं महिना | इद | मुस्लिम समुदायले अरवी पात्रोको नवौं महिना रमजानका २९ वा ३० दिन रोजा राखेको खुसियालीमा मनाउँछन् । यो पर्व एक महिनासम्म मनाइन्छ । |

### क. संस्कृतिको अवधारणा र महत्त्व

संस्कृति त्यो हो जसले एउटा व्यक्तिलाई अन्य व्यक्तिसँग, एउटा समूहलाई अरू समूहसँग र एउटा समाजलाई अर्को समाजसँग पृथक गर्छ । (लामिछाने, २०६३) । यहाँ पृथक गर्छ भन्नुको अर्थ पहिचानसँग जोडिएको मान्नुपर्छ । संस्कृतिको विकास भनेको रातारात हुने कुरा होइन यो त मानव सभ्यताको आदिम युगदेखि विकसित साझा विचार, आचार र व्यवहारको परिणाम हो । संस्कृति पुर्खौदेखि विकसित र हस्तान्तरित हुन्छ ।

समाजमा जीवन पद्धतिको तरिका नै संस्कृति हो । समाजमा विकसित भएका मूल्य मान्यता, परम्परा, धर्म, शैली, उत्पादनको तरिका, प्रविधि लगायतको सम्पूर्ण भौतिक तथा अभौतिक स्वरूपलाई संस्कृति भन्न सकिन्छ । (ज्ञवाली, २०१८, प्रशासन)

हामीले सोच्ने तरिका, हामीले लगाउने पोसाक, बोल्ने भाषा, मान्ने धर्म, रीतिरिवाज, राष्ट्र राष्ट्रियता, हामीले विकास गरेका कला, सङ्गीत, गीत, साहित्य, वास्तुविज्ञान, दर्शन संस्कृतिका विभिन्न आयामहरू हुन् । संस्कृति जीवन पद्धतिको भौतिक र अभौतिक दुबै पक्षसँग जोडिएको हुन्छ । संस्कृति मुलुक, क्षेत्र, समाजअनुसार निसृत हुन्छ । त्यस कारण यसलाई पहिचानको प्रतीकका रूपमा लिइन्छ ।

## ख. संस्कृतिको महत्त्व

- सामाजिकीकरणमा सहयोग
- पहिचान दिने
- राष्ट्रियताको संरक्षण र संवर्द्धन
- जीवन दर्शनको वोध
- अनुशासन तथा नैतिकताको विकास
- पुराना पुस्ता र नयाँ पुस्तासँग जोडिने सेतु

## ग. सांस्कृतिक विकाससम्बन्धी क्रियाकलापको महत्त्व

नेपाल वहुजातीय र वहुभाषिक देश हो । नेपालको बसोबास कुनै एक निश्चित जातिगत भन्दा पनि मिश्रित प्रकारको रहेको छ । सदियौं देखि नेपालमा जातीय तथा धार्मिक सहिष्णुता कायम हुँदै आएको छ । सबै बालबालिकालाई सानैदेखि एकअर्काको सांस्कृतिक विविधताप्रति सम्मान, संस्कृतिको व्यवहारिक अवलम्बन जस्ता गुणको विकास गराउनु पर्ने हुन्छ । जातीय विविधतावीच एकता, परस्पर सम्मान नभएका देशमा सदैव गृहयुद्ध तथा एकअर्कावीच असहिष्णुता रहेको देखिन्छ । त्यसकारण प्रारम्भिक तहदेखि नै उनीहरूको ज्ञान र व्यवहारमा सोअनुरूप परिवर्तन ल्याउन सांस्कृतिक पक्षको विकाससम्बन्धी क्रियाकलाप गराउनु आवश्यक हुन्छ ।

## घ. प्रारम्भिक बालविकासमा सांस्कृतिक पक्षको विकास

प्रारम्भिक बालविकासको अवधि सम्पूर्ण जीवनको विकास र तयारीको महत्त्वपूर्ण चरण हो । यस अवधिमा विकसित व्यवहारबाट मानिसले स्थायी व्यवहार प्राप्त गर्दछ । त्यसकारण यस अवस्थादेखि नै बालबालिकाहरूमा सांस्कृतिक मूल्य र मान्यताको अभिवृद्धि गराउनु पर्ने हुन्छ । यस अवस्थामा उनीहरूमा आफ्नो संस्कृति तथा मूल्यमान्यता प्रति सकारात्मक बनाउँदै अन्य समाज र समूहको संस्कृति र मूल्यप्रति आदर गर्ने सहिष्णु बनाउनु आवश्यक हुन्छ ।

## ङ. प्रारम्भिक बालविकास मापदण्डमा उल्लेखित मापदण्ड वा स्तर

### राष्ट्र र राष्ट्रियता

- बालबालिकाहरूलाई विभिन्न व्यक्तिहरूका छुट्टाछुट्टै आवश्यकता तथा फरक फरक संस्कृतिको जानकारी लिन्छन् र तिनीहरूको आदर गर्छन् ।

- बालबालिकाहरू हामी नेपाली हौँ भन्ने भावलाई व्यक्त गर्छन् ।
- नेपालको नक्सा, नेपालको झण्डा र विशेषता बारेमा बताउनेछन् ।

**परिवार र समुदाय**


- बालबालिकाहरू आफ्नो परिवारको साधारण मूल्यमान्यता बुझेर अनुसरण गर्न सक्छन् ।
- बालबालिकाहरू आफ्नो समुदायको मूल्यमान्यता बुझेर अनुसरण गर्ने तथा प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको दैनिक कार्यतालिकाको महत्त्व दिएर अनुसरण गर्छन् ।

### च. प्रारम्भिक बालविकासका बालबालिकाहरूमा सांस्कृतिक पक्षको विकासका लागि गराउन सकिने क्रियाकलापहरू

- नेपालको झण्डाप्रति सम्मान भाव झल्काउने क्रियाकलापहरू जस्तै झण्डा लिएर गीत गाउने नाच्ने, झण्डाका बारेमा छलफल गर्ने, झण्डाको रङ चिनारी, झण्डाको आकृतिमा रङ लगाउने जस्ता क्रियाकलाप गराउने ।
- नेपालको नक्सासँग परिचित गराउने, हामी नेपाली हौं भन्ने भावना जगाउनका लागि गीत, खेल आदिको माध्यमबाट क्रियाकलाप गराउने ।
- राष्ट्रिय गान लगायत अन्य राष्ट्रियता झल्काउने गीत गाउन र नाच्न लगाउने ।
- नेपालको नक्सा र झण्डासम्बन्धी पजल खेलाउने ।
- राष्ट्रिय जनावर, पन्छी, रङ तथा निशानहरूको चित्र सङ्कलन गर्ने र चिनाउने ।
- घरपरिवारमा मनाइने सांस्कृति पर्वहरूको विषयमा छलफल गराउने, मनाउने तरिका भन्ने र भन्न लगाउने ।
- निश्चित पर्व तथा संस्कारका बेला गरिने मुख्य क्रियाकलापहरूको छलफल, चित्र प्रर्दशन, अभिनय गराउने ।
- पर्व विशेषको खानपान, पहिरन, नाचगान लगायतका विशिष्ट पक्षहरूको छलफल, प्रदर्शन, अभिनय आदि गराउने ।
- स्थानीय चाडपर्वका विषयमा कुराकानी गर्न अभिभावकलाई प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा निमन्त्रणा गर्ने र भन्ने अवसर दिने ।
- स्थानीय स्तरमा उपलब्ध सांस्कृतिक मूल्यमान्यताका धरोहरहरू जस्तै मठ, मन्दिर, गुम्बा आदिको अवलोकन गराउने ।
- प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा र घरमा सांस्कृतिक मूल्य मान्यतासँग जोडिएका विभिन्न पक्षहरूको चित्र सङकलन तथा टाँस गर्ने व्यवस्था गर्ने ।
- घरपरिवारमा हुने सांस्कृतिक पर्व तथा चाडमा बालबालिकाहरूलाई सहभागी हुने अवसर दिने र उनीहरू केन्द्रमा गएपछि कसरी मनाइयो ? के के गरियो भनेर सुनाउने अवसर दिने ।
- अभिभावकहरूले बालबालिकाहरूलाई सांस्कृतिक पर्व तथा चाडहरूमा सहभागी गराउने ।


## ८.२ (क) सांस्कृतिक विकासअन्तर्गत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।

### सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट




## ८.२. (ख) सांस्कृतिक विकासअन्तर्गत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।

### सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्टः समग्र सांस्कृतिक विकासको चार्ट



# अनुसूची ९

## सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको सूचकसहितको पुनरावलोकन

मानव विकास नै देश विकासको आधार हो । देशको आर्थिक, सामाजिक प्राकृतिक स्रोत अनुरूप आवश्यक मानवीय स्रोत  योजना गरिएको छ जुन प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड हो । प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड  मा ६ ओटा क्षेत्र, र प्रत्येकको उपक्षेत्र, विशिष्ट पक्ष र सोसँग सबन्धित सूचकहरू रहेका छन् । प्रारम्भिक बालविकास नै राष्ट्रिय विकासको रणनीति हुनुपर्ने तथ्यलाई दृष्टिगत गरी तयार गरिएको वृहत् योजना प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड हो ।

देशको आर्थिक, सामाजिक प्राकृतिक स्रोतअनुरूप आवश्यक मानवीय स्रोत वा जनशक्ति योजना गरिएको छ। जसअनुसार यसमा समावेश गरिएका विकासका पक्षहरूको विशेष महत्त्व छ। उदाहरणका लागि अहिलेको युवा पुस्तामा नेपाल राष्ट्र र राष्ट्रियता, हाम्रो संस्कृति, विविधता र सम्पदाहरूको बारेमा ज्ञान तथा भावनात्मक सम्बन्ध कमजोर हुँदै गएको महसुस गरी बालबालिकादेखि नै यस्ता विषयवस्तुको बारेमा जानकारी गराउनु पर्दछ भनेर यस मापदण्डमा थप एक विकासको पक्ष समावेश गरिएको हो । जसअनुरूप बालबालिकाले आफ्नो संस्कृतिप्रति माया भाव जागृत गरी स्वदेशको लागि काम गर्ने मानवीय स्रोत तयार हुनेछ भन्दै प्रत्येक विकासका क्षेत्रहरूको महत्त्व बताउनुहोस् ।

| क्र.स. | मापदण्ड तथा सूचकहरू |
|---|---|
| १ | शारीरिक विकास : स्थूल अङ्गको विकास |
| | **मापदण्ड : शरीरका स्थूल अङ्गहरूको तन्दुरुस्ती तथा समन्वयको प्रदर्शन गर्ने**<br>सूचक : शरीर सन्तुलन गरी सिधा, साँघुरो बाटो वा काठको फल्याकमा तीन मिटरसम्म हिँड्ने |
| २ | शारीरिक विकास : सूक्ष्म अङ्गको विकास |
| | **मापदण्ड : सूक्ष्म मांसपेशीय अङ्गहरूको समन्वय र सञ्चालन गर्न सक्षम हुने**<br>सूचक : टाँक, खिप, फस्नर लगाउने र तुना बाँध्ने |
| ३ | शारीरिक विकास : इन्द्रिय अङ्गको विकास |
| | **मापदण्ड : आफ्नो इन्द्रिय अङ्गहरूको प्रयोग गरी खेल्न र सिक्न सक्ने**<br>सूचक : दुर्गन्ध र सुगन्ध (बास्ना), तातो र चिसो (स्पर्श), नजिक र टाढा (दूरी), गुलियो र नुनिलो (स्वाद), ठूलो र सानो (आवाज) पहिचान गर्ने |
| ४ | शारीरिक विकास : स्वास्थ्य- सरसफाइ (व्यक्तिगत तथा वातावरणीय सरसफाइ) |
| | **मापदण्ड : व्यक्तिगत तथा वातावरणीय सरसफाइ गरेर देखाउन सक्ने**<br>सूचक : खाना खानुअघि र खाना खाइसकेपछि हात धुने, दैनिक दाँत माझ्ने, कपाल कोरेर आउने, चर्पीको सही प्रयोग गर्ने, फोहोरलाई फोहोरदानीमा (डस्टबिन) राख्ने |
| ५ | शारीरिक विकास : सुरक्षित अभ्यास (व्यवहार) |
| | **मापदण्ड : सुरक्षित रहने र हानिकारक वस्तुबाट टाढा रहने ज्ञान हुने**<br>सूचक : विविध किसिमका खतरा (जस्तै बिजुली, औषधी, विषादी, आगो, धारिला वस्तुहरू) बारे बताउन सक्ने |

| क्र.स. | मापदण्ड तथा सूचकहरू |
|---|---|
| ६ | शारीरिक विकास : पोषण |
| | **मापदण्ड : तन्दुरुस्त हुने**<br>सूचक : तौल र उचाइ उमेरअनुसार रहेको<br>**तौल** : ४ वर्ष उमेर पुगेको (बालक- १६.३ के.जी., बालिका- १५.४ के.जी.)<br>५ वर्ष उमेर पुगेको (बालक- १८.४ के.जी., बालिका- १७.९ के.जी.)<br>**उचाई** : ४ वर्ष उमेर पुगेको (बालक- १०२.३ सेन्टिमिटर (से.मि.), बालिका-१००.३ से.मि)<br>५ वर्ष उमेर पुगेको (बालक- १०९.२ से.मि., बालिका- १०७.९ से.मि.)<br>स्रोत : World Health Organization (WHO) |
| ७ | सामाजिक विकास : जीवनोपयोगी सीप |
| | **मापदण्ड : व्यक्तिगत तथा सामूहिक कार्य गर्न स्वनिर्भर हुन सक्ने**<br>सूचक : विभिन्न सामूहिक क्रियाकलापमा सहभागी हुने । जस्तै : समूहमा पजल मिलाउने, छलफल, अभिनय, खेल |
| ८ | सामाजिक विकास : सामाजिक व्यवहार |
| | **मापदण्ड : आफ्ना साथीहरू र वयस्कहरूसँग आवश्यकताअनुसार उचित व्यवहार गर्ने**<br>सूचक : आफ्नो गल्ती स्वीकार्ने र अरूको राम्रो कामको प्रशंसा गर्ने |
| ९ | संवेगात्मक विकास : संवेग प्रकट तथा सन्तुलन |
| | **मापदण्ड : अवस्थाअनुसार विभिन्न संवेगहरू प्रकट गर्ने**<br>सूचक : अवस्थाअनुसार विभिन्न संवेगहरू खुसी, माया, दुख, रिस, चिन्ता, इर्ष्या प्रकट गर्ने |
| १० | संवेगात्मक विकास : संवेगात्मक सुरक्षा तथा आत्मविश्वास |
| | **मापदण्ड : विभिन्न अवस्थामा सुरक्षाको अनुभूति देखाउने**<br>सूचक : फरक फरक अवस्थामा घुलमिल/समायोजन गरी आत्मविश्वासका साथ प्रस्तुत हुने |
| ११ | बौद्धिक विकास : बौद्धिक सीप तथा सिकाइ प्रक्रिया |
| | **मापदण्ड : बालबालिकाले सिकाइको विश्लेषण गर्दै प्राप्त निष्कर्षलाई भविष्यको सिकाइमा प्रयोग गर्ने**<br>सूचक : दिनभरिको क्रियाकलाप र घटेका घटना क्रमिक रूपमा बताउने |
| १२ | बौद्धिक विकास : वर्गीकरण तथा क्रम मिलाउने |
| | **मापदण्ड : वस्तुहरूको क्रम मिलाएर राख्ने तथा वर्गीकरण गर्ने**<br>सूचक : दिइएका आकार तथा वस्तुहरू विशेषताका आधारमा छुट्याउने (प्राथमिक रङ, ज्यामितीय आकार : वृत्त, वर्गाकार, त्रिभुज, नाप: ठूलो र सानो, लामो र छोटो) |
| १३ | बौद्धिक विकास : वैज्ञानिक खोज |
| | **मापदण्ड : मौसमलाई हेरेर त्यसका बारेमा वर्णन गर्न सक्ने**<br>सूचक : मौसमअनुसार (घाम लागेको, बादल लागेको, पानी परेको, गर्मी, जाडो आदि) दिन कस्तो छ, चिनेर भन्न सक्ने |
| १४ | बौद्धिक विकास : दूरी तथा दिशा |
| | **मापदण्ड : दिशा निर्देशन बुझ्ने र प्रयोग गर्न सक्ने**<br>सूचक : माथि, तल, दायाँ, बायाँ, अगाडि र पछाडि देखाउन सक्ने |

| क्र.स. | मापदण्ड तथा सूचकहरू |
|---|---|
| १५ | बौद्धिक विकास : गणित - गणितीय ज्ञान/सङ्ख्या |
| | **मापदण्ड : अङ्क र गन्तीको ज्ञान देखाउन सक्षम हुने**<br>सूचक : १ देखि १० सम्म वस्तुसँग सङ्ख्याको सम्बन्ध पहिचान गर्ने |
| १६ | बौद्धिक विकास : सिर्जनशीलता - परिकल्पना, नाटक र अभिनय |
| | **मापदण्ड : वास्तविकता र परिकल्पनामा हुने भिन्नता छुट्याउने**<br>सूचक : अपूर्ण कथामा काल्पनिक घटना थपेर पूरा गर्ने |
| १७ | भाषिक विकास : सञ्चार |
| | **मापदण्ड : एक अर्का तथा चिनजानका वयस्क मान्छेसँग कुरा गर्ने**<br>सूचक : आफ्नो पालो पर्खने र अरूको कुरा सुनेर चाहेका/मातृभाषामा ठीक प्रतिक्रिया दिने |
| १८ | भाषिक विकास : पूर्वपढाइ |
| | **मापदण्ड : पूर्वपढाएका सीपहरू देखाउन सक्षम हुने**<br>सूचक : वर्ण तथा शब्दलाई चित्रसँग सम्बन्ध पहिचान गर्ने |
| १९ | भाषिक विकास : पूर्वलेखन |
| | **मापदण्ड : पूर्वलेखन सीपहरू देखाउन सक्ने**<br>सूचक : सिधा, छड्के, अर्धगोलाकार, गोलाकारलगायतका विभिन्न आकृतिका धर्सा र ढाँचाहरू कोर्ने |
| २० | सांस्कृतिक विकास |
| | **मापदण्ड : "हामी नेपाली हौँ" भन्ने भावलाई व्यक्त गर्ने**<br>सूचक : राष्ट्रिय गान गाउने |

## अनुसूची १०

## न्यूनतम मापदण्डअनुसार सिकाइ वातावरण व्यवस्थापन

### १०.१. सिकाइ क्षेत्र के हो ?

प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाभित्र बालबालिकाका लागि आवश्यक पर्ने विभिन्न प्रकारका सामग्री हुन्छन् । ती सामग्रीको वर्गीकरण गरेर व्यस्थित तरिकाले ६ ओटा क्षेत्रमा राखिन्छ । त्यसैलाई सिकाइ क्षेत्र भनिन्छ । प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाभित्र विभिन्न रङ, आकार, प्रकार, विषयअनुसारका सामग्री हुन्छन् । ती सबै सामग्रीलाई राख्न एकै ठाउँको पनि अभाव हुन्छ । एकै ठाउँमा भीड हुन्छ र थुप्रिएको जस्तो हुन्छ । त्यसैले ६ ओटा समूहमा पालैपालो समूहमा खेल्न सजिलो होस् भनि छुट्याइएको हो । यसरी वर्गीकरण गरेर राख्दा सामग्रीलाई विषय (Theme) अनुसार राखिएको हुन्छ ।

### १०.२. सिकाइ क्षेत्र किन महत्त्वपूर्ण छ ?

सिकाइ क्षेत्र बालबालिकाको खेल्ने समूह व्यवस्थापन गर्नका लागि महत्त्वपूर्ण हुन्छ । यसले गर्दा समूहमा खेल्ने, समूहमा छलफल गर्ने र सामूहिक निर्णय गर्ने बानीको विकास हुन्छ । सहजकर्तालाई पनि सामग्रीहरूको वर्गीकरण गरेर व्यवस्थित रूपमा राख्ने बानीको विकास हुन्छ । सहजकर्ता र बालबालिका दुवैलाई सिकाइ क्षेत्र व्यवस्थापनले सहयोग पुऱ्याउँदछ । केन्द्रको सजावट शैलीमा पनि सुन्दरता थपिदिन्छ । चाहेको सामग्री छिट्टै चाहेको समयमै पाउन सकिन्छ । यो वयस्क मैत्री, बालमैत्री दुवै हुन्छ ।

### १०.३. सिकाइ क्षेत्र कसरी व्यवस्थापन गर्ने ?

गन्तीसँग सम्बन्धित सबैलाई गणित क्षेत्रमा राख्नुपर्दछ । रङ र विज्ञानसँग सम्बन्धित खोज गर्न, आविस्कार गर्न र सोच्न बाध्य बनाउने सामग्रीहरू विज्ञान क्षेत्रमा राख्नुपर्दछ । पढ्ने, अक्षर चिनाउने सामग्रीहरू भाषा क्षेत्रमा राख्नुपर्दछ । भाषा, विज्ञान र गणित एउटै लहरमा निश्चित दूरीमा राख्दा उपयुक्त हुन्छ । यी सबै बौद्धिक क्रियाकलाप हुन् र सिर्जना, अभिनय र निर्माण क्षेत्रहरू एउटा लहरमा राख्नुपर्दछ । यी सबै सिर्जनात्मक कलासँग सम्बन्धित हुन् । यी सामग्रीहरू बाँस वा काठका ऱ्याकहरूमा बालबालिकाको पहुँच पुग्ने गरी राखिदिनु पर्दछ । सामग्रीहरू बट्टा, नाङ्लोमा राखिनु पर्दछ । फोहोर हुन दिनु हुन्न । बालबालिकाले सामग्री झिक्दा राख्दा लाग्ने, ठोकिने जस्ता खतराबाट मुक्त हुने गरी राखिनुपर्छ ।

### १०.४. सर्वाङ्गीण विकासमा सिकाइ क्षेत्रको महत्त्व

बालबालिकाले भाषा क्षेत्रबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता आधारभूत भाषिक सीप सिक्न सक्दछन् । गणित क्षेत्रबाट गन्ती र अङ्कको ज्ञान वा अनुभव प्राप्त गर्दछन् । रङ चिन्ने र खोजमूलक क्रियाकलापबाट वैज्ञानिक चिन्तन तथा दृष्टिकोणको विकास हुने अवसर प्राप्त हुन्छ । समूह समूहमा खेल्दा सामाजिक विकास भएको हुन्छ । अभिनयमा आमा, बुवा वा परिवार बन्न सिक्दछन् । सिर्जनात्मक क्षेत्रबाट बहुआयामिक प्रतिभाको उजागर हुने गर्दछ । निर्माण क्षेत्रबाट इन्जिनियरिङ सीप प्राप्त हुन्छ । एउटै कोठामा एउटा बालक वा बालिकाले यति धेरै सिकाइका आयाम प्राप्त गर्न सक्नु नै सिकाइ क्षेत्रको विशेषता हो । त्यसकारण पनि सिकाइ क्षेत्र बालबालिकाको सर्वाङ्गीण विकासका लागि महत्त्वपूर्ण मानिएको हो ।

प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षासँग सम्बन्धित न्यूनतम मापदण्ड २०७४ मा उल्लेख गरिएका १२ ओटा सूचकहरूमध्ये एउटा सूचक सिकाइ क्षेत्र व्यवस्थापन पनि हो। प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा कम्तीमा ६ ओटा सिकाइ क्षेत्रहरू गणित सिकाइ क्षेत्र, विज्ञान सिकाइ क्षेत्र, भाषा सिकाइ क्षेत्र, सिर्जनात्मक सिकाइ क्षेत्र, निर्माण सिकाइ क्षेत्र र अभिनय सिकाइ क्षेत्र व्यवस्थापन गरिनु पर्दछ।

१. **भाषा सिकाइ क्षेत्र**अन्तर्गत भाषिक सीपसँग सम्बन्धित सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप सामग्रीहरू राखिएको हुनुपर्दछ।

२. **गणित सिकाइ क्षेत्र**मा पूर्वलेखन, गणना गर्न सकिने, नापतौलसम्बन्धी सामग्रीहरू हुनुपर्दछ।

३. **विज्ञान सिकाइ क्षेत्र**मा विज्ञानसँग सम्बन्धित सामग्रीहरू चुम्बक चिनाउने, दिशा (निर्देश) छुट्याउने, बोट विरुवा, जनावर, सजीव, निर्जीव तथा खोज गर्ने किसिमका सामग्रीहरू हुनुपर्दछ।

४. **सिर्जनात्मक सिकाइ क्षेत्र**मा कला, सीप सामग्रीहरू राखिनुपर्दछ।

५. **स्वावलम्बन तथा निर्माण सिकाइ क्षेत्र**मा आफ्नो काम आफैले गर्न सक्ने जीवनोपयोगी सीपसम्बन्धी सामग्रीहरू जस्तै जुत्ताको लेस, टाँक, इजार, बटन, खिप आदि हुनुपर्दछ। साथै ब्लकहरू, डोरी, बाँसका टुक्राहरू राख्यो भने निर्माणका सीपहरू सिकाउन पनि सकिन्छ।

६. **अभिनय सिकाइ क्षेत्र**मा मखुण्डो, गहना, भेषभूषा र सङ्गीत सामग्री राख्नाले विवाह, भोज भतेर र पूजाआजाको नाटकद्वारा अभिनय सीप प्रदर्शन गराउन सकिन्छ। आफ्नो कला संस्कृतिको जर्गेना हुन र विषयवस्तुको ज्ञान दिन पनि अभिनय एक सशक्त माध्यम हो।

सिकाइ क्षेत्रमा पाठ्यक्रम र विषयवस्तुअनुसार कम्तीमा १ हप्तासम्म त्यही सामग्रीहरू राख्नुपर्दछ। त्यसपछि विषयवस्तु परिवर्तन भए अनुसार सामग्रीहरूसमेत परिवर्तन गर्नुपर्ने हुन्छ। उक्त क्षेत्रहरूमा ६ ओटा ऱ्याकहरू ३ फिट उचाइ, १ फिट जति गहिराइ र ३ फिट चौडाइसम्मको हुनुपर्दछ। ऱ्याक काठको वा प्लाइउडको बनाउनुपर्दछ। यदि नपाएमा बाँस वा बेतको पनि हुनसक्छ तर बालबालिकाका लागि सुरक्षित र उपयुक्त हुनुपर्छ।

यस सिकाइ क्षेत्रका लागि माटो, रङ, गम, ब्रस, पानी, बालुवाको व्यवस्था गर्नुपर्दछ। यस ठाउँमा शारीरिक विकाससँग सम्बन्धित बल, खेल फित्ता, खेल थैलीहरू पनि नाङ्लोमा राखिएको हुनु पर्दछ। डोरी, सिठी, छिनछिन बाजाहरू पनि सोही ठाउँमा राख्नुपर्दछ।

**अभिलेख व्यवस्थापन** गर्न आवश्यक पर्ने रजिष्टरहरू जस्तै हाजिरी रजिष्टर, स्वास्थ्य जाँच र खोप विवरण रजिष्टर, आयव्यय विवरण रजिष्टर, मिटिङ्ग माइनुटसम्बन्धी रजिष्टरको व्यवस्थापन गर्नुपर्दछ। यसका साथै विल, भर्पाइ, जन्मदर्ता प्रमाण पत्र, जन्मदिन क्यालेण्डर र सहजकर्तालाई चाहिने आवश्यक अन्य सन्दर्भसामग्री न्युजप्रिन्ट,चार्ट पेपर, रङ, स्केल आदि पनि एउटा बाकसमा वा छुट्टै ऱ्याकमा राख्नुपर्दछ।

**आगन्तुक पुस्तिका**को व्यवस्था गर्नुपर्दछ। आगन्तुक पुस्तिकामा प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा आएका सम्पूर्ण अवलोकनकर्ताहरू, सहयोगी, चन्दादाता, परामर्शकर्ता, स्वास्थकर्मी, सबै व्यक्तिहरूको भ्रमण मिति, क्रियाकलाप र हस्ताक्षर र सम्पर्क नम्बर राखिनु पर्दछ।

## १०.५. सिकाइ क्षेत्रको व्यवस्थापन

केन्द्रको कोठाभित्र बालबालिकाले आफैँ खेल्दै सिक्ने वातावरण बनाउन निम्नानुसारको सिकाइ क्षेत्रको व्यवस्था गरिएको हुनु पर्नेछ । यहाँ उल्लेख गरिएका सामग्री न्यूनतम हो यसभन्दा बढी जति पनि थप्न सकिनेछ ।

१. **भाषा सिकाइ क्षेत्र :** बार चार्ट, अक्षरपत्ती, अक्षर डोमिनो, चित्र डोमिनो, शव्दचित्र डोमिनो, शव्द शव्द डोमिनो, जोडा मिलाउने (चित्र शव्द, चित्र चित्र, शव्द शव्द) जसमा बालकथा, बच्चाहरूलाई चित्रात्मक तथा अङक तथा अक्षरको ज्ञान हुने पुस्तिकाहरू, फलाटिन बोर्ड, विभिन्न चराचुरुङ्गी, पशुपंक्षी, मानिसको मूर्ति आदि राखिएको हुनुपर्छ । पुस्तकालय क्षेत्रलाई भाषा सिकाइ क्षेत्रसँगै जोडेर राख्नुपर्दछ । यसभित्र विषयवस्तु, र बालबालिकाको उमेरअनुसारको चित्रकथा, कथा, उपयोगी चित्रहरू, कविता तथा गीतका पुस्तक स्थानीयस्तरमा अभिभावक तथा शिक्षक र विद्यार्थीको सहभागितामा निर्माण भएका सामग्रीहरू राखिएको हुनुपर्छ ।

२. **गणित सिकाइ क्षेत्र :** घडी चार्ट, अङकपत्ती, अङक डोमिनो, आकार बुझाउने सामग्री, तराजु, तौलने सामग्री, विभिन्न साइज र आकारका ढुङ्गाहरू, अङक अङकित पजल, रङ्गीन डोमिनो, स्थानीय स्तरमा उपलब्ध हुने बियाँ, काठ तथा विभिन्न आकारका ढुङ्गाका टुक्राहरू आदि राखिएको हुनुपर्छ ।

३. **विज्ञान सिकाइ क्षेत्र :** मौसम चार्ट, विभिन्न जनावरहरू बस्ने घर, रङ चिनाउने सामग्री, डुब्ने उत्रने वस्तु, तन्कने नतन्कने वस्तु, सजिव निर्जीव सिकाउने सामग्री, पाँच ज्ञानेन्द्रियको प्रयोग हुने सामग्री (चाख्ने, सुँघ्ने, छाम्ने, सुन्ने र हेर्ने सामग्री) तराजु, स्केल, माटो, बालुवाजस्ता बालबालिकाले अभ्यास गर्ने सामग्रीहरूको व्यवस्था गरेको हुनपर्छ

४. **अभिनय सिकाइ क्षेत्र :** डाक्टरले प्रयोग गर्ने सामग्रीहरू, किसानले प्रयोग गर्ने सामग्रीहरू, बजारको नक्कल गर्ने सामग्री जस्तै : तराजु, ढक, रूपैया आदि राखेको हुनुपर्छ ।

५. **सिर्जनात्मक सिकाइ क्षेत्र :** चित्र बनाउने सामग्री, मुछेको माटो वा पिठो ब्लक, पजल, चित्र बनाउने, काट्ने, आकृतिहरू बनाउने, रङ, ब्रुस, आकार साइज मिलाउने, छुट्याउने, विभिन्न रङको कागज, माटो, बालुवा, पानीको व्यवस्था गरिएको हुनुपर्छ ।

६. **स्वावलम्वन तथा निर्माण सिकाइ क्षेत्र :** उन्ने, बुन्ने, पट्याउने, छुट्याउने जसमा तुना बान्ने, इजार बान्ने, उन्ने-बुन्ने सामग्री, फस्नर लगाउने, हुक लगाउने, टाँक लगाउने, ब्लकहरू, डोरी, बाँसका टुक्राहरूजस्ता सामग्रीहरू राखिएको हुनुपर्छ ।


७. **बालुवा खेल सिकाइ क्षेत्र :** कक्षा कोठाबाहिर ४ फिट लम्बाइ, ४ फिट चौडाइ र ५ इन्च उचाई भएको कोठा वा सिमेन्टको घेरा बनाएर बालुवा राख्ने व्यवस्था गर्नुपर्नेछ । छेउमा हात धुन साबुन पानीको व्यवस्था गर्नुपर्नेछ । जसमा काठको पन्यु, डाडु, नाप्ने विभिन्न साइजको भाँडा (माना, चौथाई, तराजु, ढकहरू आदि) राख्नुपर्नेछ ।

८. **पानीको खेल सिकाइ क्षेत्र :** कक्षा कोठाबाहिर २ फिट अग्लो सानो इनार बनाउनु पर्दछ । २ फिट लम्बाइ, २ फिट चौडाइ भएको सानो पोखरी बनाउनु पर्ने हुन्छ । डोरी लगाएको सानो बाल्टिन, पानी झिक्न मग, गिलास, कचौँरा यस सिकाइ क्षेत्रमा राख्नुपर्नेछ ।

नोटः थप सामग्रीहरू न्यूनतम मापदण्डमा उल्लेख गरिएको हुनाले सन्दर्भ सामग्रीको रूपमा अध्ययन गर्नुहोला ।

## १०.६. सिकाइ क्षेत्रहरू अन्तरगत प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित ६ ओटा विकासका पक्षहरूको सम्बन्धलाई यस चार्टमा देखाइएको छ ।

### सर्वाङ्गीण विकासको ६ 'प' चित्र चार्ट



# अनुसूची ११

## बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कन

फाराम (क)

### प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण

बालक/बालिकाको नाम : लिङ्ग : जन्म मिति : उमेर :
अपाङ्गता भएमा विवरण : ठेगाना :
आमाको नाम : बुबाको नाम :
बालशिक्षकको नाम : विद्यालय/बालविकास केन्द्रको नाम :
ठेगाना : गाउँपालिका/ नगरपालिका :

फोटो

**परिचय**

यस प्रगति विवरणको साधनले प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा भर्ना भएका ४८ देखि ६० महिनाभित्रका बालबालिकाको निरन्तर मूल्याङ्कन गर्न सहजीकरण गर्दछ । यसबाट बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (२०६९) अनुरूपको स्थितिलाई प्रस्तुत गरी प्रगतिको लागि सहयोग गर्न मदत गर्दछ ।

यो साधनको प्रयोग गरी बालशिक्षकले प्रत्येक बालबालिकाको प्रगति मापन गरी प्राप्त उपलब्धिहरूलाई तल दिइएअनुसार ३ पटकसम्म रेकर्ड गर्नुपर्ने हुन्छ । बालविकास केन्द्र (विद्यालय) को वार्षिक क्यालेन्डरअनुसार अथवा पहिलो, दोस्रो र अन्तिम त्रैमासिकमा दिइएको सूचक मापनका आधारमा (१, २, ३, ४) प्रगतिको मापन गरी प्राप्त उपलब्धिहरूलाई पहिलो, दोस्रो र अन्तिम त्रैमासिक लेखिएको कोष्ठकमा क्रमशः रेकर्ड गर्नुपर्ने छ ।

बालशिक्षकले प्रत्येक पटक बालबालिकाहरूको प्रगति मापन गरी प्रत्येक बालबालिकाको वैयक्तिक विवरण (Portfolio) राख्नुपर्ने छ र सम्बन्धित बालबालिकाको थप विकास र सिकाइका लागि बालशिक्षक र सम्बन्धित अभिभावकहरूबिच छलफल तथा अन्तरक्रिया गर्नुपर्ने छ ।

**सूचक मापनका आधारहरू**

१. **शारीरिक विकास : स्थूल अङ्गको विकास**
बालबालिकाले शरीर सन्तुलन गरी सिधा, साँघुरो बाटो वा काठको फल्याकमा तीन मिटरसम्म हिँड्न सक्छन् ।
प्रयास नै नगरेमा (१), प्रयास गरेता पनि कुनै पनि गर्न नसकेमा (२), आंशिक रूपमा गर्न सकेमा (३), पूर्ण रूपमा गर्न सकेमा (४)

२. **शारीरिक विकास : सूक्ष्म अङ्गको विकास**
बालबालिकाले टाँक, खिप, फस्नर लगाउन र तुना बाँध्न सक्छन् ।
प्रयास नै नगरेमा (१), प्रयास गरेता पनि कुनै पनि गर्न नसकेमा (२), आंशिक रूपमा (कुनै दुई वा तीन) गर्न सकेमा (३), पूर्ण रूपमा गर्न सकेमा (४)


३. **शारीरिक विकास : इन्द्रिय अङ्गको विकास**
बालबालिकाले दुर्गन्ध र सुगन्ध (वास्ना), तातो र चिसो (स्पर्श), नजिक र टाढा (दुरी), गुलियो र नुनिलो (स्वाद), ठुलो र सानो (आवाज) पहिचान गर्न सक्छन् ।
प्रतिक्रिया नजनाएमा (१), प्रयास गरे पनि पहिचान गर्न नसकेमा (२), आंशिक रूपमा पहिचान गर्न सकेमा (३), पूर्ण रूपमा पहिचान गर्न सकेमा (४)

४. **शारीरिक विकास : स्वास्थ्य - सरसफाइ (व्यक्तिगत तथा वातावरणीय सरसफाइ)**
बालबालिकाले खाना खानुअघि र खाना खाइसकेपछि हात धुन्छन् । दैनिक दाँत माझ्छन् । कपाल कोरेर आउँछन् । चर्पीको सही प्रयोग गर्दछन् । फोहोरलाई फोहोरदानी (डस्टबिन) मा राख्छन् ।
कुनै पनि नगरेमा (१), एक वा दुई ओटा गरेमा (२), तीनदेखि चार ओटा गरेमा (३), सबै गरेमा (४)

५. **शारीरिक विकास : सुरक्षित अभ्यास (व्यवहार)**
बालबालिकाले विविध किसिमका खतरा (जस्तै बिजुली, औषधी, विषादी, आगो, धारिला वस्तुहरू) बारे बताउन सक्छन् ।
कुनै पनि नबताएमा (१), एक वा दुई ओटा बताएमा (२), तीनदेखि चार ओटा बताएमा (३), सबै बताएमा (४)

६. **शारीरिक विकास : पोषण**
बालबालिकाको तौल र उचाइ उमेरअनुसार ठिक छ । (स्वास्थ्य सम्पर्क कार्डमा भएको तालिकाअनुसार)
उमेरअनुसार तौल र उचाइ ठिक छैन (१), उमेरअनुसार उचाइ नभएको (२), उमेरअनुसार तौल नभएको (३) उमेरअनुसार तौल र उचाइ ठिक छ (४)

**बाल वृद्धि अनुगमन चार्ट**



*स्रोत : CB-IMNCI TREATMENT CHART BOOKLET, स्वास्थ्य सेवा विभाग, बाल स्वास्थ्य महाशाखा, IMNCI शाखा, (परिमार्जित २०७३)*
*विस्तृत बाल वृद्धि अनुगमन चार्ट नजिकको स्वास्थ्य संस्थामा उपलब्ध छ ।*

७. **सामाजिक विकास : जीवनोपयोगी सीप**
बालबालिका विभिन्न सामूहिक क्रियाकलापमा सहभागी हुन्छन् । जस्तै : समूहमा पजल मिलाउने, छलफल, अभिनय, खेल आदि ।
सहभागी हुने प्रयास नै नगरेमा (१), सहभागी भएता पनि सक्रिय हुन नसकेमा (२), आंशिक रूपमा सक्रिय भएमा (३), पूर्ण रूपमा सक्रिय सहभागी भएमा (४)

पृष्ठ १/४

**फाराम (क)**

**८. सामाजिक विकास : सामाजिक व्यवहार**

बालबालिकाले आफ्नो गल्ती स्वीकार्ने र अरूको राम्रो कामको प्रशंसा गर्ने गर्दछन् ।

प्रयास नगरेमा (१), प्रयास गरे पनि सही तरिकाले प्रकट गर्न नसकेमा (२), कहिलेकाहीँ मात्र सही तरिकाले प्रकट गरेमा (३), स्वस्फूर्त रूपमा सही तरिकाले प्रकट गरेमा (४)

**९. संवेगात्मक विकास : संवेग प्रकट तथा सन्तुलन**

बालबालिकाले अवस्थाअनुसार विभिन्न संवेगहरू खुसी, माया, दुःख, रिस, चिन्ता, इर्ष्या प्रकट गर्ने गर्दछन् ।

अवस्थाअनुसार प्रतिक्रिया नजनाएमा (१), प्रयास गरे पनि प्रकट गर्न नसकेमा (२), आंशिक रूपमा प्रकट गर्न सकेमा (३), पूर्ण रूपमा प्रकट गर्न सकेमा (४)

**१०. संवेगात्मक विकास : संवेगात्मक सुरक्षा तथा आत्मविश्वास**

बालबालिकाले आफूलाई फरक फरक अवस्थामा घुलमिल/समायोजन गरी आत्मविश्वासका साथ प्रस्तुत गर्न सक्छन् ।

प्रयास नगरेमा (१), प्रयास गरे पनि अवस्थानुसार प्रकट गर्न नसकेमा (२), कहिलेकाहीँ मात्र प्रकट गरेमा (३), स्वस्फूर्त रूपमा प्रकट गरेमा (४)

**११. बौद्धिक विकास : बौद्धिक सीप तथा सिकाइ प्रक्रिया**

बालबालिकाले दिनभरिका क्रियाकलाप र घटेका घटना क्रमिक रूपमा बताउन सक्छन् ।

प्रयास नै नगरेमा (१), प्रयास गरेता पनि कुनै पनि बताउन नसकेमा (२), आंशिक रूपमा (एकदेखि तीन वटा) बताउन सकेमा (३), पूर्ण रूपमा (चार वा पाँच वटा) क्रमिक रूपमा बताउन सकेमा (४)

**१२. बौद्धिक विकास : वर्गीकरण तथा क्रम मिलाउने**

बालबालिकाले दिइएका आकार तथा वस्तुहरू विशेषताका आधारमा छुट्याउन सक्छन् । (प्राथमिक रङ, ज्यामितीय आकार : वृत्त, वर्गाकार, त्रिभुज, नाप : ठुलो र सानो, लामो र छोटो)

छुट्याउन प्रयास नै नगरेमा (१), कम्तीमा एक आकार तथा वस्तु छुट्याउन सकेमा (२), कम्तीमा दुई आकार तथा वस्तु छुट्याउन सकेमा (३), सबै छुट्याउन सकेमा (४)

**१३. बौद्धिक विकास : वैज्ञानिक खोज**

बालबालिकाले मौसमअनुसार (घाम लागेको, बादल लागेको, पानी परेको, गर्मी, जाडो आदि) दिन कस्तो छ ? चिनेर भन्न सक्छन् ।

प्रतिक्रिया नजनाएमा (१), प्रयास गरे पनि सही बताउन नसकेमा (२), आंशिक रूपमा सही बताउन सकेमा (३), पूर्ण रूपमा सही बताउन सकेमा (४)

**१४. बौद्धिक विकास : दुरी तथा दिशा**

बालबालिकाले माथि, तल, दायाँ, बायाँ, अगाडि र पछाडि देखाउन सक्छन् ।

प्रतिक्रिया नजनाएमा (१), प्रयास गरे पनि सही देखाउन नसकेमा (२), आंशिक रूपमा सही देखाउन सकेमा (३), पूर्ण रूपमा सही देखाउन सकेमा (४)

**१५. बौद्धिक विकास : गणित - गणितीय ज्ञान/सङ्ख्या**

बालबालिकाले १ देखि १० सम्म वस्तुसँग सङ्ख्याको सम्बन्ध पहिचान गर्न सक्छन् ।

प्रतिक्रिया नजनाएमा (१), प्रयास गरे पनि कुनै पनि मिलाउन नसकेमा (२), आंशिक रूपमा मिलाउन सकेमा (३), पूर्ण रूपमा मिलाउन सकेमा (४)

**१६. बौद्धिक विकास : सिर्जनशीलता - परिकल्पना, नाटक र अभिनय**

बालबालिकाले अपूर्ण कथामा काल्पनिक घटना थपेर पूरा गर्न सक्छन् ।

प्रयास नै नगरेमा (१), प्रयास गरेता पनि थप गर्न नसकेमा (२), आंशिक रूपमा थप गरेमा (३),पूर्ण रूपमा थप गरी कथा पूरा गरेमा(४)

**१७. भाषिक विकास : सञ्चार**

बालबालिकाले आफ्नो पालो पर्खन्छन् र अरूको कुरा सुनेर चाहेको/मातृभाषामा ठिक प्रतिक्रिया दिने गर्दछन् ।

प्रतिक्रिया नजनाएमा (१), प्रयास गरे पनि सही प्रतिक्रिया नजनाएमा (२), आंशिक रूपमा सही प्रतिक्रिया जनाएमा (३), पूर्ण रूपमा सही प्रतिक्रिया जनाएमा (४)

**१८. भाषिक विकास : पूर्वपढाइ**

बालबालिकाले अक्षर तथा शब्दलाई चित्रसँग सम्बन्ध पहिचान गर्न सक्छन् ।

प्रयास नै नगरेमा (१), प्रयास गरे पनि कुनै पनि मिलाउन नसकेमा (२), आंशिक रूपमा मिलाउन सकेमा (३), पूर्ण रूपमा मिलाउन सकेमा (४)

**१९. भाषिक विकास : पूर्वलेखन**

बालबालिकाले सिधा, छड्के, अर्ध गोलाकार, गोलाकारलगायतका विभिन्न आकृतिका धर्सा र ढाँचाहरू कोर्न सक्छन् ।

प्रयास नै नगरेमा (१), प्रयास गरेता पनि सही धर्सा एवं ढाँचाहरू कोर्न नसकेमा (२), आंशिक रूपमा कोर्न सकेमा (३), पूर्ण रूपमा धर्सा एवं ढाँचाहरू कोर्न सकेमा (४)

**२०. सांस्कृतिक विकास**

बालबालिकाले राष्ट्रिय गान गाउन सक्छन् ।

प्रयास नै नगरेमा (१), प्रयास गरेता पनि गाउन नसकेमा (२), आंशिक रूपमा गाउन सकेमा (३), पूर्ण रूपमा गाउन सकेमा (४)

पृष्ठ २/४

फाराम (क)

## मापदण्ड तथा सूचकहरू

| क्र. स. | मापदण्ड तथा सूचकहरू | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | अन्तिम त्रैमासिक |
|---|---|---|---|---|
| १ | शारीरिक विकास : स्थूल अङ्गको विकास | | | |
| | **मापदण्ड : शरीरका स्थूल अङ्गहरूको तन्दुरुस्ती तथा समन्वयको प्रदर्शन गर्ने**<br>सूचक : शरीर सन्तुलन गरी सिधा, साँघुरो बाटो वा काठको फल्याकमा तीन मिटरसम्म हिँड्ने | | | |
| २ | शारीरिक विकास : सूक्ष्म अङ्गको विकास | | | |
| | **मापदण्ड : सूक्ष्म मांसपेशीय अङ्गहरूको समन्वय र सञ्चालन गर्न सक्षम हुने**<br>सूचक : टाँक, खिप, फस्नर लगाउने र तुना बाँध्ने | | | |
| ३ | शारीरिक विकास : इन्द्रिय अङ्गको विकास | | | |
| | **मापदण्ड : आफ्नो इन्द्रिय अङ्गहरूको प्रयोग गरी खेल्न र सिक्न सक्ने**<br>सूचक : दुर्गन्ध र सुगन्ध (वास्ना), तातो र चिसो (स्पर्श), नजिक र टाढा (दुरी), गुलियो र नुनिलो (स्वाद), ठुलो र सानो (आवाज) पहिचान गर्ने | | | |
| ४ | शारीरिक विकास : स्वास्थ्य- सरसफाइ (व्यक्तिगत तथा वातावरणीय सरसफाइ) | | | |
| | **मापदण्ड : व्यक्तिगत तथा वातावरणीय सरसफाइ गरेर देखाउन सक्ने**<br>सूचक : खाना खानुअघि र खाना खाइसकेपछि हात धुने, दैनिक दाँत माझ्ने, कपाल कोरेर आउने, चर्पीको सही प्रयोग गर्ने, फोहोरलाई फोहोरदानीमा (डस्टबिन) राख्ने | | | |
| ५ | शारीरिक विकास : सुरक्षित अभ्यास (व्यवहार) | | | |
| | **मापदण्ड : सुरक्षित रहने र हानिकारक वस्तुबाट टाढा रहने ज्ञान हुने**<br>सूचक : विविध किसिमका खतरा (जस्तै बिजुली, औषधी, विषादी, आगो, धारिला वस्तुहरू) बारे बताउन सक्ने | | | |
| ६ | शारीरिक विकास : पोषण | | | |
| | **मापदण्ड : तन्दुरुस्त हुने**<br>सूचक : तौल र उचाइ उमेरअनुसार रहेको<br>**तौल** : ४ वर्ष उमेर पुगेको (बालक- १६.३ के.जी., बालिका- १५.४ के.जी.)<br>५ वर्ष उमेर पुगेको (बालक- १८.४ के.जी., बालिका- १७.९ के.जी.)<br>**उचाई** : ४ वर्ष उमेर पुगेको (बालक- १०२.३ सेन्टिमिटर (से.मि.), बालिका-१००.३ से.मि)<br>५ वर्ष उमेर पुगेको (बालक- १०९.२ से.मि., बालिका- १०७.९ से.मि.)<br>*स्रोत : World Health Organization (WHO)* | | | |
| ७ | सामाजिक विकास : जीवनोपयोगी सीप | | | |
| | **मापदण्ड : व्यक्तिगत तथा सामूहिक कार्य गर्न स्वनिर्भर हुन सक्ने**<br>सूचक : विभिन्न सामूहिक क्रियाकलापमा सहभागी हुने । जस्तै : समूहमा पजल मिलाउने, छलफल, अभिनय, खेल | | | |
| ८ | सामाजिक विकास : सामाजिक व्यवहार | | | |
| | **मापदण्ड : आफ्ना साथीहरू र वयस्कहरूसँग आवश्यकताअनुसार उचित व्यवहार गर्ने**<br>सूचक : आफ्नो गल्ती स्वीकार्ने र अरूको राम्रो कामको प्रशंसा गर्ने | | | |
| ९ | संवेगात्मक विकास : संवेग प्रकट तथा सन्तुलन | | | |
| | **मापदण्ड : अवस्थाअनुसार विभिन्न संवेगहरू प्रकट गर्ने**<br>सूचक : अवस्थाअनुसार विभिन्न संवेगहरू खुसी, माया, दुख, रिस, चिन्ता, इर्ष्या प्रकट गर्ने | | | |
| १० | संवेगात्मक विकास : संवेगात्मक सुरक्षा तथा आत्मविश्वास | | | |
| | **मापदण्ड : विभिन्न अवस्थामा सुरक्षाको अनुभूति देखाउने**<br>सूचक : फरक फरक अवस्थामा घुलमिल/समायोजन गरी आत्मविश्वासका साथ प्रस्तुत हुने | | | |
| ११ | बौद्धिक विकास : बौद्धिक सीप तथा सिकाइ प्रक्रिया | | | |
| | **मापदण्ड : बालबालिकाले सिकाइको विश्लेषण गर्दै प्राप्त निष्कर्षलाई भविष्यको सिकाइमा प्रयोग गर्ने**<br>सूचक : दिनभरिको क्रियाकलाप र घटेका घटना क्रमिक रूपमा बताउने | | | |
| १२ | बौद्धिक विकास : वर्गीकरण तथा क्रम मिलाउने | | | |
| | **मापदण्ड : वस्तुहरूको क्रम मिलाएर राख्ने तथा वर्गीकरण गर्ने**<br>सूचक : दिइएका आकार तथा वस्तुहरू विशेषताका आधारमा छुट्याउने (प्राथमिक रङ, ज्यामितीय आकार : वृत्त, वर्गाकार, त्रिभुज, नापः ठुलो र सानो, लामो र छोटो) | | | |

पृष्ठ ३/४

**फाराम (क)**

| क्र. स. | मापदण्ड तथा सूचकहरू | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | अन्तिम त्रैमासिक |
|---|---|---|---|---|
| १३ | बौद्धिक विकास : वैज्ञानिक खोज | | | |
| | **मापदण्ड : मौसमलाई हेरेर त्यसका बारेमा वर्णन गर्न सक्ने**<br>सूचक : मौसमअनुसार (घाम लागेको, बादल लागेको, पानी परेको, गर्मी, जाडो आदि) दिन कस्तो छ, चिनेर भन्न सक्ने | | | |
| १४ | बौद्धिक विकास : दूरी तथा दिशा | | | |
| | **मापदण्ड : दिशा निर्देशन बुझ्ने र प्रयोग गर्न सक्ने**<br>सूचक : माथि, तल, दायाँ, बायाँ, अगाडि र पछाडि देखाउन सक्ने | | | |
| १५ | बौद्धिक विकास : गणित - गणितीय ज्ञान/सङ्ख्या | | | |
| | **मापदण्ड : अङ्क र गन्तीको ज्ञान देखाउन सक्षम हुने**<br>सूचक : १ देखि १० सम्म वस्तुसँग सङ्ख्याको सम्बन्ध पहिचान गर्ने | | | |
| १६ | बौद्धिक विकास : सिर्जनशीलता - परिकल्पना, नाटक र अभिनय | | | |
| | **मापदण्ड : वास्तविकता र परिकल्पनामा हुने भिन्नता छुट्याउने**<br>सूचक : अपूर्ण कथामा काल्पनिक घटना थपेर पूरा गर्ने | | | |
| १७ | भाषिक विकास : सञ्चार | | | |
| | **मापदण्ड : एक अर्का तथा चिनजानका वयस्क मान्छेसँग कुरा गर्ने**<br>सूचक : आफ्नो पालो पर्खने र अरूको कुरा सुनेर चाहेका/मातृभाषामा ठिक प्रतिक्रिया दिने | | | |
| १८ | भाषिक विकास : पूर्वपढाइ | | | |
| | **मापदण्ड : पूर्व पढाएका सीपहरू देखाउन सक्षम हुने**<br>सूचक : वर्ण तथा शब्दलाई चित्रसँग सम्बन्ध पहिचान गर्ने | | | |
| १९ | भाषिक विकास : पूर्वलेखन | | | |
| | **मापदण्ड : पूर्वलेखन सीपहरू देखाउन सक्ने**<br>सूचक : सिधा, छड्के, अर्ध गोलाकार, गोलाकारलगायतका विभिन्न आकृतिका धर्सा र ढाँचाहरू कोर्ने | | | |
| २० | सांस्कृतिक विकास | | | |
| | **मापदण्ड : "हामी नेपाली हौँ" भन्ने भावलाई व्यक्त गर्ने**<br>सूचक : राष्ट्रिय गान गाउने | | | |

**कैफियतमा समग्र रूपमा बालबालिकाको सबल पक्ष तथा सुधार गर्नुपर्ने पक्ष उल्लेख गर्ने**

| त्रैमासिक | कैफियत | हस्ताक्षर | |
|---|---|---|---|
| | | सहजकर्ता | अभिभावक |
| पहिलो त्रैमासिक | | | |
| दोस्रो त्रैमासिक | | | |
| अन्तिम त्रैमासिक | | | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

पृष्ठ ४/४

फाराम (ख)

## प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/बालबालिकाको सिकाइ तथा विकासको प्रगति अवस्था (केन्द्र वा विद्यालयगत)

- यो फाराम सहजकर्ता/बालशिक्षकले बालबालिकाको प्रगति मापनपछि अन्तिम त्रैमासिकमा अद्यावधिक गर्नुपर्ने छ । यसमा प्रत्येक बालबालिकाको उपलब्धि एकैसाथ राखिने हुँदा, बालविकास केन्द्रको समष्टिगत अवस्था विश्लेषण गर्न सहयोग पुऱ्याउँछ ।
- सबै बालबालिकाको प्रगति विवरण राखेपछि विकास क्षेत्र (शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक, भाषिक, सांस्कृतिक) अनुसार औसत निकाली औसतभन्दा कम विद्यार्थीमा बढी ध्यान दिनुपर्छ ।
- यस (अन्तिम त्रैमासिकको) फारामलाई हरेक शैक्षिक सत्रको अन्तमा सम्बन्धित गाउँपालिका/नगरपालिका/उप-महानगरपालिका/महानगरपालिकामा बुझाउनुपर्ने छ ।

**प्राथमिकीकरण गरिएको न्यूनतम मापदण्ड निम्नअनुसार छ वा छैनमा भर्नुपर्छ ।**

१. **बालमैत्री बसाइ व्यवस्था** : बालबालिकालाई भुइँको चिसो र फोहोरले असर नपर्ने गरी बसाइको लागि गुन्द्री/पि-फम/नरम चकटी/कार्पेटिङ्सहितको फल्याक/उमेरअनुसारको टेबल कुर्सीको व्यवस्था गरिएको

२. **योग्यता र तालिमप्राप्त बालशिक्षक** : १२ कक्षा पास गरी कम्तीमा ९० घण्टाको आधारभूत व्यवहारिक तालिम लिएको

३. **६ ओटा सिकाइ क्षेत्रको व्यवस्था** : कम्तीमा (क) भाषा, (ख) गणित, (ग) अभिनय/स्वावलम्बन सीप, (घ) सिर्जनात्मक, (ङ) निर्माण, (च) विज्ञान क्षेत्रअनुसार सामग्री राखिएको

४. **बालमैत्री धारा पानी** : शुद्ध पिउने पानी बालबालिकाको सहज पहुँच भएको

५. **शौचालयको व्यवस्था** : शौचालयमा साबुन र पानीमा बालबालिकाको सहज पहुँच भएको

**विद्यालय/बालविकास केन्द्रको नाम :** **बालशिक्षकको नाम :** **ठेगाना :**

- बालमैत्री बसाइ व्यवस्था : छ/छैन
- ६ ओटा सिकाइ क्षेत्रको व्यवस्था : छ/छैन
- दक्ष बालशिक्षक : छ/छैन
- बालमैत्री धारा पानी : छ/छैन
- शौचालयको व्यवस्था : छ/छैन

पृष्ठ १/२

**फाराम (ख)**

| | | | | | शारीरिक विकासका सूचकहरू | | | | | | सामाजिक विकासका सूचकहरू | | संवेगात्मक विकासका सूचकहरू | | बौद्धिक विकासका सूचकहरू | | | | | | भाषिक विकासका सूचकहरू | | | सांस्कृतिक विकासका सूचकहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | औसत → | | | | | | | | | | | | | | | | | | | | |
| क्र. सं. | बालबालिकाको नाम | लिङ्ग (बालक/ बालिका) | अपाङ्गता छ/छैन | जन्म मिति | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० |
| उदाहरण | पदम राई | बालक | | २०७० जेठ ९ | १ | २ | ३ | ४ | १ | २ | १ | ४ | १ | १ | १ | ४ | १ | २ | ३ | १ | १ | १ | १ | १ |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ..... | | | | | | | | | | | | | | | | | | | | | | | | |

सहजकर्ता/बालशिक्षकको हस्ताक्षर :

नाम :

मिति :

प्रधानाध्यापकको हस्ताक्षर :

नाम :

मिति :

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

पृष्ठ २/२

**फाराम (ग)**

# प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/बालबालिकाको सिकाइ तथा विकास प्रगति विवरण (स्थानीय तहका लागि)

## परिचय

यस प्रगति विवरणको साधनले प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा भर्ना भएका ४८ देखि ६० महिनाभित्रका बालबालिकाको निरन्तर मूल्याङ्कन गर्न सहजीकरण गर्दछ । यसबाट बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (२०६९) अनुरूपको स्थितिलाई प्रस्तुत गरी प्रगतिको लागि सहयोग गर्न मदत गर्दछ । यसबाट प्राप्त बालबालिकाको सिकाइ तथा विकासात्मक अवस्थाअनुसार आवश्यक सहयोग तथा बालविकास केन्द्रको न्यूनतम मापदण्ड पूरा गर्न कार्यक्रम बनाई लागु गर्नुपर्ने छ ।

गाउँपालिका/नगरपालिकाअन्तर्गतका सबै बालविकास केन्द्रले हरेक वर्षको अन्तिम त्रैमासिकमा **फाराम (ख) प्रारम्भिक बालविकासका बालबालिकाको सिकाइ तथा विकासको प्रगति अवस्था (केन्द्र वा विद्यालयगत)** मार्फत बालबालिकाको प्रगति मापन तथा प्राथमिकीकरण गरिएको न्यूनतम मापदण्डको अवस्था गाउँपालिका/नगरपालिकालाई बुझाइएको हुनुपर्दछ । प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका लागि तोकिएको जिम्मेवार व्यक्तिले आवश्यक रूपमा अनुगमन तथा मूल्याङ्कन गरी सुझाव दिन सकिन्छ ।

हरेक शैक्षिक सत्रको अन्तमा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रका लागि तोकिएको जिम्मेवार व्यक्तिले हरेक बालविकास केन्द्रबाट बुझाइएका फारामका आधारमा यो **फाराम (ग)** भर्नुपर्ने छ ।

प्राथमिकीकरण गरिएको न्यूनतम मापदण्डको हकमा, **कुनै पनि नभएमा ०, कुनै एक भएमा १, कुनै दुई भएमा २, कुनै तीन भएमा ३, कुनै चार भएमा ४, सबै भएमा ५** लेख्नुपर्ने छ । अन्य विकास क्षेत्र (शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक, भाषिक, सांस्कृतिक) को हकमा बालविकास केन्द्रबाट बुझाइएको फाराममा रहेको औसत अङ्क भर्नुपर्ने छ ।

पृष्ठ १/२

## फाराम (ग)

| क्र. सं. | बालविकास केन्द्र/विद्यालयको नाम | ठेगाना | बालबालिकाको सङ्ख्या | | अपाङ्गता सङ्ख्या | प्राथमिकीकरण गरिएको न्यूनतम मापदण्ड | शारीरिक विकासका सूचकहरू | | | | | | सामाजिक विकासका सूचकहरू | | संवेगात्मक विकासका सूचकहरू | | | बौद्धिक विकासका सूचकहरू | | | | | भाषिक विकासका सूचकहरू | | | सांस्कृतिक विकासका सूचकहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० |
| उदाहरण | गौतम बा.वि.के. | ब.न.३ | १० | ८ | १ | २ | १ | २ | ३ | ४ | १ | २ | १ | ४ | १ | १ | १ | ४ | १ | २ | ३ | १ | १ | १ | १ | १ |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

तयार गर्नेको हस्ताक्षर :

नाम :

मिति :

रुजु गर्नेको हस्ताक्षर :

नाम :

मिति :

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

पृष्ठ २/२

# अनुसूची १२

## बालबालिकाको व्यक्तिगत विवरणको आवश्यकता र तयारी अभ्यास

बालविकास केन्द्रमा बालबालिकाले गरेका प्रत्येक क्रियाकलापहरूलाई उनीहरूको व्यक्तिगत फाइलमा व्यवस्थित गरेर राख्नुपर्दछ । यसबाट बालबालिकाको व्यक्तिगत क्षमता र रुचि पत्ता लगाउन सकिन्छ र सोअनुरूप सहयोग गर्न सजिलो हुन्छ । बालबालिकाको व्यक्तिगत विवरणमा उनीहरूलाई निरन्तर अवलोकन गरी तथा उनीहरूले गरेका कार्यहरूको अभिलेख राखेर तयार गरिन्छ । बालबालिकाले गरेका कामहरू, जसले उनीहरूको दिनानुदिनको प्रगति झल्काउँछ त्यस्ता सृजना, कला, चित्रकला तथा अन्य अभिव्यक्तिहरूलाई उनीहरूको व्यक्तिगत फाइलमा सिलसिलेवार राखिन्छ । सामान्यतया व्यक्तिगत विवरण देहायबमोजिम तयार गर्नुपर्दछ ।

- फाइलको बाहिरी पेजमा बालक/बालिकाको नाम र ठेगाना लेख्ने
- सम्भव भए फोटो राख्ने नत्र दिइएको चिह्न राख्ने
- भित्र पहिलो पेजमा बालबालिकाको व्यक्तिगत जानकारी, तौल, उचाइ, कुनै रोग वा एलर्जी भए सोको जानकारी लेख्ने
- बालबालिकाका बारेमा अभिभावकले दिएको जानकारी, जस्तो रुचि, मनपर्ने कुरा, खेल, खाना आदि
- त्यसपछि क्रमशः प्रत्येक दिनका क्रियाकलापहरूलाई राख्दै जाने
- बालबालिकाले बनाएका वा रङ लगाएका चित्रहरू
- अन्य सिर्जनाहरू
- प्रत्येक दिन लेखेका/कोरेका/रङ भरेका अक्षरहरू, शब्दहरू
- अन्य बनाएका सामग्रीहरू
- खेलेका वा क्रियाकलाप गरिरहेका फोटाहरू
- बालबालिकाले गरेका क्रियाकलापको अवलोकन गरेर उनीहरूका रुचि, व्यवहार बारेमा लेखिएका टिपोटहरू
- अन्य केही उल्लेखनीय भएमा
- अभिभावकबाट गरिएका प्रतिक्रिया वा पठाएका अन्य टिपोटहरू

## प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण अभ्यास

- प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण कक्षा १ मा जाने सक्षमताको प्रमाण-पत्र हो ।
- सूचक अनुरूपको क्रियाकलाप गराउँदा सूचकसँगै राखिएका निर्देशनहरू ध्यान दिएर सोअनुरूप भर्नुपर्दछ ।
- पोषण मापनको लागि बालबालिका भर्ना हुँदा नै आ-आफ्नो प्रगति विवरणको छायाँप्रति व्यक्तिगत फाइलमा राखेर प्रत्येक महिना मापन गरेको पोषणको विवरण पनि यसमा राखेको हुनुपर्दछ ।

# अनुसूची १३

## प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण अभ्यास

प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा ४८ महिना देखि ६० महिनासम्मका बालबालिकाले के के गर्न सक्षम हुनुपर्छ भनी मापन गर्न विकास गरिएका सूचकहरू हुन् । यस विकास मापदण्डमा भएका सबै सूचकहरू मापन गर्न शिक्षक तथा हेरालुलाई निकै असजिलो हुने भएकाले यसबाट विशेष किसिमका सूचकहरू छनौट गरी प्रगति विवरण तयार गरिएको छ । यसको मुख्य लक्ष्य बालबालिका कक्षा १ को लागि तयार भए कि भएनन् भनेर पहिचान गर्नु पनि हो । यसको सही प्रयोगबाट बालबालिकाहरूलाई लिने गरिएका प्रवेश परीक्षा तथा अन्य परीक्षाहरूबाट छुटकारा दिलाउन सकिन्छ ।

प्रगति विवरणको **फाराम 'क'**को पहिलो पृष्ठमा बालबालिकाको फोटोसहित व्यक्तिगत विवरण राखिएको छ र विच्चको बक्सामा फारामको छोटो परिचय रहेको छ । तल्लो भागदेखि दोस्रो पृष्ठसम्म क्षेत्रगत विशिष्ट पक्षहरूअनुसारका सूचकहरूसहित यसको मूल्याङ्कन निर्देशिका रहेको छ । सूचकअनुरूपका क्रियाकलाप गराउँदा सूचकसँगै राखिएका निर्देशनहरू ध्यान दिएर सो अनुरूप भर्ने जस्तै सूचक १ मा सन्तुलन गरी हिँड्ने प्रयास नै नगरेमा १ नं दिने, प्रयास गर्छ तर कुनै पनि गर्न नसकेमा २ नं, यसैगरी ३ ओटा विकल्पहरू मध्ये १ ओटा वा दुई ओटामात्र गरेमा ३ नं र सबै गर्नसकेमा ४ नं दिनको लागि हो । सूचक नं ६ को पोषण मापनको लागि बालबालिका भर्ना हुँदा नै आ-आफ्नो प्रगति विवरण फारामको फोटोकपी व्यक्तिगत फाइलमा राख्ने र प्रत्येक महिना मापन गरेको पोषणको विवरणको पनि रेकर्ड राख्ने । यसैगरी 'फाराम क'को पृष्ठ ३ मा सोही **मापदण्ड तथा सूचकहरू** र तीनओटा कोलममा पहिलो, दोस्रो र तेस्रो त्रैमासिक लेखिएको छ जसअनुसार **पहिलो, दोस्रो र तेस्रो त्रैमासिक** परीक्षाको बेलामा प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाका बालबालिकाहरूको पनि प्रगति विवरण राख्ने, यसको पहिलो कोलममा भएको पहिलो त्रैमासिक भनेकोमा पहिलो त्रैमासिक परीक्षाको बेलामा यसैगरी अन्य परीक्षाको बेलामा तोकिएको कोलममा बालबालिकाको प्रगति मापन गर्दै निर्देशनानुसार अङक भरेर रेकर्ड राख्ने । यसैगरी प्रत्येक त्रैमासिकमा अभिभावक र सहजकर्ताको दस्तखत राखिएको छ जसले अभिभावक, बालबालिका र प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाकोवीचमा समुचित सम्बन्ध स्थापित हुनेछ ।

४८ महिना देखि ६० महिनासम्मका बालबालिका के के गर्न सक्षम छन् प्रत्येक बालबालिकाको रेकर्ड राखिसकेपछि सबै बालबालिकाको स्थिति एउटै फाराममा तयार गरी केन्द्रको एकमुष्ठ प्रतिवेदन नगर वा गाउँपालिकाहरूमा पेस गर्न सकिन्छ । साथै प्रत्येक वर्षको अभिलेख एउटै पानामा सरल हुनेछ, भन्दै फाराम 'ख'को पहिलो पृष्ठमा बालबालिकाको नाम जन्ममिति सूचक नं र प्राप्त औसत नं राखेर सबै बालबालिकाको अभिलेख सम्बन्धित कार्यालयमा पेस गर्न सरल हुनेछ । फाराम 'ख'को दोस्रो पृष्ठमा प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको सूचकहरू रहेका छन् जसको मुख्य उद्देश्य बालबालिकाको विकासात्मक उपलब्धि उत्कृष्ट हुनको लागि केन्द्रको न्यूनतम मापदण्ड पनि पूरा हुनुपर्ने अवधारणका साथमा कम्तीमा पाँच ओटा सूचकहरू प्राथमिकीकरण गरिएको छ ।

# अनुसूची १४

## सूक्ष्म क्रियाकलाप अभ्यास अवलोकन मूल्याङ्कन फाराम

| सहजकर्ताको नाम | विषय | शारीरिक विकास हुने क्रियाकलाप के के गरे | बौद्धिक विकास हुने क्रियाकलाप के के गरे | सामाजिक व्यवहार दर्शाउने सञ्चालन गर्ने क्रियाकलाप के के गरे | संवेग संतुलन तथा व्यक्त गर्ने क्रियाकलाप के के गरे | भाषिक विकास गर्न पूर्वपढाइ तथा पूर्वलेखन गर्ने क्रियाकलाप के के गरे | सांस्कृतिक विकास हुने क्रियाकलाप के के गरे | तयारी सामग्री के के थियो |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोट :**

### १. सूक्ष्म क्रियाकलाप अभ्यास अवलोकन मूल्याङ्कन फाराम भर्ने मार्ग निर्देशन

नमुना क्रियाकलाप सञ्चालन गर्दा माथि फाराममा दिइएका ६ ओटा पक्षहरूमा १ देखि ५ अङ्कसम्म दिन सकिनेछ । प्रत्येक सहभागीले यो फाराम सामूहिक रूपमा भर्नेछन् र प्रत्येक (सबै) समूहले प्रत्येक (सबै) प्रस्तुतकर्ताको मूल्याङ्कन गर्नेछन् । प्रशिक्षकले ती सबै अङ्कहरू जोड गरेर औसत अङ्क निकाल्नेछन् । उक्त मूल्याङ्कनलाई सहभागी मूल्याङ्कन परिणाम भनि देखाउन सकिनेछ । प्रत्येक अङ्क दिँदा निम्नानुसारका मूल्याङ्कन सूचकहरूका आधारमा दिनुपर्नेछ ।

अति राम्रो - ५, धेरै राम्रो - ४, राम्रो - ३, ठीकै - २ र सुधार गर्नुपर्ने - १

### २. सहभागीले सूक्ष्म क्रियाकलाप गर्दा अर्को सहभागीको मूल्याङ्कन गर्ने तरिका

| | | |
|---|---|---|
| **क) शारीरिक विकास**<br>नराम्रो - १<br>ठीक - २<br>राम्रो - ३<br>धेरै राम्रो - ४<br>अति राम्रो - ५ | **ख) बौद्धिक विकास**<br>नराम्रो - १<br>ठीक - २<br>राम्रो - ३<br>धेरै राम्रो - ४<br>अति राम्रो - ५ | **ग) सामाजिक विकास**<br>नराम्रो - १<br>ठीक - २<br>राम्रो - ३<br>धेरै राम्रो - ४<br>अति राम्रो - ५ |
| **घ) संवेगात्मक विकास**<br>नराम्रो - १<br>ठीक - २<br>राम्रो - ३<br>धेरै राम्रो - ४<br>अति राम्रो - ५ | **ङ) भाषिक विकास**<br>नराम्रो - १<br>ठीक - २<br>राम्रो - ३<br>धेरै राम्रो - ४<br>अति राम्रो - ५ | **च) सांस्कृतिक विकास**<br>नराम्रो - १<br>ठीक - २<br>राम्रो - ३<br>धेरै राम्रो - ४<br>अति राम्रो - ५ |

# अनुसूची १५

## विशेष क्षमता भएका बालबालिका, अपाङ्गता र विशेष परिस्थितिमा भएका बालबालिकाको सिकाइमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको उपयोग

### १५.१. विभिन्नता, अपाङ्गता तथा प्रगति विवरणको प्रयोग

#### क) व्यक्तिगत विभिन्नता

बालविकासलाई वंशाणुगत गुण र वातावरणको प्रभाव रहेको हुन्छ । वंशाणु भनेको गर्भाधान भएर संयुक्त कोष बन्दैमा आमाबाबुबाट क्रोमोजममार्फत सन्तानमा हस्तान्तरण भएको गुण हो । वंशाणुमा जुन प्रकारको गुण भए पनि जन्मपूर्व र जन्मपछिको वातावरण उपयुक्त भएन भने बालविकासमा प्रतिकूलता देखापर्छ । त्यसकारण प्रारम्भिक बालविकासमा जोड दिनुको उद्देश्य उपयुक्त वातावरणमा बालबालिकाको विकासलाई सहजीकरण गर्नु हो ।

प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा आउने बालबालिकामा स्वभाविक रूपमा व्यक्तिगत विभिन्नता हुन्छ । यही विभिन्नताको कारण बालबालिकाका रुचि, स्वभाव, सिकाइ क्षमता तथा प्रस्तुतीकरणका शैलीहरू फरक प्रकारका हुन्छन् । स्वभावका हिसाबले बालबालिका दुई प्रकारका हुन्छन् ।

**१. अन्तर्मुखी**

सधैँ शान्त रहने, मनका कुरा हतपत्त व्यक्त नगर्ने, ध्यान दिने, लज्जालु स्वभाव भएका व्यक्ति तथा बालबालिका अन्तर्मुखी स्वभावका हुन्छन् । लामो समयसम्म निकट हुँदा पनि कुनै बालबालिका खुल्न चाहेनन् र माथि उल्लेख गरे जस्ता लक्षण देखाए भने त्यस्ता बालबालिका अन्तर्मुखी स्वभावका हुनसक्छन् भनेर अनुमान गर्न सकिन्छ । अन्तरक्रियात्मक नहुनाका कारणले अपेक्षाकृत सिकाइ नहुने खतरा हुन्छ अथवा उनीहरूको सिकाइको स्तर वा अवस्था पहिचान नहुन सक्छ । यस्ता स्वभावका बालबालिकाहरूलाई सहजकर्ताले थप समय दिएर समूहमा राख्ने, अरूसँग बोलचालमा बढी व्यस्त गराउने, अरूसँग बोल्ने र सोध्नुपर्ने वातावरण तयार पारिदिने गर्नुपर्छ ।

**२. बहिर्मुखी स्वभाव**

अन्तर्मुखी स्वभावभन्दा ठीक विपरित स्वभावका बालबालिकाहरू यसमा पर्छन् । यस वर्गमा बढी चञ्चलता, धेरै कुराकानी गर्न खोज्ने, जिज्ञासा राख्ने खालका बालबालिका पर्न आउँछन् । यस प्रकारका बालबालिकाहरूले धेरै कुरा सिक्न सक्छन् भन्ने विश्वास गरिन्छ तर उनीहरूमा स्थिरता र गम्भीरता तथा जिम्मेवारीवोध कम हुन्छ । यस्ता स्वभावका बालबालिकालाई सहजकर्ताले जिम्मेवारी दिने, उनीहरूका जिज्ञासा मेटाउन प्रयत्न गर्ने तथा उनीहरूको रुचिअनुसारका क्रियाकलापमा सहभागी गराउन सक्नुपर्छ ।

## ख) सिकाइ क्षमताका हिसाबले बालबालिकाहरूको वर्गीकरण

### १. क्षमताका हिसाबले बालबालिकाहरू जेहेन्दार, मध्यम तथा सुस्त प्रकारका हुन्छन् ।

उच्च क्षमताका बालबालिकाहरू : यस प्रकारका बालबालिकाहरूको बौद्धिक विकास प्रक्रिया छिटो भएको हुन्छ । यस्ता प्रकारका बालबालिकाहरूले बौद्धिक, सिर्जनात्मक, कलात्मक तथा नेतृत्व क्षेत्रमा उल्लेखनीय क्षमता प्रदर्शन गर्न सक्छन् (भण्डारी, २०६४) ।

मध्यम प्रकारका बालबालिकाहरूले कुनै पनि विषयवस्तु सहज तरिकाले सिकाइ गरेमा वोध गर्ने क्षमता राख्छन् । सुस्त प्रकारका बालबालिकाहरूको सिकाइ निकै जटिल हुन्छ ।

### २. विशेष क्षमता भएका बालबालिकाहरूमा देखापर्ने गुण तथा लक्षणहरू

- अरू सामान्य बालबालिकाहरूभन्दा धेरै छिटो सिक्छन् ।
- अन्य बालबालिकाहरूले बुझ्न सक्नेभन्दा माथिल्ला स्तरका कुरा गर्छन् ।
- धेरै शब्दभण्डार हुन्छ ।
- स्मृति गहिरो तथा छिटो हुन्छ ।
- धेरै कुराकानी गर्न खोज्छन् ।

### ३. सुस्त बालबालिकाहरू

मानसिक रोग भएका बालबालिकाहरू यसमा पर्छन् । बौद्धिक तथा मानसिक अपाङ्गताका कारण सिकाइमा सुस्तता देखा पर्दछ । बालबालिकाहरूका व्यवहार तथा क्रियाकलाप हेरेर उनीहरूमा समस्या रहे नरहेको जानकारी पाउन सकिन्छ । केही उदाहरणहरू:

- अरूसँग नखेल्ने, आँखा जुधाएर कुरा नगर्ने, बोलाउँदा प्रतिक्रिया नदिने, आत्मकेन्द्रित मात्र हुने गर्दा अटिजमसम्बन्धी समस्या हुन सक्छ । प्रारम्भिक बालविकासको अवस्थामा व्यक्तिगत विभिन्नता तथा बंशानुगत गुणका कारणले केही विकासात्मक प्रक्रिया ढीलो छिटो पनि हुनसक्ने भएकाले एकदुईओटा लक्षण देखिनासाथ यही हो भनेर ठोकुवा चाहिँ गर्नुहुँदैन मात्र समस्या देखिएको कुराको बारेमा जानकारी सम्बन्धित अभिभावकलाई दिनुपर्ने हुन्छ ।
- जतिसुकै व्यवहारिक र अर्थपूर्ण तरिकाले सिकाइ क्रियाकलाप सञ्चालन गरिए पनि त्यसप्रति प्रतिक्रियात्मक हुन नसक्ने अथवा सिक्न नसक्ने बालबालिकामा कुनै न कुनै प्रकारको बौद्धिक अपाङ्गता रहेको हुन्छ ।

## ग) शारीरिक रूपमा अपाङ्गता

शारीरिक रूपमा अपाङ्गता भएका बालबालिकाहरूलाई पनि साथीसरह सिक्न, साथीहरूसँग क्रियाकलापमा सहभागी हुन कठिनाइ हुन्छ । सिकाइमा कठिनाइ ल्याउने शारीरिक अपाङ्गताहरू विविध प्रकारका हुन्छन् ।

१. **स्नायुसम्बन्धी समस्याः** मस्तिष्क पक्षघात हुनु, पोलियो हुनु, कम्प तथा छारेरोग हुनु जस्ता स्नायुसम्बन्धी कारणहरू एउटा हुन्छ । हाडजोर्नीमा समस्या भएका कारण लेख्न, समात्न, खेल्न नसक्नु अर्को प्रकारको शारीरिक समस्या भित्र पर्दछ ।

२. **अन्य अपाङ्गताः** शारीरिक, दृष्टिसम्बन्धी, सुनाइसम्बन्धी, श्रवण दृष्टिविहीन, स्वर तथा बोलाइसम्बन्धी, बहुअपाङ्गता आदि जस्ता समस्याहरू । शारीरिक अपाङ्गता सहजै चिनिने भएकाले यसमा अभिभावक तथा सहजकर्ताहरूका लागि पहिचानको खासै समस्या हुँदैन । तर Dyslexia (बालबालिकाहरूको उच्चारण र हिज्जेमा देखिने समस्या, श्रवण कठिनाइ (सुन्ने कम क्षमता), Dysgraphia लेख्न कठिनाइ हुने) Dyscalculia (सुनाइ र लेखाइमा समस्या तथा गणितीय समस्या) Dyspraxia (मांशपेशीसम्बन्धी समस्या जसका कारण बालबालिकाले चाहेर पनि लेख्न नसक्ने, पढ्न नसक्ने आदि) जस्ता समस्याहरू भने बालबालिकाहरूको व्यवहार अवलोकन गरेर र प्रगति विवरणहरूका सूचकहरूको आधारमा पनि पहिचान हुन सक्दछ ।

कतिपय अपाङ्गता र समस्याहरू प्रारम्भिक अवस्थामा पहिचान गर्न कठिन हुन्छ । प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा कुन कुन प्रकारको समस्या हो भनेर पहिचान गर्न सम्भव हुँदैन । पहिचान गर्ने काम सम्बन्धित स्वास्थ्यसम्बन्धी निकाय र विशेषज्ञको हो । तथापि बालबालिकाहरू कुन कुन कुरामा समस्यामूलक देखिएका छन् ? ती समस्याहरूको समाधान गर्ने बैकल्पिक उपायहरू के के हुन सक्छ भन्ने कुराको जानकारी भने सहजकर्तामा हुनु आवश्यक छ । उदाहरणका लागि कुनै बालबालिकाहरूको हात र आँखाको समन्वयको सन्तुलित विकास ढिला हुने वा हात र आँखामध्ये कुनै एकमा समस्या भएर कठिनाइ भएको पनि देखिन सक्छ । यी कुरा प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा खेलाउँदा र विभिन्न क्रियाकलाप गराउँदा पहिचान हुने भएकोले यस्ता क्रियाकलाप गर्दा बालबालिकालाई ध्यान दिएर अवलोकन गर्नु पर्दछ । केही उदाहरणहरू :

- क्रियाकलाप गराउन आग्रह गरिँदा मुखमा हेर्ने, कान आवाज आएतिर फर्काउने गर्ने बालबालिकाको श्रवण समस्या हुनसक्छ ।
- बालबालिकाले कुनै वस्तु टिप्न खोज्दा उसको हात अर्कोतिर जानुले उसको दृष्टिमा वा मांशपेशीमा समस्या हुन सक्छ ।
- साथीसँग बोल्न नचाहने पर बस्ने हुँदा बोलीसम्बन्धी समस्या जस्तैः भकभकाउने, वा बोल्न खोजेको कुरा तत्काल नआउने पनि हुन सक्छ ।
- प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाका सहजकर्ताले कुन समस्या हो भनेर पहिचान गर्न नसके पनि यी कुनै न कुनै समस्या हुन् भनेर पहिचान गर्न भने सक्छन् । यस्ता समस्या पहिचान भएको खण्डमा सम्बन्धित अभिभावकलाई पहिचान भएको कुरा समयमै भन्न सकियो भने बालबालिकाले उपचार तथा विशेष हेरविचार पाउने सम्भावना बढ्छ ।

## १५.२. मुख्य सिकाइका बुँदाहरू

- प्रगति विवरणका सबैतिर अगाडि वा अब्बल देखिएका बालबालिकाहरूमा विशेष क्षमता हुन सक्छ त्यसकारण उनीहरूलाई सिकाइमा थप उत्प्रेरित हुने गरी क्रियाकलापमा सरिक गराउनु पर्छ ।
- प्रगति विवरणमा जुनसुकै सूचकको मूल्याङ्कन गर्दा निम्न अवस्थामा देखिने बालबालिकाका विषयमा सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विशेष ध्यान दिनुपर्ने हुन्छ ।
- प्रगति विवरणमा आधारमा बालबालिकाहरूका अवस्थाका विषयमा अभिभावकसँग परामर्श गर्न सकिन्छ ।

## अनुसूची १६

### १६.१. परियोजना कार्यको अभिमुखीकरण तथा कार्ययोजना निर्माण

यस तालिम सञ्चालन पश्चात् प्रशिक्षक (स्रोतव्यक्ति)ले सहजकर्ताहरूलाई १० दिने आमनेसामने विधिबाट तालिम सञ्चालन गर्नु अगावै पूर्वतयारीका लागि एउटा कार्ययोजनाको ढाँचा यहाँ प्रस्तुत गरिएको छ।

**कार्ययोजना निर्माण - ELDS Training**

| क्र.सं. | क्रियाकलाप | मिति | जिम्मेवार संस्था | जिम्मेवार व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|
| १. | तालिमको पूर्वतयारी | | | | |
| २. | सहभागी सङ्ख्या | | | | |
| ३. | स्थान र मिति तय गर्ने | | | | |
| ४. | प्रशिक्षक तोक्ने | | | | |
| ५. | पत्राचार गर्ने | | | | |
| ६. | सामग्री खरिद तथा तयारी | | | | |
| ७. | प्रशिक्षण सामग्री तयारी | | | | |
| ८. | हातेपत्र (Handsout) सामग्री तयारी | | | | |
| ९. | प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड फाराम तयारी | | | | |
| १०. | पूर्वपरीक्षण | | | | |
| ११. | प्रशिक्षण/तालिम सञ्चालन | | | | |
| १२. | तालिम मूल्याङ्कन | | | | |
| १३. | प्रमाण-पत्र वितरण | | | | |
| १४. | कार्ययोजना निर्माण | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## सन्दर्भ सामग्री


- अभिभावक शिक्षा सहजकर्ताको लागि सन्दर्भ सामग्री, शिक्षा विभाग, युनिसेफ नेपाल तथा सेता गुराँस राष्ट्रिय बाल विकास सेवा, २०७३
- अटिजम भएका व्यक्तिहरूका लागि दृश्यात्मक सहयोगी पुस्तिका, अटिजम केयर नेपाल सोसाइटी र शिक्षा विभाग, २०७४
- अपाङ्गता, २०६९, शिक्षा विभाग, सानोठिमी, भक्तपुर
- उन्नत मस्तिष्कको निर्माण: प्रारम्भिक बालविकासका नयाँ आयामहरू, युनिसेफ, २०१४
- टिपिडी खाकामा प्रारम्भिक बालशिक्षा सहयोगी कार्यकर्ता/शिक्षकका लागि पेसागत विकास तालिम पाठ्यक्रम फागुन २०७३, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुर
- नेपालको संविधान, नेपाल कानून आयोग बत www.nepallawcommisssion.gov.np
- नेपालमा प्रारम्भिक बालविकास प्रवर्धन पुस्तिका, प्रारम्भिक बालविकासका लागि सङ्घीय सांसदहरूको सहकार्य समन्वय समूह र सेतोगुराँस, २०७६
- पूर्वबाल्यावस्थाको विकास, २०६४ मुकुन्दप्रसाद भण्डारी, ज्ञानकुञ्ज प्रकाशन, काठमाडौं
- प्रशासन, २०७५, मङ्सीर, भुवन ज्ञवाली, संस्कृति, संस्कृतिलाई प्रभाव पार्ने तत्व र सांस्कृतिक विविधता व्यवस्थापन
- प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको पाठ्यक्रममा आधारित बालगीत सङ्ग्रह, २०७३ (दोस्रो संस्करण), सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा
- प्रारम्भिक बालविकास दिग्दर्शन, २०६२, शिक्षा विभाग, सानोठिमी, भक्तपुर
- प्रारम्भिक बालविकास सन्देश, २०७२, शिक्षा विभाग, सानोठिमी, भक्तपुर
- प्रारम्भिक बालविकास शिक्षा तालिम तथा शिक्षक स्रोत सामग्री, २०७४, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुर
- प्रारम्भिक बालशिक्षा पाठ्यक्रम, २०७४, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- प्रारम्भिक बालविकास केन्द्रको सहजकर्ता/शिक्षकको लागि सहजीकरण सहयोगी पुस्तिका, २०७० (प्रथम), सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा
- प्रारम्भिक बालविकास केन्द्रको सहजकर्ता/शिक्षकको लागि सहजीकरण सहयोगी पुस्तिका, २०७२ (दास्रो संस्करण), सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा
- प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको राष्ट्रिय न्यूनतम मापदण्ड, २०७७, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण, २०७६, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर
- बहुअपाङ्गता भएका बालबालिकाको शिक्षाका लागि अभिभावक सहयोगी पुस्तिका, शिक्षा विभाग, सानोठिमी भक्तपुर, २०७४

- लामिछाने, भरतप्रसाद (२०६३). संस्कृति र संस्कार, प्रथम संस्करण, अनुष्ठा प्रकाशन, वाराणसी
- शिक्षक पेसागत विकासको प्रारूप २०७२, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुर
- शिक्षक पेसागत विकास तालिम पाठ्यक्रम, २०७७, प्रारम्भिक बालविकास, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर
- स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकासका लागि योजना तर्जुमा कार्यशाला स्रोत सामग्री, २०७५, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं
- ४८ देखि ६० महिनाका बालबालिकाहरूको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, शिक्षा विभाग, सानोठिमी भक्तपुर, २०६९
- Berk E.Laura (2010) Child Development,PHI Learning Private Limited,New Delhi 2010
- NSW (2020) Brain development in young children at https://education.nsw.gov.au/early-childhood-education
- unicef (2017). Pacific Early Childhood Development Conference Moving Forward with Sustainable Development Goalsfor Early Childhood Denarau Island Nadi, Fiji, September 19-21, 2017)
- https://www.kidsworldfun.com/blog/extrovert-and-introvert-kids/
- www.google.com

# “जस्तो भोगाई उस्तै सिकाइ”

यदि एउटा शिशु आलोचनासँग जिउँछ भने
उसले अरूलाई दोष दिन सिक्दछ ।

यदि एउटा शिशु वैमनष्यतासँग जिउँछ भने
उसले वैरभाव राख्न सिक्दछ ।

यदि एउटा शिशुमाथि हाँसो गरिन्छ भने
उसले लाज मान्न सिक्दछ ।

यदि एउटा शिशुलाई प्रोत्साहन दिइन्छ भने
उसमा आत्मविश्वास बढ्दछ ।

यदि एउटा शिशु प्रशंसासँग जिउँछ भने
उसले अरूलाई महत्त्व दिन सिक्दछ ।

यदि एउटा शिशु सहिष्णुतासँग जिउँछ भने
उसले धैर्य गर्न सिक्दछ ।

यदि एउटा शिशु भेदभाव विना जिउँछ भने
उसले न्याय गर्न सिक्दछ ।

यदि एउटा शिशु सुरक्षासँग जिउँछ भने
उसले विश्वास गर्न सिक्दछ ।

यदि एउटा शिशुलाई मित्रतापूर्वक स्वीकार गरिन्छ भने
उसले संसारमा प्रेमको अनुभव सिक्दछ ।

दोरोथी ल नोल्ते
(अनुवाद : अगाथा पाखिन थापा, संस्थापक
सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा)